# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १ | २०७७, वैशाख १-१५ | पूर्णाङ्क ६६७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री विकाश कुमार रजक
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १ |
| इजलास नं. १ | ६ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | १२ |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | ५ |
| जम्मा | ६० |

| | |
|---|---|
| इजलास नं. ११ | ५ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | ७ |
| इजलास नं. १६ | ४ |
| जम्मा | १९ |

**कूल जम्मा ६० + १९ = ७९**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, वैशाख – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – २** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रमोद महतो नुनियासमेत | १ |
| **इजलास नं. १** | | | **२ – ६** |
| २. | परमादेश | जयपाली कनोजिया वि. नापी कार्यालय, बाँके | २ |
| ३. | उत्प्रेषण | भिखनी देवी यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, सप्तरी राजविराज | २ |
| ४. | गैंडा मारी खाग बिक्री व्यवसाय | नेपाल सरकार वि. दिलबहादुर गुरूङ | ३ |
| ५. | उत्प्रेषण / परमादेश | यशोदा नकर्मी वि. शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरसमेत | ४ |
| ६. | वैदेशिक रोजगार | टिकाकुमारी थापा वि. नेपाल सरकार | ५ |
| **इजलास नं. २** | | | **६ – १०** |
| ७. | बन्दी प्रत्यक्षीकरण | पदम राईसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६ |
| ८. | उत्प्रेषण / परमादेश | शिव मादेनसनत कुमार शर्मा वि. पुनरावेदन अदालत पाटनसमेत | ७ |
| ९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. जनकबहादुर तामाङसमेत | ७ |
| १०. | परमादेश | दिनेश चौधरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्सालसमेत | ७ |
| ११. | परमादेश | राजेश्वरप्रसाद (फुयाल) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | ८ |
| १२. | बन्दी प्रत्यक्षीकरण | खड्कबहादुर विश्वकर्मा "प्रकाण्ड" समेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ९ |
| १३. | परमादेश | ईश्वरबहादुर निरौला वि. सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोकसमेत | ९ |
| **इजलास नं. ३** | | | **१० – १६** |
| १४. | अंश चलन | हाजी खलिल मियाँसमेत वि. कवरून खातुन | १० |
| १५. | अंश हक कायम चलन | ज्ञानकुमारी भट्टराई वि. रमेश भट्टराई | ११ |
| १६. | लिखत बदरतर्फ कायम दर्ता | इन्द्रप्रसाद श्रेष्ठ वि. दुर्गाप्रसाद अधिकारीसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १७. | उत्प्रेषण / परमादेश | छरानी थरूनीसमेत वि. घनश्याम थारू (चौधरी) समेत | १२ |
| १८. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | महाजन सिंह कुँवर वि. नेपाल सरकार | १४ |
| १९. | उत्प्रेषण / परमादेश | मञ्जुकुमारी भट्टराई वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १५ |
| **इजलास नं. ४** | | | १६ – २३ |
| २०. | मोहीनाम सारी | पाँचौ धामी थारू वि. रामदेव चौधरी थारू | १६ |
| २१. | जग्गा खिचोला | केशवपुरी यादवसमेत वि. आविदा खातुन | १७ |
| २२. | मोही दर्ता प्रमाणपत्र | हरिप्रसाद चौधरी थारू वि. रामदेव चौधरी | १७ |
| २३. | उत्प्रेषण | गान्ही अहिर वि. जिल्ला मालपोत कार्यालय, कपिलवस्तुसमेत | १८ |
| २४. | उत्प्रेषण | बुद्धिबहादुर वि.सी. वि. निजामती किताबखाना, पुल्चोकसमेत | १८ |
| २५. | कर्तव्य ज्यान | नविन लम्साल वि. नेपाल सरकार | १९ |
| २६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. विजय तामाङ (गुरूङ) समेत | २० |
| २७. | उत्प्रेषण | रविन्द्र यादव वि. शिक्षा सेवा आयोग, सानोठिमीसमेत | २१ |
| २८. | उत्प्रेषण | घनश्याम पाण्डेय वि. शिक्षा सेवा आयोग, सानोठिमीसमेत | २१ |
| २९. | लिखत बदर | तुलसी सुवेदी वि. नेत्रबहादुर सिंह | २२ |
| ३०. | जग्गा खिचोला | संगिता अग्रवाल वि. विष्णादेवी भट्टसमेत | २३ |
| **इजलास नं. ५** | | | २३ – ३० |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नथुनी यादवसमेत | २३ |
| ३२. | जबरजस्ती करणी | केशर थापा वि. नेपाल सरकार | २६ |
| ३३. | लागु औषध चरेश | नेपाल सरकार वि. नरबहादुर बुढाथोकी | २७ |
| ३४. | बन्दी प्रत्यक्षीकरण | निरजरा घिमिरे वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | २८ |
| ३५. | मालवस्तुको वर्गीकरण / बढी भन्सार | अच्युतप्रसाद शिवाकोटी वि. रविन लामा | २८ |
| ३६. | ठगी | महेश महतो थारू वि. नेपाल सरकार | २९ |

| | | | |
|---|---|---|---|
| ३७. | उत्प्रेषण | डिल्लीराम धामीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३० |
| **इजलास नं. ६** | | | **३० – ३४** |
| ३८. | कर्तव्य ज्यान | अहमद अन्सारी वि. नेपाल सरकार | ३० |
| ३९. | मिलापत्र लिखत, दर्ता बदर, खिचोला मेटाई हक कायम गरिपाउँ | बासुदेव पाध्या वि. हिरादेवी पौडेलसमेत | ३२ |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मानजित राईसमेत | ३२ |
| ४१. | जग्गा खिचोला पर्खाल हटाई चलन | दिनेशप्रसाद साह वि. सुनिल जालान | ३३ |
| **इजलास नं. ८** | | | **३४ – ४०** |
| ४२. | कर्तव्य ज्यान | रामचन्द्र के.सी. वि. नेपाल सरकार | ३४ |
| ४३. | बिना इजाजत जडिबुटी ओसार पसार गरेको | सिंहबहादुर शाही वि. नेपाल सरकार | ३६ |
| ४४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. जीवन तामाङसमेत | ३७ |
| ४५. | लागु औषध चरेश | नेपाल सरकार वि. कर्मा गुरूङ | ३७ |
| ४६. | बकसपत्र लिखत दर्ता बदर दर्ता कायम | श्यामप्रसाद घिमिरे वि. मिना घिमिरे निरौला | ३८ |
| ४७. | जग्गा खिचोला चलन | महेश बस्नेत वि. यज्ञप्रताप राणा | ३९ |
| ४८. | धर्मपुत्र लिखत बदर | केशवप्रसाद दाहालसमेत वि. मिरूवती गडेरी | ३९ |
| **इजलास नं. ९** | | | **४० – ४४** |
| ४९. | जबरजस्ती करणी उद्योग | रविन्द्र बुढाथोकी वि. नेपाल सरकार | ४० |
| ५०. | सालकको कत्ला (आखेटोपहार) ओसार पसार | जु जियाङवा वि. नेपाल सरकार | ४१ |
| ५१. | निषेधाज्ञा | ओपिन्द्र महतोसमेत वि. हरिप्रसाद भट्टराई | ४२ |
| ५२. | निषेधाज्ञा र उत्प्रेषण | काशी अहिरसमेत वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत | ४३ |
| ५३. | निषेधाज्ञा | शिशिर नाहटासमेत वि. गोविन्दलाल संघाई | ४३ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ११** | | | **४४ – ४६** |
| **५४.** | बन्दी प्रत्यक्षीकरण | मोहम्मद मुन्ना वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत | **४४** |
| **५५.** | बन्दी प्रत्यक्षीकरण | मोहन माया कार्की वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | **४५** |
| **५६.** | बन्दी प्रत्यक्षीकरण | रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | **४५** |
| **इजलास नं. १२** | | | **४६ – ५०** |
| **५७.** | दर्ता बदर दर्ता | मुडारी यादव वि. रामरेख यादवसमेत | **४६** |
| **५८.** | कर्तव्य ज्यान | अविरण महतोसमेत वि. नेपाल सरकार | **४७** |
| **इजलास नं. १३** | | | **५० – ५६** |
| **५९.** | लागु औषध (खरि हेरोइन) | नेपाल सरकार वि. पासाङ दोर्जे शेर्पा | **५०** |
| **६०.** | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. मानबहादुर सुनारसमेत | **५१** |
| **६१.** | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. बसन्तकुमार खड्का | **५२** |
| **६२.** | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. रामके भन्ने रामकुमार राई | **५३** |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार चेम्जोङ | **५४** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. विकास राय | **५५** |
| **इजलास नं. १६** | | | **५६ – ६०** |
| **६५.** | सरकारी कागज किर्ते | विनोद कर्ण वि. नेपाल सरकार | **५६** |
| **६६.** | जबरजस्ती करणी | नेपाल सरकार वि. साजन गुरूङसमेत | **५७** |
| **६७.** | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. धनबहादुर सुनार | **५७** |
| **६८.** | लागु औषध (खरि हेरोइन) | नेपाल सरकार वि. तिलकबहादुर खड्का | **५८** |

## संयुक्त इजलास

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी,** ०७२-CR-०२५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रमोद महतो नुनियासमेत*

पुनरावेदक प्रतिवादी अजय यादवले मृतकलाई कुटपिट गर्दासमेत मृतकको मृत्यु भएको वारदातलाई मनसायपूर्वक योजना बनाई कर्तव्य गरेको मान्नु कानूनसम्मत हुँदैन । कानूनमा व्यवस्था भएबमोजिम नै कानूनको प्रयोग गर्नु नै वास्तविक विधायिकी मनसायअनुरूपको कार्य हुने हुँदासमेतका आधार र कारणबाट पुनरावेदन अदालत विराटनगरले पुनरावेदक प्रतिवादी अजय यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ नं. को देहाय १ बमोजिम सजाय गरेको मिति २०७१।९।२ को फैसला मिलेको देखिएन । तसर्थ पुनरावेदक प्रतिवादी अजय यादवको हकमा उक्त मितिको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादीलाई ऐ. महलको ६ नं. को देहाय ४ बमोजिम २ वर्ष कैद सजाय र रू.५,००।– जरिवाना हुने ।

सुरू अदालतले प्रत्यर्थी प्रतिवादीहरू प्रमोद महतो नुनिया, विजय तामाङ, सत्यनारायण महतो, गोपाल, रमेश महतोलाई मिति २०६९।८।१९ मा एवं बल्का भन्ने अनिल यादव, बसन्त मण्डल, श्रीलाल भन्ने श्रीप्रसाद महतो र मोहमद रहमतलाई सुरू अदालतले मिति २०७०।११।२० मा सफाइ दिएको फैसला पुनरावेदन अदालत विराटनगरबाट क्रमशः मिति २०७१।११।२९ मा र मिति २०७१।११।२९ मा सदर भएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुर गरेको प्रमाण पुऱ्याउने भार पुनरावेदक वादी नेपाल सरकारको हो । तदनुरूप हेर्दा मुन्ना स्वर्णकारको मृत्यु भएको तथ्यमा विवाद छैन । उक्त मृत्युमा प्रत्यर्थी प्रतिवादीहरूको पुनरावेदक प्रतिवादीहरूको पुनरावेदक प्रतिवादी अजय यादवसरहकै भूमिका र संलग्नता रहेको कुरा पुनरावेदक वादी नेपाल सरकारले प्रमाण पुऱ्याई पुष्टि गर्न सकेको नदेखिने ।

कुनै व्यक्तिउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । अभियोग दाबी पुष्टि पनि गर्नु पर्ने हुन्छ । मौकामा प्रत्यर्थी प्रतिवादीमध्येका प्रमोद महतो नुनिया र पुनरावेदक प्रतिवादी अजय यादवले वारदातमा प्रत्यर्थी प्रतिवादीहरूको समेत भूमिका र संलग्नता थियो भनी बयान गरेको भए पनि वादी नेपाल सरकारले प्रत्यर्थी प्रतिवादीहरूको भूमिका र संलग्नता रहेको कुरा पुष्टि गर्न सकेको देखिँदैन । जाहेरवाला, घटना विवरण कागज, वस्तुस्थिति मुचुल्काका मानिसहरूले पनि प्रत्यर्थी प्रतिवादीहरूको संलग्नता रहको भनी बकपत्र गर्नसकेको देखिँदैन । मृतकको टाउकोमा चोटपटक लागेको देखिए पनि प्रत्यर्थी प्रतिवादीहरूले गरेको प्रहारबाट त्यो चोट लागेको देखिएको छैन । पुनरावेदक प्रतिवादी अजय यादवको प्रहारबाट चोट पटक लागेको कुरा निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट देखिन्छ । त्यसरी चोट पटक प्रहार गर्नेलाई २ वर्ष कैद सजाय र रू.५००।– जरिवाना भएको सम्बन्धमा माथि विवेचना भइसकेकोसमेतका आधार र कारणबाट पुनरावेदन अदालत विराटनगरको मिति २०७१।९।२ र मिति २०७१।११।२९ को फैसला अन्यथा नदेखिने ।

अतः माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी अजय यादवलाई पुनरावेदन अदालत विराटनगरले मिति २०७१।९।२ मा कसुरदार ठहर गरेको फैसला सो हदसम्म केही उल्टी भई निजलाई २ वर्ष कैद सजाय र रू. ५,००।– जरिवाना हुने ठहर्छ । प्रतिवादीहरू प्रमोद महतो नुनिया, गोपाल महतो, सत्यनारायण महतो, विजय तामाङ एवं रमेश महतोलाई मिति २०७१।९।२ सफाइ दिएको फैसला सो हदसम्म सदर हुने ठहर्छ । त्यसैगरी बल्का भन्ने अनिल यादव, बसन्त मण्डल, मोहम्मद रहमत र

श्रीलाल भन्ने श्रीप्रसाद महतोलाई मिति २०७१।११।९ मा सफाइ दिएको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः भिमबहादुर निरौला
इति संवत् २०७४ साल मार्ग २६ गते रोज ३ शुभम्।

## इजलास नं. १

### १

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०२७४, परमादेश, *जयपाली कनोजिया वि. नापी कार्यालय, बाँके*

मेरै बुबाले खरिद गरी लिएको आफ्नो स्ववासी जग्गा भएकोले भुल सुधार गरी आफ्ना नाममा दर्ता गरिपाउँ भनी नापी कार्यालयसमक्ष निवेदन दिने यी पुनरावेदकको उक्त जग्गामा निर्विवाद हकभोग रहेको देखिँदैन भने उक्त विवादित जग्गा हालसम्म विधिवत् रूपमा व्यक्तिका नाममा दर्ता पनि भइसकेको अवस्था नदेखिएकोले दर्ता स्रेस्ता कायम भएका बखत कानूनबमोजिम हुन सक्ने नै देखिने।

निवेदकले दिएको निवेदनउपर निर्णय हुन प्रस्तुत पुनरावेदन पत्रमा उल्लेख गरिएका प्रत्यर्थीहरूले आवश्यक काम कारबाही नगरेबाट नभई उपर्युक्त ऐनबमोजिम नेपाल सरकारबाट निवेदनमा उल्लेख गरिएको प्रकृतिका जग्गाका सम्बन्धमा निर्णय गर्ने गरी बाँके जिल्लाको हकमा हालसम्म कुनै अधिकारी नतोकिएको वा समिति गठन नभएको अवस्थामा प्रत्यर्थीहरूले प्रस्तुत पुनरावेदन मागबमोजिमको काम कारबाही अघि बढाउन सक्ने अवस्था नदेखिने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा प्रस्तुत मुद्दामा पुनरावेदन मागबमोजिम प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा निवेदन बेहोराबमोजिम विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।८।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सुभाशचन्द्र दाहाल
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

### २

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-११६१, उत्प्रेषण, *भिखनी देवी यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, सप्तरी राजविराज*

मुद्दाको काम कारबाहीका क्रममा भएको अन्तरकालीन आदेश बेरितको भएको वा हदम्यादको प्रश्न उठेको अवस्थामा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनमार्फत उपयुक्त निकास दिने गरिएकोमा प्रस्तुत निवेदनमा उठाइएको सवाल मुद्दाको काम कारबाहीका क्रममा भएको अन्तरकालीन आदेशउपरको नभई भूमिसुधार कार्यालयले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमको कारबाहीमा मोहीको लगत नै कट्टा हुने गरी गरिएको अन्तिम निर्णयउपरको सवालमा मुलुकी ऐन, अ.बं. १७ नं.बमोजिमको निवेदन उच्च अदालतमा दायर गरेको देखिन आउने।

भूमिसम्बन्धी ऐनको व्यवस्थाबमोजिम भूमि सुधार कार्यालयले गरेको अन्तिम निर्णयउपर उच्च अदालतमा पुनरावेदन गर्नु पर्नेमा उक्त कार्यालयले गरेको अन्तिम निर्णयलाई पनि मुद्दामा भएको अन्तरकालीन आदेशसरह ठानी मुलुकी ऐन, अ.बं १७ नं. बमोजिम उच्च अदालतमा दिएको निवेदन कानूनद्वारा निर्धारित प्रक्रिया अवलम्बन गरी दिएको निवेदन हो भन्न मिल्ने देखिन नआउने।

अत: मोही लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालयले गरेको निर्णयउपर मुलुकी ऐन, अ.बं १७ नं. बमोजिम निवेदन दिएको देखिँदा अन्तिम भएको निर्णयउपर पुनरावेदन दिनु पर्ने वा अन्य वैकल्पिक

उपचारतर्फ जानु पर्नेमा भूमि सुधार कार्यालयबाट मोही लगत कट्टा गर्ने गरी भएको निर्णयउपर मुलुकी ऐन, अ.बं १७ नं. को रोहबाट हेरिने विषय नभएको हुँदा प्रस्तुत निवेदनमा उच्च अदालत राजविराज इजलासबाट भएको मिति २०७३।११।१९ को आदेश गैरकानूनी मान्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७३-CI-०२१३, निषेधाज्ञा, *भिखनीदेवी यादव वि. राजकिशोर साहसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१२४७, ०६८-CR-१२७७ र ०६९-CR-००२९, गैंडा मारी खाग बिक्री व्यवसाय, *नेपाल सरकार वि. दिलबहादुर गुरूङ, दिलबहादुर गुरूङ वि. नेपाल सरकार र हरिबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादी गैंडा मार्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको भनी अभियोग दाबी रहेको पाइँदैन। अनुसन्धान अधिकारीसमक्ष सहप्रतिवादी सानो तामाङ भन्ने सुरेन्द्र सिन्दनले गरेको बयानमा २०६२ साल असार / श्रावणतिर एक भाले गैंडा र २०६२ पौषमा एक पोथी गैंडा मारी खाग निकाली ग्याल्बो गुरूङलाई रू.४,२५,०००।- मा बिक्री गरेको बेहोरा पोल गरी बयान गरेको देखिन आउँछ। त्यस्तै अर्का सहप्रतिवादी विरबहादुर कुमालले सानो तामाङ भन्ने सुरेन्द्र सिन्दनले गरेको बयानका बेहोरामा सहमति जनाउँदै उक्त खाग ग्याल्बो गुरूङलाई बेची सोबापत सानो तामाङले आफूलाई रू.२०,०००।- दिएको तथ्य स्वीकार गरी ग्याल्बो गुरूङलाई खाग बिक्री गरेको तथ्यको पुष्टि गरेको देखिन आउँछ । आरोपित प्रतिवादी ग्याल्बो गुरूङले उल्लिखित सहप्रतिवादीहरूको पोल उजुरमा इन्कार रही बयान गरे तापनि सानो तामाङ भनिने सुरेन्द्र सिन्दनसँग चिनजान र आर्थिक कारोबार रही आफूले सापटी दिएको रू.५०,०००।- फिर्ता माग्दा नदिएको रिसइवीले आफूलाई पोलेको कुरा उल्लेख गरी बयान गरे तापनि निजले सापटी दिएको तथ्यलाई पुष्टि गर्ने अन्य थप प्रमाण पेस गर्नसकेको नदेखिँदा खाग किन्नेसम्मको कसुरमा यी प्रतिवादीको संलग्नता रहेको तथ्य स्पष्ट भएको पाइने। मिसिल संलग्न मृत गैंडाको घटनास्थल प्रकृति मुचुल्का, शिवनारायण साहको जाहेरी प्रतिवेदन, सहप्रतिवादीहरू सानो तामाङ भन्ने सुरेन्द्र सिन्दन, विरबहादुर कुमाल र यिनै प्रतिवादीसमेतको चितवन राष्ट्रिय निकुञ्ज, कार्यालयका प्रमुख संरक्षण अधिकृतसमक्ष गरेको बयानसमेतको आधारमा यी प्रतिवादीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुर गरेको तथ्यमा विवाद नरहने। सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले १० वर्ष कैद र रू.५०,०००।- जरिवानाको सजाय गरेकोमा कसुरको प्रकृति हेरी हदैसम्म सजाय गर्न नपर्ने भनी पुनरावेदन अदालतले कैदको हकमा ५ वर्ष ९ महिना र जरिवानाको हकमा सुरूले गरेको सदर हुने भनी गरेको फैसला अन्यथा नदेखिने।

कसुरको मात्राको अनुपातमा सजाय गर्नु नै न्यायको उद्देश्य रहेको हुन्छ । कसुरको मात्राको अनुपातमा सजाय नगरी हदैसम्म सजाय गर्दा दण्डनीतिको उद्देश्य पूरा हुन नसक्ने हुँदा कसुरको मात्रा र सजायबिच सामान्जस्यता हुनु जरूरी हुन्छ। पहिलो पटकका कसुरदार र पटके कसुरदारलाई हदैसम्म सजाय गर्न न्यायोचित नहुनुका साथै कानूनको उद्देश्यअनुरूप समेत हुन सक्दैन। यसर्थ स्वविवेकीय अधिकार प्रयोग गरी सजाय गर्दा कसुरदारले निर्वाह गरेको भूमिकालाई दृष्टिगत गरी गरिनु जरूरी हुन जाने।

तजबिजी अधिकारको प्रयोग गर्दा आरोपित

व्यक्तिले गरेको कसुरको मात्रा तथा गाम्भीर्य र कानूनले हुन सक्ने सजायको बिचमा उचित विश्लेषण र सन्तुलन कायम गर्नु नै कानून र न्यायको उद्देश्य रहेको हुने।

प्रतिवादी ग्याल्वो भन्ने दिलबहादुर गुरूङले गैंडालाई मार्ने, सोको खाग निकाल्ने, सोको बिक्री कार्यमा प्रत्यक्ष रूपमा संलग्न रहेको भन्ने आरोप देखिँदैन । अन्य प्रतिवादीले गैंडा मारिसकेपछि सो बिक्री गर्ने सन्दर्भमा आर्थिक लाभ लिनेसम्मको कार्यमा संलग्न रही कसुर गरेकोसम्म देखिन आउँछ। असमान कसुरको लागि समान सजाय निर्धारण गर्नु सजाय निर्धारण गर्ने तजबिजी अधिकारको दृष्टिले उपयुक्त हुन सक्दैन। त्यसैले कसुरबमोजिमको सजाय निर्धारण गर्दा अपराधको गाम्भीर्य र सोबाट पर्न सक्ने असरलाई समेत दृष्टिगत गरी सजायको मात्रा निर्धारण गर्नु सजाय निर्धारणसम्बन्धी सिद्धान्त तथा न्यायिक दृष्टिकोणले उपयुक्त हुन जाने । तसर्थ, उल्लिखित तथ्य, गरिएको विवेचना, प्रचलित कानूनी व्यवस्था, यस अदालतबाट प्रतिपादित उल्लिखित कानूनी सिद्धान्त तथा कसुरबमोजिमको सजाय निर्धारण गर्ने न्यायिक अभ्यासको दृष्टिले यी प्रतिवादीलाई चितवन राष्ट्रिय निकुञ्ज, कार्यालयका प्रमुख संरक्षण अधिकृतले कसुर कायम गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुरमा २६(१) बमोजिम गरेको सजाय केही उल्टी गरी ५ वर्ष ९ महिना कैद सजाय र रू.५०,०००।- जरिवाना गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिने।

प्रतिवादीले आरोपित कसुरमा इन्कारी बयान गरे पनि सहप्रतिवादीहरूले आरोपित कसुरमा आ-आफ्नो कसुर स्वीकार गरी यी प्रतिवादीलाई पोल गरी गरेको बयानलाई खण्डन हुने गरी कुनै ठोस प्रमाण पेस गरेको देखिँदैन। अत: मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, मृत गैंडाको परीक्षण प्रतिवेदनसमेतका प्रमाणलाई पुष्टि हुने गरी सहअभियुक्तहरूले किटानी बयान गरेको अवस्था र मिसिल संलग्न परिस्थितिजन्य प्रमाणको आधारबाट अभियोग दाबीबमोजिमको कसुर यी प्रतिवादी *हरिबहादुर वि.क.* ले गरेको पुष्टि हुन आउने।

तसर्थ, माथि विवेचित तथ्य, प्रचलित कानूनी व्यवस्थाको आधारमा पुनरावेदक प्रतिवादीमध्येका ग्याल्बो भन्ने दिलबहादुर गुरूङको हकमा निजले गरेको कसुरको मात्रासमेतलाई विचार गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुरमा सोही ऐनको दफा २६(१) बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवानाको सजाय गरेको मिति २०६७/५/१४ गते फैसला उल्टी गरी कैदको सजायको हकमा ५ वर्ष ९ महिना कैद सजाय हुने र जरिवानाको हकमा सुरू सदर हुने गरी र प्रतिवादी हरिबहादुर वि.क. लाई सोही ऐनको दफा २६(१) बमोजिम १५ वर्ष कैद र रू १,००,०००।- जरिवाना हुने ठहरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८/९/१९ को फैसला सदर हुने।

इजलास अधिकृतः- दुर्गाप्रसाद भट्टराई
कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०५८८, उत्प्रेषण / परमादेश, *यशोदा नकर्मी वि. शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरसमेत*

प्रत्येक शिक्षकले शैक्षिक सत्र समाप्त भएको मितिबाट ३० दिनभित्र आफू कार्यरत विद्यालयमा कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गर्नु पर्ने कर्तव्य रहेकोमा रिट निवेदिका यशोदा नकर्मीले कार्य सम्पादन मूल्याङ्कन फाराम समयमा नै भरी सम्बन्धित निकायमा पेस गरेको हुँदा रिट निवेदिकाले आफ्नो कर्तव्य वा जिम्मेवारी पूरा गरेकै देखिन्छ। सम्बन्धित शिक्षकले कार्य सम्पादन मूल्याङ्कन फाराम भरी

समयमा नै बुझाइसकेपछि त्यसपछिको चरणमा गर्नु पर्ने कार्य दर्तादेखि मूल्याङ्कन, अभिलेखीकरण र सम्बन्धित निकायमा पठाउने दायित्व सम्बन्धित निकाय वा पदाधिकारीमा नै रहने। निवेदिकाको कार्य सम्पादन मूल्याङ्कन फाराममा दर्ता नं. नजनाउने सम्बन्धित निकाय वा पदाधिकारीको कार्यको दुष्परिणाम रिट निवेदिकालाई वहन गराई निजको वृत्ति विकासमा अवरोध खडा गर्नु उचित र विवेकपूर्ण हुँदैन। रिट निवेदिकाको कार्य सम्पादन मूल्याङ्कनको अंक गणना गर्न अनुचित तवरबाट अस्वीकार गरेको परिणाम स्वरूप निज बढुवा हुनबाट वञ्चित भएको देखिएको र प्रस्तुत विवाद अदालतमा विचाराधीन रही रहेको अवस्थामा निवेदिकाले अवकाश प्राप्त गरेको देखिँदा सेवा निवृत्त भएको कारणबाट बढुवासम्बन्धी निजको दाबी खारेज गर्नु पर्दछ भन्नु न्यायोचित नदेखिँदा विपक्षी शिक्षक सेवा आयोगको लिखित जवाफ तथा विपक्षीतर्फका विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट निवेदिकाले २०६९ को का.स.मु. प्रस्तुत गरेको बेहोराको पुष्ट्याई भएकोमा का.स.मु. मा दर्ता नं. नलेख्नु अड्डाको गल्ती भएकोले अड्डाको गल्तीको दुष्परिणाम पक्षले भोग्न पर्ने भन्ने जिकिर कुनै पनि अर्थमा न्यायोचित मान्ने अवस्था नरहेबाट पाउनुपर्ने का.स.मु. बापतको अंक घटाई निज निवेदिकाको सट्टा सुलोचना श्रेष्ठलाई बढुवा गर्ने गरी भएको शिक्षक सेवा आयोगको मिति २०७२।९।३० को निर्णय मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। सो ठहर्नाले मिति २०७२।५।१८ को निर्णय कार्यान्वयन गर्नु गराउनु र हाल निवेदिकाले मिति २०७३।१।५ देखि लागू हुने गरी अनिवार्य अवकाश प्राप्त गरिसकेकोले निजले सो बढुवाको आधारमा प्राप्त गर्ने निवृत्तिभरणलगायतका अन्य सुविधा उपलब्ध गर्ने गराउने सम्बन्धमा कानूनबमोजिम गर्नु गराउनु भनी विपक्षी शिक्षक सेवा आयोगसमेतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : अनुपमा पन्त

इति संवत् २०७५ साल आषाढ १० गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-१२३८, वैदेशिक रोजगार, *टिकाकुमारी थापा वि. नेपाल सरकार*

जाहेरवालाले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष पेस गरेको कागज बेहोरामा साइप्रसको प्रतिष्ठित कम्पनीमा ब्युटिसियन पदमा तीन महिनाभित्रमा भिसा लगाई त्यहाँ भनेअनुसारको ब्युटिसियन काम लगाइदिने सर्तमा यी पुनरावेदक प्रतिवादी टिकाकुमारी थापाले नमिता देवबाट नौ लाख पचास हजार रूपैयाँ बुझिलिएको र सर्तअनुसारको काम लगाउन नसके सावाँ र ब्याजसमेत फिर्ता गर्ने बेहोरा उल्लेख गरी ल्याप्चे सहीछापसमेत गरेको देखिने।

लिखतमा लेखिएको कागज बेहोरा जाहेरवालाहरूले नै तयार गरेर आफूलाई झुक्याई, पढ्नसम्म नदिई सहीछाप गराएका हुन् भनी यी पुनरावेदक प्रतिवादीको जिकिर रहे पनि यसरी करकापमा कागज गराएको भए त्यसउपर सम्बन्धित निकायमा उजुरी गर्नु पर्नेमा उक्त लिखत तयार भएको लामो समयसम्म पनि त्यसउपर कुनै नालिस वा उजुरी गरेको देखिन आएन भने यी प्रतिवादी लिखत पढ्नै नसक्ने निरक्षर रहेको पनि नदेखिँदा यति ठुलो रकम लिनुदिनु गरेउपर खडा भएको लिखत नपढीकन सहीछाप गरिदिएको भन्ने पुनरावेदकको जिकिर पनि विश्वसनीय देखिएन। लिखत साक्षी तुल्सीप्रसाद देवले यी दुवै पक्षबिच रकम लिनुदिनु गरी राजीखुसीबाटै लिखत तयार भएको र सहीछाप पनि उहाँहरूकै हो भनी जाहेरी बेहोरा समर्थन हुने गरी बकपत्र गरेकोसमेतबाट

पुनरावेदक प्रतिवादीले लिएको जिकिर समर्थन हुन आउने।

जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिन नभई ढुकुटी खेलेबापतको कर्जा तिर्ने सन्दर्भको रकम लिनुदिनुसम्बन्धीको लिखत गरिदिएकी हुँ भनी पुनरावेदकले दाबी लिए पनि यसरी लिएको जिकिरलाई समर्थन गर्ने गरी अन्य कुनै प्रमाण पनि निजले प्रस्तुत गर्न सकेको अवस्था नदेखिने। रकम फिर्ता भइसकेतर्फ पुनरावेदकको कुनै जिकिर नभएको साथै उक्त मात्राको रकम अन्य प्रयोजनका लागि लिनुदिनु गरेको हो भन्ने तथ्य मिसिल संलग्न कागजातबाट खुल्न नसकेको अवस्थामा आफूलाई विदेश पठाउन भनी यी पुनरावेदकले रकम लिएको भन्ने जाहेरवाला नमिता देवले लिएको जिकिर स्थापित हुन आउने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा यी पुनरावेदक प्रतिवादी टिकाकुमारी थापाले विना इजाजत जाहेरवाला नमिता देवलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिई सर्तबमोजिम विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर र अपराध भएको देखिँदा प्रतिवादी टिकाकुमारी थापालाई ऐ. ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने साथै जाहेरवालाले अभियोगपत्रमा माग दाबी गरेबमोजिमको बिगो र हर्जानाबापतको जम्मा रू.१४,२५,०००।- (चौध लाख पच्चीस हजार रूपैयाँ) समेत प्रतिवादीबाट भराई पाउने ठहर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

## इजलास नं. २

### १

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री मीरा खडका**, ०७४-WH-०११६, बन्दीप्रत्यक्षीकरण, *पदम राईसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ बमोजिम तेस्रो पटक म्याद थप गरी अनुसन्धानका लागि कानूनबमोजिम प्रहरी हिरासतमा राखिएको भनी जिकिर लिएको देखिन्छ। तत् सम्बन्धमा विचार गर्दा केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ हेर्दा "यस ऐनअन्तर्गतको मुद्दा वारदात भएको सात दिनभित्र दायर गर्नुपर्ने छ। तर वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतिस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्ने छ" भन्ने व्यवस्था रहेकोमा प्रत्यर्थीहरू ऐनको व्यवस्थाबमोजिम ७ दिनभित्र मुद्दा दायर गरेको देखिँदैन भने मुद्दा दायर गर्न नसकिने मुनासिब माफिकको कारणसमेत म्याद थप गर्दाको अवस्थामा खुलाउन सकेको नदेखिने।

तसर्थ माथि विवेचित आधार कारण तथा प्रतिपादित नजिर सिद्धान्तको विपरीत निवेदकहरू पदम राई भरतबहादुर बम, धिरिन्द्रा उपाध्याय, केदार राई, शिव राई, रणबहादुर पुन मगरलाई थुनामा राखेको कार्य गैरकानूनी भएकोले प्रस्तुत मुद्दामा बाहेक अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए अविलम्ब थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल आषाढ २७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई**, ०७१-WO-१०४८, उत्प्रेषण / परमादेश, *शिव मादेनसनत कुमार शर्मा वि. पुनरावेदन अदालत पाटनसमेत*

काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१०।२३ मा पुन: नक्सा गर्नु भन्ने आदेश पुनरावेदन अदालत पाटनको मिति २०७२।०३।१० को आदेशबाट बदर गरिदिएको देखिन्छ । यसरी मुद्दाको रोहमा हस्तक्षेप गर्दा पुन: नक्सा हुन पाउने देखिएन । मिति २०७१।०५।१९ को नक्सा बदर गरी मिति २०७१।१०।२३ मा काठमाडौं जिल्ला अदालतले पुन: नाप नक्सा गर्नु भनी आदेश भएको हुँदा पुन: नाप नक्सा गर्दा खेरी पनि पक्षले आफ्नो कुरा भन्न पाउने अधिकार रहने नै हुन्छ तर त्यसरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।१० को आदेशबाट मुद्दाको रोहमा हस्तक्षेप हुन गएको हुँदा न्यायको सामान्य मार्गमा नै अवरोध खडा हुन आउने।

अत: पुनरावेदन अदालत पाटनको मिति २०७२।३।१० को आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CR-१६८८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. जनकबहादुर तामाङसमेत*

जाहेरवाला शान्ता राईलाई विदेश कुवेत पठाइदिने भनी प्रतिवादी जनकबहादुर तामाङले रू.४०,०००।- लिएको भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा प्रतिवादी जनक लामाले विदेश कुवेतमा पठाइदिने भनी ललाई फकाई रू.४०,०००।- लिएको भनी शान्ता राईको जाहेरी परे पनि जाहेरवालाले न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरी आफ्नो जाहेरी बेहोरालाई समर्थन र पुष्टि गर्न सकेको नदेखिने। अभियोजनपक्षबाट प्रतिवादीको कसुर पुष्टि गर्न स्वतन्त्र र यथार्थ प्रमाण पेस गर्न सकेको नदेखिँदा जाहेरी दरखास्त वा उजुरीलाई नै ठोस प्रमाणको रूपमा ग्रहण गरी कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुने हुँदा यस अदालतबाट विपक्षी झिकाउँदा लिइएको आधारसँग सहमत हुन सकिएन। प्रतिवादीले वैदेशिक रोजगार कसुर गरेको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा प्रतिवादीहरू जनकबहादुर तामाङ र दीपबहादुर खत्रीलाई आरोपित कसुरबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।८।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल जेष्ठ १७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७२-WO-०५५१, परमादेश, *दिनेश चौधरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्सालसमेत*

नेपालको संविधानले समावेशी राज्यको सुनिश्चितता गर्दै शिक्षामा समान अवसर र गुणस्तरीय शिक्षाको व्यवस्था गरिए तापनि संवैधानिक र कानूनी अधिकारको उपभोगको लागि सामाजिक-आर्थिक कारणले बहिष्करणमा परेका एवं पिछडिएको वर्ग र समुदायका विद्यार्थीहरूलाई भर्नामा प्राथमिकता दिएर मात्र पुग्ने देखिँदैन । त्यस्ता विपन्न एवं पछाडि परेका सीमान्तकृत विद्यार्थीहरूको क्षमता विकासको

आवश्यकतालाई नकार्न नसकिने हुँदा त्यस्ता विद्यार्थीहरूको क्षमता अभिवृद्धि गरी अन्य विद्यार्थीसरह सक्षम बनाई संविधानले लिएको समावेशी राज्यलाई सार्थक बनाई परिणाममा पहुँचको सुनिश्चितता गर्न राज्यले पहल कदमी गर्नुपर्ने देखिन्छ । समानता भनेको अवसरको समानता नभई पहुँच र नियन्त्रणको र परिणामको समानता हो । समावेशीताको सुनिश्चितता बाह्य नीति र कानूनले मात्र नपुग्ने भई सोको लागि नागरिकको आन्तरिक क्षमता विकासको आवश्यता पर्ने हुँदा सोको पहल राज्यले गर्नु पर्ने ।

अतः बञ्चितीमा परेका एवं पिछडा वर्गको उच्च शिक्षामा समान अवसर र पहुँचको सुनिश्चितताका लागि भर्नामा अवसर दिइएका विद्यार्थीहरूको प्रतिस्पर्धात्मक तरिकाले क्षमता विकासको आवश्यकता पर्ने हुँदा शिक्षाको अवसरको उपभोगको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नु, गराउनु भनी विपक्षी शिक्षा मन्त्रालयका नाममा निर्देशनात्मक आदेशसम्म जारी हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत्र ८ गते रोज ५ शुभम् ।

**५**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-WO-०७२५, परमादेश, *राजेश्वरप्रसाद (फुयाल) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार*

यसबाट सार्वजनिक संस्थान निर्देशन बोर्डका पदाधिकारीहरूमध्ये अध्यक्षको हकमा मात्र चाडपर्व खर्च दिने गरी निर्णय गरी सदस्यहरूको हकमा मुद्दा विचाराधीन रहेकै कारणले मात्र भनी विपक्षी नेपाल सरकारबाट निर्णय नगरिएको देखियो । उपर्युक्त निर्णयको बेहोराबाट एकातर्फ यी निवेदकहरूले चाडपर्व खर्च पाउनु पर्ने होइन भनी नेपाल सरकारले स्पष्ट भन्न नसकी सो सम्बन्धमा मुद्दा विचाराधीन रहेकै कारण निर्णय नगरेको देखिन्छ भने अर्कोतर्फ माथि विवेचित निवेदकहरूको हकमा आकर्षित हुने गठन आदेश, २०६८ अनुसार सार्वजनिक संस्थान निर्देशन बोर्डका निवेदकहरूसमेतका पदाधिकारीहरूको हकमा सेवा सुविधा समान रूपमा उपलब्ध गराउनुपर्ने नै देखिन्छ । यसबाट उक्त बोर्डका अध्यक्षले चाडपर्व खर्चको सुविधा पाइसकेको सन्दर्भमा सोही बोर्डका पदाधिकारी (सदस्य) रहेका निवेदकहरूले समेत चाडपर्व खर्च पाउनुपर्ने नै देखिने । निवेदकहरूको हकमा आकर्षित हुने तत्कालीन सार्वजनिक संस्थान बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ मा नै नेपाल सरकारले अन्य सुविधाबारे समय समयमा निर्णय गर्न सक्ने भन्ने व्यवस्था रहेको देखिँदा निवेदकहरूले चाडपर्व खर्चबाहेकका अन्य सुविधा पाइसकेकोले पुनः निर्णय गर्नु नपर्ने भनी रिट निवेदन खारेज हुनुपर्छ भन्ने विपक्षीको लिखित जवाफ जिकिर तथा अन्य सुविधासमेत पाउनुपर्छ भन्ने निवेदकहरूको निवेदन जिकिरसँग सहमत हुन सकिएन । तर सोही बोर्डका पदाधिकारीमध्ये अध्यक्षले चाडपर्व खर्च पाएको सन्दर्भमा निवेदकहरूले आफ्नो कार्यकालको अवधिसम्म प्रत्येक वर्ष एक आ.व. को लागि एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्चबापत पाउनुपर्छ भन्ने निवेदन दाबी सो हदसम्म पुग्ने देखिने ।

निवेदकहरू नियुक्त हुँदा प्रचलित सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ को दफा ८ को उपदफा (३) मा सार्वजनिक संस्थान निर्देशन बोर्डका पदाधिकारीहरूको सुविधा सम्बन्धमा नेपाल सरकारले समय समयमा तोकेबमोजिम हुने छ भन्ने व्यवस्था भएको र सोही व्यवस्थाअनुरूप सार्वजनिक संस्थान निर्देशन बोर्डका पदाधिकारीहरूमध्ये अध्यक्षको हकमा चाडपर्व खर्च उपलब्ध गराउने गरी नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७२।०४।२५ मा निर्णय भएको

देखिँदा सोही बोर्डका अन्य पदाधिकारी (सदस्य) निवेदकहरूको हकमा समेत निर्णय गरी निजहरूको कार्यकाल नियुक्ति मितिदेखि ४ वर्षको अवधिसम्म एक आ.व. को लागि एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्चबापत निवेदकहरूलाई उपलब्ध गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा सो हदसम्म परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विकाश कुमार रजक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ ४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.**, ०७५-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *खड्कबहादुर विश्वकर्मा "प्रकाण्ड" समेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक खड्गबहादुर विश्वकर्मा नेपाल कम्युनिष्ट पार्टीको स्थायी समिति सदस्य तथा प्रवक्तासमेत रहेको र निजसमेत पार्टीको हेटौंडामा आयोजित कार्यक्रम सम्पन्न गरी काठमाडौं फर्किदै गरेको अवस्थामा पक्राउ परेको देखिन्छ। निवेदकलाई राजनीतिक दल खोल्ने, नेपालको कुनै भूभागमा आवतजावत र बसोवास गर्ने, सम्मानपूर्वक बाँच्न पाउने हक संविधानद्वारा नै प्रदान गरिएको अवस्थामा उक्त गतिविधिहरू गर्ने स्वतन्त्रता रहने नै हुन्छ। विपक्षीहरूको लिखित जवाफबाट निवेदकहरूलाई गैरकानूनी थुनामा नराखिएको भनी जवाफ दिए तापनि निजहरूले निवेदकहरूले निवेदनमा उल्लेख गरेबमोजिम शारीरिक तथा मानसिक यातना दिएको, आफन्तजन तथा कानून व्यवसायीसँग भेट्न नदिएको, पक्राउ गर्नुपर्नाको कारणबारे जानकारी नदिएको, खाना पानी औषधिसमेत नदिएको तथा रातभर सुत्नसमेत नदिई आँखामा कालोपट्टी बाँधी घुमाइएको भन्ने विषयमा प्रस्ट जवाफ लिखित जवाफसाथ पेस गर्न सकेको नदेखिने।

पक्राउपश्चात् निवेदकहरूलाई चन्दा ऐन, २०३० अन्तर्गत अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट कानूनबमोजिम म्याद थप गरी थुनामा राखिएको भन्ने लिखित जवाफमा उल्लेख भएको देखिए पनि निज निवेदकहरूलाई पक्राउ गर्नुपूर्व निज निवेदकहरूका विरूद्धमा चन्दा ऐन, २०३० को कसुरजन्य कार्य गरेको भन्ने देखिने कुनै उजुरी, जाहेरी, प्रतिवेदन वा त्यस्तो कुनै वस्तुनिष्ठ प्रमाण लिखित जवाफसाथ विपक्षीहरूबाट पेस हुन सकेको पनि नदेखिने।

तसर्थ विना आधार र कारण निवेदकहरूको संविधान प्रदत्त मौलिक हकहरूमाथि अनुचित बन्देज लगाउने गरी पक्राउ गरी विपक्षीहरूले गैरकानूनी रूपमा निवेदकहरूलाई थुनामा राखेका देखिएको हुँदा उक्त थुना गैरकानूनी देखिई नेपालको संविधानको धारा १३३(३) मा भएको उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले **"बन्दीप्रत्यक्षीकरण परमादेश, उत्प्रेषण, प्रतिषेध अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने छ।"** भन्ने व्यवस्थाअनुरूप निवेदकहरू खड्गबहादुर विश्वकर्मा "प्रकाण्ड", हरिचन्द्र आचार्य र मनबहादुर श्रेष्ठलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदकहरूलाई आजै थुनामुक्त गर्नु भनी प्रत्यर्थीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: पाराश्वर कडेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ भदौ १ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७४-WO-०४६३, परमादेश,

*ईश्वरबहादुर निरौला वि. सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोकसमेत*

यसै लगाउको यिनै निवेदक र विपक्षी भएको ०७२-WO-००२० को निवेदनमा आज यसै इजलासबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालयको च.नं.२०११ मिति २०७१।१०।२६ को निर्णय पत्राचारलगायत सोसँग सम्बन्धित भए गरेका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर भई नियमानुसार पाउने सम्पूर्ण सुविधाहरू निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहरी आदेश भएकोले सोही आधार कारणबाट प्रस्तुत निवेदनमा पनि निजलाई तत्कालीन सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम भगौडा वा गैरहाजिर भई सेवाबाट हटाएको वा बर्खास्त गरिएको सशस्त्र प्रहरी पुनः सेवामा बहाली भएमा निजलाई भगौडा वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा नपाउने भन्ने आधारमा तलब भत्तासमेतका सम्पूर्ण सेवा सुविधा नदिने निर्णय भएको देखिने।

निवेदकलाई सेवाबाट हटाउने भनी गरेको मिति २०६३।१२।६ को निर्णय र सो निर्णयलाई सदर गर्ने मिति २०६४।२।२१ को निर्णय यस अदालतको मिति २०७०।१२।१० को आदेशले बदर भइसकेकोमा निज पुनर्बहाली भएपश्चात् सोही बढुवा भएको पदको तलब भत्ता र ग्रेडलगायत साबिकको जेष्ठतासमेत कायम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः शोभा पाठक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ आषाढ १७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-WO-००२०, उत्प्रेषण / परमादेश, *इश्वरबहादुर निरौला वि. सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोकसमेत*

## इजलास नं. ३

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-१६५३, अंश चलन, *हाजी खलिल मियाँसमेत वि. कवरून खातुन*

वादी कवरून खातुनले नातामा गरेको बयानमा प्रतिवादी हाजी खलिल मियाँ ससुरा, प्रतिवादीहरू इब्राहिम मियाँ, इसराइल मियाँ र रहमान मियाँ जेठाजुहरू र प्रतिवादी आजाद मियाँ आफ्नो पति भएको र निजसँग विवाह भई २०६९ साल फागुन ५ गते एक छोराको जन्म भएको भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीहरूले आफ्नो प्रतिउत्तर जिकिरबमोजिम नै वादी आफ्नो नाता सम्बन्धको मानिस नभएको र निजलाई वादी दाबीबमोजिम अंश दिनु पर्ने होइन भनी नातामा इन्कार गरी बयान गरेकोमा अ.बं.१३९ नं.बमोजिम बुझिएका समिम मन्सुरीले यी वादीसँग २०५९।१।५ गते विवाह भएकोमा मुस्लिम धर्मअनुसार तलाक दिइसकेको छु । प्रतिवादीहरूले अंश दिन नपरोस् भनी झुट्टा बयान गरेका हुन्, यी वादी कवरून प्रतिवादी आजाद मियाँकै श्रीमती हुन् भनी बयान गरिदिएको देखिने।

पुनरावेदन अदालत विराटनगरको २०७१।१०।११ को आदेशानुसार भएको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं.१३२६ मिति २०७२।२।१९ को पत्रसाथ संलग्न डि.एन.ए. परीक्षण प्रतिवेदनमा विवादित बच्चा र दाबी गरिएको बाबु आजाद मियाँको डि.एन.ए. प्रोफाइलमा समानता पाइयो भन्ने उल्लेख भएको देखिन्छ । यसप्रकार डि.एन.ए. परीक्षण प्रतिवेदन, बुझिएका समिम मन्सुरको बकपत्र र सर्जमिन मुचुल्कासमेतको प्रमाणबाट यी वादी कवरून खातुन, प्रतिवादी आजाद मियाँको श्रीमती भएको र अन्य प्रतिवादीहरूको बुहारी नाताको भएको कुरा पुष्टि

हुन आएको देखिँदा वादी कवरून खातुनसँग कुनै नाता सम्बन्ध छैन र निजलाई दाबीबमोजिम अंश दिनु पर्ने होइन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीहरूसँग प्रत्यर्थी वादीको श्रीमती / बुहारी नाता सम्बन्ध देखिएको अवस्थामा मुलुकी ऐन, अंशबन्डा महलको २०, २१, २२ र २३ नं.बमोजिम वादी प्रतिवादीहरू दुवै पक्षबाट सम्पत्तिको तायदाती माग गरी जे जो बुझ्नु पर्ने बुझी ठहर फैसला गर्नुपर्नेमा सुरू सुनसरी जिल्ला अदालतबाट सोअनुसार भए गरेको अवस्था नदेखिँदा पुनरावेदन अदालत विराटनगरबाट पुनः इन्साफको लागि मिसिल र तारेखमा रहेका पक्षहरूलाई हाजिर हुन सुरू सुनसरी जिल्ला अदालतमा पठाउने गरी भएको फैसला अन्यथा देखिन नआउने।

अतः विवेचित आधार कारणबाट सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७१।५।२३ मा भएको फैसला बदर गरी पुनः इन्साफको लागि मिसिलसमेत सुरू सुनसरी जिल्ला अदालतमा पठाउने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।१०।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मंसिर १ गते रोज ६ शुभम्।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०८६६, अंश हक कायम चलन, *ज्ञानकुमारी भट्टराई वि. रमेश भट्टराई*

वादी रमेश भट्टराई तथा प्रस्तुत मुद्दाकी प्रतिवादी ज्ञानुमाया भट्टराईसमेत ५ जना वादी भई पति / बाबु रेशमलाल भट्टराईलाई प्रतिवादी बनाई दायर गरेको २०६५ सालको दे.नं. १७५/३ को अंश मुद्दामा वादीहरूले ज्ञानकुमारीका नाम दर्ताको कि.नं. २४१, १३, १०१ र रेशमलालका नाम दर्ताको कि.नं. ११२८ को जग्गाहरूबाट ६ भागको ५ भाग अंश पाउने ठहरी तनहुँ जिल्ला अदालतबाट मिति २०६६।५।३० मा फैसला भई सो फैसला अन्तिम भएको देखियो। तत्पश्चात् मिति २०६८।९।२९ को पारित बन्डापत्रबाट प्रत्यर्थी वादी रमेश भट्टराईसमेतले रेशमलाल भट्टराईका नामको उक्त कि.नं. ११२८ को जग्गाबाट अंश भाग छुट्याई लिएको र कि.नं. २४१, १३, १०१ का जग्गाहरूबाट प्रत्यर्थी वादीले अंश भाग पाइसकेको अवस्था देखिन नआउने।

वादीले मिति २०६८।९।२९ को पारित बन्डापत्रबाट अंश पाई अंश मुद्दामा मिति २०६६।५।३० मा भएको फैसलाको कानूनी अस्तित्व समाप्त भइसकेको हुँदा वादीले पुनः अंश पाउने अवस्था छैन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, वादीले यी पुनरावेदिका प्रतिवादीका नामको कि.नं. २४१, १३ र १०१ तथा रेशमलालका नामको कि.नं. ११२८ का जग्गाहरूबाट अंश पाउने ठहरी फैसला भएकोमा यी पुनरावेदिकाले सो फैसलाउपर पुनरावेदन नगरी चित्त बुझाई बसी सो फैसला अन्तिम भएर बसेको देखिन्छ। वादीले उक्त मिति २०६८।९।२९ को पारित बन्डापत्रअनुसार कि.नं. ११२८ को जग्गाबाट मात्र अंश भाग पाएको देखिएको र कि.नं. २४१, १३ र १०१ का जग्गाबाट वादीले आफ्नो अंश भाग पाएको नदेखिएको अवस्थामा अन्तिम भएर बसेको अंश मुद्दाको फैसलाबाट उक्त जग्गाहरूमा स्थापित भएको वादीको अंश हक सो बन्डापत्रबाट समाप्त भएको भनी मान्न नमिल्ने र फैसलाबाट प्राप्त भएको हक समाप्त हुने भन्ने सम्बन्धमा बन्डापत्रमा कुनै त्यस्तो बेहोरा उल्लेख भएकोसमेत नदेखिने।

विवेचित आधार कारणबाट दाबीका कि.नं. २४१, १३ र १०१ समेतका जग्गाबाट वादीले अंश पाउने ठहरी तनहुँ जिल्ला अदालतबाट मिति २०६६।५।३० मा भएको अंश मुद्दाको फैसला अन्तिम

भएर बसेको र सो फैसलाबमोजिम उक्त जग्गाहरूबाट वादीले अंश पाएको नदेखिएको हुँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू तनहुँ जिल्ला अदालतको मिति २०७०।११।२५ को फैसला उल्टी गरी दाबीका उक्त कि.नं. २४१, १३ र १०१ का जग्गाको ६ भागको १ भागमा वादीको अंश हक कायम भई वादीले चलनसमेत चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७१।१२।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमिल्सिना

कम्प्युटर : मिनु शाही

इति संवत् २०७४ साल मंसिर १ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०६९-CI-०५८५, लिखत बदरतर्फ कायम दर्ता, *इन्द्रप्रसाद श्रेष्ठ वि. दुर्गाप्रसाद अधिकारीसमेत*

राजिनामा पास गरी लिएको कि.नं. ३४७७ र ३५४३ को जग्गाहरू पुनरावेदक प्रतिवादीले दाता खगेन्द्र अधिकारीको ज्ञानसीपबाट आर्जन गरेको आफूखुसी गर्न पाउने सम्पत्ति भएकोले वादीहरू प्रतिवादी खगेन्द्र अधिकारीको बाबु आमा र दाजुहरू रहेका तथा निजहरू एकासगोलमा अंशबन्डा नभएको नातापुस्ताका व्यक्तिहरू रहेको तथ्यलाई पुनरावेदक प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। प्रतिवादी इन्द्रप्रसाद श्रेष्ठले राजिनामा लिखत पास गरी लिएको जग्गाहरू प्रतिवादी खगेन्द्र अधिकारीको निजी आर्जनको सम्पत्ति हो भनी प्रमाणको रूपमा दाताले खरिद गरेका अन्य जग्गाहरूको राजिनामाको लिखतहरू पेस गरेको देखिए तापनि उक्त जग्गाहरू के, कुन स्रोतबाट आर्जन गरेको निजी सम्पत्ति हो भनी निजले वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गर्न सकेको देखिँदैन। सगोलका अंशियारले कुनै सम्पत्ति आफ्नो नाममा खरिद गरी प्राप्त गर्दैमा त्यस्तो सम्पत्ति आफ्नो के कुन स्रोतबाट खरिद गरेको निजी आर्जनको हो देखाउन नसकेको अवस्थामा सो सम्पत्ति निजको आफ्नो पालामा आर्जित भई अन्य अंशियारको हक नलाग्ने भनी भन्न मिल्दैन। तसर्थ जग्गाको प्रकृति, बाटो, निकाससमेतलाई मध्यनजर गरी जग्गाको तर्फ कायम गर्नुपर्ने अवस्था देखिँदा नरम गरम मिलाई तर्फ कायम गर्ने गरी दाबीको जग्गाहरू ५ भागको ४ भाग लिखत बदर गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणबाट विवादित कि.नं. ३४७७ र ३५४३ को जग्गामध्ये ५ भागको ४ भाग लिखत बदर गरी कि.नं. ३४७७ को पश्चिमतर्फबाट र ३५४३ को हकमा दक्षिणतर्फबाट लिखत बदर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।९।८ को फैसला केही उल्टी गरी जग्गाको प्रकृति, बाटो, निकाससमेतलाई मध्यनजर गरी नरम गरम मिलाई तर्फ कायम गर्ने गरी दाबीबमोजिम ५ भागको ४ भाग लिखत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।९।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मिनु शाही

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०२७६, उत्प्रेषण / परमादेश, *छरानी थरूनीसमेत वि. घनश्याम थारू (चौधरी) समेत*

मूल पुरूष पिता तथा पति सत्रुधन थारूका २ श्रीमतीमध्ये जेठी विपक्षी घनश्याम थारूकी आमा सोनमती र कान्छी फिरादीमध्येकी छरानी थरूनी भएको र जेठी सोनमतीको तर्फबाट १ मात्र छोरा विपक्षी घनश्याम थारू, कान्छी छरानीको तर्फबाट निवेदकहरू

क्रमशः केदारनाथ चौधरी, खेमनारायण चौधरी र गंगाप्रसाद चौधरी ३ जना छोराहरू भएकोमा विवाद भएन । विपक्षीमध्येकी मालतीदेवी विपक्षी घनश्याम थारूकी श्रीमती भएको र जेठी सोनमतीको पहिल्यै र पिता तथा पति सत्रुधन थारूको २०६३ सालमा आफ्नो कालगतीले स्वर्गीयवास भएकोमा विपक्षी घनश्याम थारू र निवेदकहरूसमेत ५ अंशियारा मात्र रहेकोमा विवाद नदेखिने ।

वादी प्रतिवादीका बाबु सत्रुधन थारूले मिति २०५२।१।२० गतेको बन्डापत्रबाट कि.नं. ४५३, ४५५, १४५ र १४७ बाट क्रमशः ०-१-४, ०-१-७, १-९-१०।२५ र ०-१६-८।७५ जग्गा अंशबापत प्राप्त गरेकोमा प्राप्त भएका जग्गामध्ये कि.नं. १७२ को ज.वि. १-९-१०।२५ र कि.नं. १७८ को ज.वि. ०-१६-८।७५ जग्गा प्रतिवादी घनश्याम थारूले र.नं. ७२५३ मिति २०५२।१२।३० गते अंश भरपाई लिखत गरी लिएको देखिन्छ । उल्लिखित अंश भरपाई गरिलिएको जग्गा विपक्षी घनश्याम थारूले पूरै आफ्नी श्रीमती मालतीदेवी थरूनीलाई र.नं. ९०२४ मिति २०५३।०२।०६ मा अंश भरपाई लिखत गरिदिएको देखियो । निवेदक र प्रतिवादीका बाबु एवं पति सत्रुधन थारूका नाउँमा प्राप्त भएका उल्लिखित जग्गाहरू पैतृक सम्पत्ति भएकोमा कसैको पनि विमति देखिँदैन । पैतृक सम्पत्तिमा अंशबन्डा नभएका सबै अंशियारहरूको बराबर हक लाग्ने कानूनी व्यवस्था रहेको देखिने ।

मुद्दामा सबुत प्रमाणको मूल्याङ्कन गरी माग दाबीबमोजिमको विषयमा विचार भई फैसला हुने अवस्था कायम नै रहेको छ । सोमा चित्त नबुझे वैकल्पिक उपचारको व्यवस्था विद्यमान देखिन्छ । तथापि अंश मुद्दामा अंशियारबिच रीतपूर्वकको अंशबन्डा भएको प्रमाण मिसिल सामेल नभएको अवस्थामा दुवै पक्षबाट बन्डा गर्नुपर्ने सम्पूर्ण चलअचल सम्पत्तिको तायदाती फाँटवारी माग गर्ने विषय एउटा प्रक्रियागत विषय हो । अंश पाउने दिने प्रयोजनका लागि सामान्यतः अंशबन्डाको २० नं. बमोजिमको अंश पाउन सक्ने देखिन आएपछि यो प्रक्रिया अपनाइन्छ । यो आदेश अन्तिम फैसला होइन । अन्तिम फैसला हुँदा अंश पाउने नपाउने, अंश पाउने भए क-कसबाट पाउने, कसैले पाएको, कसैले नपाएको भए वा क-कसबाट नपाउने, कुन कुन सम्पत्ति बन्डा लाग्ने भन्ने कुराको विश्लेषण हुन्छ र गर्नुपर्दछ । तायदाती माग गर्दैमा सो आदेश नै अन्तिम हुन्छ सो आदेशलाई फैसला गर्दा अनिवार्य रूपमा मान्नै पर्छ भन्ने नहुने । अदालतले आवश्यक प्रमाणको पुनः मूल्याङ्कन गर्न सक्ने नै हुन्छ । अदालतबाट फैसला भइसकेपछि पनि आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदनको अधिकार पक्षलाई सुरक्षित रहेको नै हुन्छ । यस्तो सुरक्षित वैकल्पिक अधिकार रहँदारहँदै तायदाती माग गरेको सुरू नवलपरासी जिल्ला अदालतको आदेशउपर विपक्षी / प्रतिवादी १७ नं. को निवेदन लिई पुनरावेदन अदालतमा प्रवेश गरेको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदन अदालत बुटवलले सुरू अदालतले तायदाती फाँटवारी माग गरेको आदेश सदर गर्नुपर्नेमा पुनरावेदनको रोहमा निर्णय गरे जस्तो गरी सुरू जिल्ला अदालतमा चलेको अंश मुद्दाको निर्णयमा प्रत्यक्ष असर पर्ने गरी आदेश गरेको देखिने ।

वादी छरानी थरूनीसमेत र विपक्षीहरूबिचमा रीतपूर्वक अंशबन्डा भएको भन्ने प्रमाण विपक्षीहरूले पेस गर्न सकेको देखिँदैन । बाबु सत्रुधन थारूको नाउँमा भएको पैतृक सम्पत्ति विपक्षीहरूकै नाउँ जिम्मा रहेको देखिन्छ । वादी प्रतिवादीबिच अंशबन्डा नभएको हुँदा अंश चलन मुद्दा निवेदक / वादीहरूले नवलपरासी जिल्ला अदालतमा दर्ता गरेकोमा उक्त मुद्दामा कारबाही हुँदा नवलपरासी जिल्ला अदालतबाट फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीहरूसँग तायदाती माग गर्ने आदेश भएकोमा सोउपर १७ नं. को निवेदन परी पुनरावेदन अदालत

बुटवलबाट कुनै लिखत प्रमाणबिना अघि नै छुट्टिएको भनी अनुमानको भरमा जिल्ला अदालतबाट तायदाती फाँटवारी माग गरेकोमा २०५२ सालमा अलग अलग बसेको भनी मुख मिलेको कुरातर्फ विचार नगरी फिराद परेको मिति २०६९।४।८ र मिति २०६९।१०।२ को अघिल्लो दिनलाई मानो छुट्टिएको भनी भएको आदेश कानूनअनुरूप नदेखिँदा बदर गरिदिएको छ भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।४।२९ गते सो तायदाती माग गर्ने आदेश बदर गरेको देखिने । माथिल्लो अदालतले तल्लो अदालतमा विचाराधीन अंश मुद्दासमेतलाई असर पार्ने गरी निवेदकलाई संविधानले प्रत्याभूत गरेको सम्पत्तिसम्बन्धी मौलिक हकमा कुण्ठित पार्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।४।२९ मा भएको आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९।१०।२ को आदेशबमोजिमको निवेदक / वादी र विपक्षी प्रतिवादीहरूको जिम्माको बन्डा लाग्ने सम्पत्तिको फाँटवारी लिई कानूनबमोजिमको जे जो बुझ्नुपर्छ बुझी निर्णय गर्नु भनी विपक्षीहरूमध्येको नवलपरासी जिल्ला अदालतसमेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल चैत्र १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०१०३, ०७२-CR-०१०३५७४ र ०७४-RC-००३०, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *महाजन सिंह कुँवर वि. नेपाल सरकार, नेपाल सरकार वि. महाजन सिंह कुँवर र नेपाल सरकार वि. इन्द्रबहादुर बमसमेत*

प्रतिवादी पुरनसिंह कार्कीले यार्सागुम्बा संकलन गरी मृतक तथा सहप्रतिवादीहरूसमेत घर फर्कने क्रममा मृतक देवसिंह कार्की भिरबाट लडेर तल खसेकोमा निजहरू मिलेर भिरबाट माथि ल्याई चाइमटेला नजिक पुगी सबैजना आराम गर्न बसेको बेला कोल्टे परी आराम गरी रहेका मृतक देवसिंह कार्कीलाई आफूले बणास (धारिलो हतियार) ले निजको गर्दनमा दुई पटक काटेको हुँ भनी कसुरमा साबित रही अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गरेको देखिन्छ । मृतकको घाँटीमा काटिएको चोट रहेको देखिएको भन्ने लास प्रकृति मुचुल्का तथा घाँटीमा काटिएको चोटबाट नै मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट निज प्रतिवादीको साबिती बयानलाई पुष्टि गरेको देखिने । मृतकसँग धेरै यार्सागुम्बा रहेको कारण निजलाई मारी ती यार्सागुम्बा आफूसमेतले लैजाने उद्देश्यले नै मृतकलाई पार्ने मनसायका साथ धारिलो हतियारले मृतकको घाँटीमा प्रहार गरेको कुरा प्रतिवादी स्वयंकै बयान तथा सहप्रतिवादीहरूको बयान बेहोराबाट समेत पुष्टि हुन आउने ।

अर्का प्रतिवादी इन्द्रबहादुर बमको हकमा साधकको रोहमा हेर्दा निजले सतगंगाको धारबाट चाइमटेलाको ओरालो हिँड्दा देवसिंहसँग धेरै यार्सागुम्बा छ यसलाई मार्नुपर्छ भनेको र चाइमटेला पुगी पाँचैजना आराम गरी बसेको बेला पुरनसिंह कार्कीलाई मार भनेपछि पुरनले आफ्नो झोलाबाट हँसिया निकाली देवसिंहको घाँटीमा प्रहार गरेको र सोही ठाउँमा रहेको ढुंगा उठाई आफूले समेत मृतकको टाउकोमा हान्दा खप्परसमेत फुटी तत्काल मृत्यु भएको हो भनी कसुरमा साबित भई बयान गरेको देखिने ।

प्रतिवादी महाजनसिंह कुँवरले पुनरावेदन पत्रमा आफू मृतकलाई मार्ने कार्यमा संलग्न नभई लास फाल्ने कार्यमा मात्र संलग्न भएको भनी उल्लेख गरेको पाइन्छ । निज स्वयं वारदातस्थल चाइमटेला जंगलमा मृतक तथा अरू प्रतिवादीहरू इन्द्रबहादुर बम, पुरनसिंह कार्कीसमेतको साथै रहेको कुरा निज तथा अन्य प्रतिवादीहरूको बयान बेहोरासमेतबाट

देखिन्छ । प्रतिवादीहरू इन्द्रबहादुर बम र पुरनसिंह कार्कीले मृतकमाथि हँसिया तथा ढुंगा प्रहार गरी मर्नेसम्मको कार्य गर्दा यी पुनरावेदक प्रतिवादीले मृतकलाई बचाउन कोसिस गरेको वा प्रतिवाद गरेको वा विरोध गरेको भनी भन्न सकेको पाइँदैन । मृतकको लास खोलामा फाली घटनास्थलमा आएपछि यार्सागुम्बा राखेको झोला आफूसँगै रहेको, मृतकको पर्स पनि आफूले लिएको र पछि खाना खाँदाको रकम तिर्दा मृतककै पर्सको रूपैयाँ खर्च गरेको हुँ भनी निजले अदालतमा गरेको बयानमा समेत उल्लेख गरेको अवस्था छ । उक्त घटनाक्रम, परिस्थितिजन्य प्रमाण तथा लास फाल्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता जस्ता आधार कारणबाट निजसमेतले मृतकबाट यार्सागुम्बासमेत जबरजस्ती चोरी गरी लिने खाने तथा मृतकलाई मार्ने कार्यमा पूर्णरूपमा असंलग्न रहेको मान्न नमिल्ने ।

प्रतिवादी महाजनसिंह कुँवरले मृतकको मनिपर्स लिएको र लास फाल्न सहयोग गरेको कुरालाई निज प्रतिवादी स्वयंले अदालतमा भएको बयानमा समेत स्वीकार गरेको अवस्था छ । प्रतिवादीको उक्त कार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. को कसुर मान्न मिल्ने नहुँदा त्यसतर्फको पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

दार्चुला जिल्ला अदालतबाट अभियोग मागदाबीबमोजिम प्रतिवादी पुरनसिंह कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादी इन्द्रबहादुर बम र महाजन सिंह कुँवरलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद हुने, प्रतिवादीहरू पुरनसिंह कार्की, महाजनसिंह कुँवर र इन्द्रबहादुर बमलाई मुलुकी ऐन चोरीको महलको महलको १४(२) नं.बमोजिम बिगो रू.४,८०,७२५।- को डेढी जरिवाना गरी जरिवानाबापत समेत कैद तथा १ महिना १५ दिन जनही कैदसमेत हुने र बिगो रू.४,८०,७२५।- प्रतिवादीहरूबाट मृतकका हकवालाले चोरीका १० र २१ नं.बमोजिम भरी लिन पाउनेसमेत ठहऱ्याई प्रतिवादी महाजनसिंह कुँवरको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १० वर्ष कैद हुन रायसमेत व्यक्त गरी फैसला भएकोमा पुनरावेदन अदालत महेन्द्रनगरबाट प्रतिवादी पुरनसिंह कार्की र इन्द्रबहादुर बमको हकमा साधक सदर हुने ठहऱ्याई मिति २०७१।११।११ मा भएको फैसला मिलेकै देखिँदा निजहरूको हकमा साधक सदर हुने । प्रतिवादी महाजनसिंह कुँवरको हकमा सुरु फैसला केही उल्टी भई निजलाई ज्यानसम्बन्धी महलको १७(२) नम्बरबमोजिम ५ वर्ष कैद हुने, निजको हकमा अरू पुनरावेदन जिकिर नपुग्ने ठहऱ्याएको हदसम्मको उक्त फैसलासमेत मनासिब देखिँदा निजको हकमा समेत उक्त मितिको फैसला सदर हुने ठहर्छ । प्रतिवादीहरू पुरनसिंह कार्की, महाजनसिंह कुँवर र इन्द्रबहादुर बमलाई मुलुकी ऐन चोरीको महलको महलको १४(२) नं.बमोजिम बिगो रू.४,८०,७२५।- को डेढी जरिवाना गरी जरिवानाबापत समेत कैद तथा १ महिना १५ दिन जनही कैदसमेत हुने र बिगो रू.४,८०,७२५।- प्रतिवादीहरूबाट मृतकका हकवालाले चोरीका १० र २१ नं.बमोजिम भरी लिन पाउनेसमेत ठहऱ्याई भएको फैसलासमेत सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७४ साल चैत्र ८ गते रोज ५ शुभम् ।

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०२६९, उत्प्रेषण / परमादेश, *मञ्जुकुमारी भट्टराई वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक मन्जुकुमारी भट्टराईलाई मिति २०६६।०२।१० मा शेषपछिको बकसपत्र लिखत गरिदिने निजकी आमा राधादेवी भट्टराईले मिति

२०५७।०७।२४ मा नै यी विपक्षी माधवप्रसाद भट्टराईलाई सोही बेहोराको लिखत गरिदिएको देखिएको र उक्त मिति २०५७।०७।२४ को लिखतलाई मुलुकी ऐन, दानबकसको २ नं.बमोजिम बदर गराएको समेत देखिएन । यी निवेदकले उक्त लिखतका सम्बन्धमा कहिँकतै चुनौती दिएकोसमेत नदेखिएको अवस्थामा निजलाई मिति २०६६।०२।१० मा गरिदिएको शेषपछिको बकसपत्र लिखत नै दोहोरो पारिदिए लिएको देखिन आयो। यस्तो अवस्थामा मिति २०५७।०७।२४ मा विपक्षी माधवप्रसाद भट्टराईलाई गरिदिएको लिखत नै जेठो लिखत रहेको देखिन आएकोले उक्त जेठो लिखतले मान्यता पाउन नसक्ने भन्न नमिल्ने हुँदा सोही जेठो लिखतले मान्यता पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।२३ मा भएको आदेश कानूनसम्मत रहेको देखिन आएको हुँदा उक्त आदेशबाट निवेदकको हकमा कुनै कानूनी तथा संवैधानिक हक अधिकारमा असर पुग्न गएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

तसर्थ विवेचित आधार, प्रमाणसमेतबाट विपक्षी काठमाडौं जिल्ला अदालतबाट "**शेषपछिको बकसपत्रको लिखतमध्ये दाताले पछिल्लो समयमा दिएको लिखतले कानूनी मान्यता पाउने**" भनी मिति २०७३।३।३१ मा भएको जिल्ला अदालतको आदेशलाई बदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०५।२३ मा भएको आदेश कानूनसम्मत रहेको देखिँदा **मिति २०७३।०५।२३ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी आफूलाई अंश मुद्दाबाट कायम भएको १ भाग अंशियार कायम गरिदिनु**" भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

**इजलास नं. ४**

**१**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०७१९, मोहीनाम सारी, *पाँचौ धामी थारू वि. रामदेव चौधरी थारू*

मिसिल संलग्न रहेको दाबीको जग्गाको फिल्डबुक उतार फारामको प्रतिलिपि हेर्दा जोताहाको महलमा रामचलित्र धामी थारू उल्लेख भएको र किसानको बेहोरामा यो जग्गा केशवर साह तेलीको नम्बरी हो भनी उल्लेख भएको देखिन्छ । त्यसैगरी जग्गाधनी दर्ता स्रेस्तामा जग्गाधनी रामदेव चौधरी थारू र मोहीको नाम थरमा रामचरित्र धामी भनी उल्लेख गरेको देखियो । फिल्डबुमा मोही उल्लेख भएको र फिल्डबुककै आधारमा जग्गाधनी प्रमाणपुर्जा तयार हुने हुँदा जग्गाधनी प्रमाण पत्रमा मोही उल्लेख हुनु स्वाभाविक नै देखिन्छ । जग्गाधनीले दाबीको जग्गा राजिनामा गरिलिएको लिखतमा जग्गाधनी आफैँले जोतभोग गरेको भनी उल्लेख गरेको देखिन्छ । यी पुनरावेदक वादीले दाबीको जग्गा भोग गरेको भन्ने कुनै प्रमाण पेस गर्न सकेको नदेखिने।

पुनरावेदकले भूमिसुधार कार्यालयमा रामदेव चौधरीलाई २०६७ सालको कुत भनी रू.७,४०६।– मिति २०६७।११।२६ मा भूमिसुधार कार्यालय सर्लाहीमा धरौटी राखेको देखिन्छ। प्रस्तुत मुद्दा सुरू भूमि सुधार कार्यालयमा मिति २०६७।१२।१० मा दायर भएको देखियो । यसरी मुद्दा गर्नुपर्ने भएपछि मात्र भूमिसुधार कार्यालयमा धरौटी राखेको अवस्था देखियो । मोही कायम हुनको लागि आवश्यक पर्ने मोहिले १ नं. लगत भरेको, २ नं. अनुसूची प्रकाशित भई ४ नं.जोताहा अस्थायी निस्सासमेत प्राप्त गरेको हुनुपर्नेमा ती कुनै पनि प्रमाण पुनरावेदनले दिन सकेको देखिँदैन । यस अवस्थामा फिल्डबुकमा सम्म मोही

उल्लेख भएको र सोही आधारमा तयार भएको जग्गा धनी प्रमाणपुर्जामा नाम अंकित भएकै कारण मोहीको हैसियतले खनजोत भोगचलन नै नगरेको दाबीको जग्गाको मोही वादीका पिता रहेको भनी मोही कायम गर्न न्यायोचित हुने नदेखिँदा सुरू कार्यालयबाट वादीलाई दाबीको कि.नं. ७६ को ०-१४-० जग्गाको मोही कायम गर्ने गरी गरेको निर्णयलाई बदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसलामा अन्यथा भएको नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट पुनरावेदन अदालत जनकपुरको मिति २०७०।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल फागुन १५ गते रोज ३ शुभम्।

### २

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०९३६, जग्गा खिचोला, *केशवपुरी यादवसमेत वि. आविदा खातुन*

पुनरावेदक प्रतिवादीले प्राप्त गरेको विवादको जग्गाको हकको स्रोत भनी दाबी लिएको घरसारको राजिनामाको लिखतको प्रतिलिपि हेर्दा दिने आविदा खातुन लिने केशवपुरी यादव भई खुदावागर गाउँ विकास समिति-४ को गाउँ ब्लकको १४८ मध्ये मेरो हकभोगमा रहेको बाबुराम तेली किसुन तेली सो दक्षिण, सडकको पश्चिम केशवपुरी यादव सो उत्तर, केशव पुरी यादव सोपूर्वको पूर्व पश्चिमको लम्बाई ७४ फुट, उत्तर दक्षिण चौडाई २९ फुट यति ४ किल्लाभित्र स्ववासी जग्गा मात्र घरसारमा राजिनामा गरिदिएको छ भनी २०५४।१२।२७ मा लिखत गरिदिएको देखिन्छ। उक्त लिखतबाट नै विवादित जग्गामा आफ्नो हक भएको र निरन्तर भोग रहेको भनी जिकिर लिएको देखियो । तर उक्त लिखत सम्बन्धित अड्डाबाट रजिस्ट्रेसन पारित भएको देखिएन। यसरी कानूनद्वारा तोकिएको प्रक्रिया पूरा नगरी तयार भएको लिखतको आधारमा अचल सम्पत्तिको रूपमा रहेको घरजग्गामा कसैको हक सिर्जना हुने अवस्था नहुने।

विवादित घरजग्गा पुनरावेदक प्रतिवादी केशवपुरी यादवको हकभोगको भन्ने देखिन नआएको र सो जग्गा अघिल्लो नक्साको न.नं. ४, ५, ६, ७ को घरजग्गादेखि उत्तरपट्टिको प्रत्यर्थी / वादी आविदा खातुनको हालको न.नं. ५ को जग्गामध्येकै देखिन आएको छ। यसरी घरखाली मुद्दामा भएको नक्साबाट देखिएको झगडा परेको जग्गा र प्रस्तुत मुद्दामा झगडा जनिएको घरजग्गा अलग अलग देखिन आएको छ । यी पुनरावेदकको विवादित जग्गामा हक पुग्ने स्रोत नदेखिएको साथै प्रत्यर्थी / वादी आविदा खातुनको न.नं. ५ भित्रकै जग्गा देखिन आएकोले यी पुनरावेदकको जिकिर नपुग्ने ठहऱ्याएको र वादीको दाबी पुग्ने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा भएको नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट वादीको दाबी पुग्ने ठहऱ्याई गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६८।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल फागुन १५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-CI-०९३६, जग्गा खिचोला, *केशवपुरी यादवसमेत वि. आविदा खातुनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-११२५, मोही दर्ता प्रमाणपत्र, *हरिप्रसाद चौधरी थारू वि. रामदेव चौधरी*

दाबीको कि.नं.३९ को जग्गा २०२७ सालमा नापी हुँदा फिल्डबुकमा जोताहाको महल खाली भई

मोही जनिएको छैन । कैफियतमा श्याम सुन्दरको नम्बरी हो भन्ने उल्लेख छ । यी पुनरावेदकले पेस गरेको २ नं. अनुसूची वडा नं. ९ मा प्रकाशित भएको छ । उक्त अनुसूचीमा मोहीको नाम रूपलाल चौधरी जग्गाधनी खुदो चौधरी वैश्य जग्गाको क्षेत्रफलमा ०-५-० उल्लेख भएको देखिन्छ । अतः अनुसूची २ मा उल्लिखित क्षेत्रफल र विवादित कि.नं.३९ को क्षेत्रफलसमेत एकआपसमा मिले भिडेको देखिँदैन । साथै फिल्डबुकमा श्याम सुन्दरलाई जग्गाधनी भनी जनिएको छ भने सो २ नं. अनुसूचीमा जग्गावाला खुदो वैश्य चौधरी भन्ने जनिई जग्गाधनीको नाउँ नै फरक छ। उक्त अनुसूचीमा जग्गाको क्षेत्रफल मात्र जनिई उक्त जग्गाको कित्ता नं. भने उल्लेख छैन । यो विवादित कि.नं. ३९ को जग्गा नै २ नं. अनुसूचीमा प्रकाशित जग्गा हो भन्ने मिसिल संलग्न प्रमाणबाट भिडेको पाइएन । साथै पुनरावेदकले भूमिसुधार कार्यालयमा राखेको कुत धरौटमा पनि कुन जग्गाको कुत धरौट राखेको हो भनी जग्गाको कि.नं. खुलाएकोसमेत देखिएको छैन । यसरी विवादित जग्गाको क्षेत्रफल र पुनरावेदकले पेस गरेको अनुसूची २ मा उल्लिखित क्षेत्रफल फरक परेको देखिएको, सो २ नं. अनुसूची दाबीको जग्गा रहेको वडाभन्दा फरक वडामा प्रकाशित भएको देखिएको, फिल्डबुकमा र अनुसूची २ मा उल्लिखित जग्गाधनी फरक देखिएको साथै अनुसूची २ मा दाबीको जग्गाको कित्ता नं.समेत उल्लेख भएको नदेखिएबाट मोही कायम गरी मोही प्रमाणपत्र पाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसलामा अन्यथा भएको नदेखिने ।

अतः माथि विवेचित आधार र कारणबाट निवेदन दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजले मिति २०७१।४।२० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : टेकनाथ गौतम

इति संवत् २०७४ साल फाल्गुण १५ गते रोज ३ शुभम् ।

**४**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-०९९४, उत्प्रेषण, *गान्ही अहिर वि. जिल्ला मालपोत कार्यालय, कपिलवस्तुसमेत*

निवेदकले विपक्षी विद्यालयको नाउँमा २०४८ सालमा नै दर्ता भएको जग्गाको विषयमा प्रस्तुत रिट निवेदन २०६७ सालमा दर्ता गरेको देखिन्छ । निवेदकले हक देखाएको प्रस्तुत निवेदनमा उल्लेख गरेको जग्गाको विषयमा निवेदकका दाजु अयोध्या अहिरले निर्णय बदर मुद्दा दायर गरी निर्णय बदर नहुने ठहरी तहतह फैसला भई यस अदालतबाट दोहोऱ्याई हेर्ने निस्सा प्रदान नहुने भनी २०६७।३।३० मा आदेश भएपश्चात पुन: यी निवेदकले प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । यी निवेदकले आफ्नु दाजु अयोध्या अहिरले प्रस्तुत निवेदनमा उल्लेख गरेको जग्गाको निर्णय बदरतर्फ कारबाही चलाएको मुद्दाको कुनै बेहोरा उल्लेख नगरी दाजु अयोध्या अहिरलाई समेत विपक्षी बनाइ दाजुको तर्फबाट गरेको मुद्दाको कारबाहीको तथ्य लुकाई प्रस्तुत निवेदन दर्ता गरेको देखिन्छ । नेपाल सरकारको तर्फबाट जग्गा अधिग्रहण गरी २०५८ सालबाटै विपक्षी विद्यालयको हकभोग स्वामित्वमा रहेको जग्गाको विषयमा निवेदकका दाजुले चलाएको मुद्दाको कारबाही उल्लेख नगरी २०६७ सालमा दायर गरेको प्रस्तुत रिट निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असोज २२ गते रोज १ शुभम् ।

**५**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०४५०, उत्प्रेषण, *बुद्धिबहादुर वि.सी. वि. निजामती किताबखाना,*

*पुल्चोकसमेत*

निवेदक मिति २०६९।२।२४ देखि नै उमेरको कारणले अनिवार्य अवकाशमा जानुपर्ने देखिएमा सोभन्दा अगावै विपक्षी कार्यालयबाट जानकारी दिएको नदेखिँदा विपक्षी निजामती किताबखाना तथा जिल्ला विकास समितिको कार्यालय डोल्पा आफ्नो कर्तव्यबाट विमुख भएको पाइयो । निवेदकलाई अवकाश मिति थाहा हुँदाहुँदै बढी अवधि जानाजान सेवा गरेको वा बदनियतपूर्वक वा छल गरी सेवा गरेको भन्ने विपक्षीको जिकिरसमेत देखिँदैन । यस अवस्थामा आफूलाई तोकिएको जिम्मेवारी पूरा गरी सेवा गरेबापत खाइपाई आएको तलब भत्ता फिर्ता गराउने भनी गरिएको निर्णय श्रमसम्बन्धी विधिशास्त्र र प्राकृतिक न्यायको मान्यताविपरीत हुने भई त्यस्तो निर्णय न्यायपूर्ण हुन नसक्ने ।

तसर्थ निवेदकले मिति २०६९।२।२५ देखि २०७०।२।२५ सम्म बढी समय कामकाज गरी लिएको तलब, ग्रेड, चाडपर्व खर्चसमेत रू.३,०४,६८०।– निवृत्तिभरण अधिकारपत्रबाट कट्टा गर्ने गरी तयार गरेको मिति २०७०।९।५ को निवृत्तिभरण अधिकारपत्र तथा उक्त रकम जम्मा गर्नु भन्ने जि.वि.स. कार्यालय, डोल्पाको मिति २०७०।४।१० को पत्र उत्प्रेषणको आदेशले बदर गरीदिएको छ । अब निवेदकले खाइपाई सकेको उक्त रकम कट्टा नगरी निवेदकले पाउने सम्पूर्ण रकम भुक्तानी दिनु भनी विपक्षीका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत्र १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०४८२, कर्तव्य ज्यान, *नविन लम्साल वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा गरेको बयान बेहोरा हेर्दा निज तथा मृतक मिल्ने साथी भएकोमा वारदातको अघिल्लो दिन मृतकले प्रतिवादीको गितार सिक्नको लागि निजको घरमा लगेको प्रतिवादीले निजलाई गितार बजाउन सिकाई दिएको, रातमा सँगै सुतेको, भोलिपल्ट आफ्नो कोठामा गई मृतकले भनेबमोजिम पुनः मृतकको घरमा गई रातमा सँगै सुतेको तथा वारदातको दिन अन्य साथीसमेत आएकोमा गितार लैजाने निहुँमा झगडा भई मृतकले आफूलाई गेट बाहिर तानी लगी घटनास्थलमा पुगेपछि कुटपिट गरेकोमा आफूले साथमा भएको छुरीले प्रहार गर्दा ढलेपछि भागी गएको, पछि उक्त चोटको कारण मरेको थाहा पाएको भनी कसुरमा साबित भएको पाइन्छ । अदालतमा गरेको बयानमा समेत उक्त बयानसँग तथ्यगत विविधता रहेको पाइँदैन । अदालतमा प्रतिवादीले गरेको बयान तथा लास प्रकृति मुचुल्का एवं Autopsy Report समेतबाट प्रतिवादीले प्रहार गरेको छुरीको चोटको कारण प्रज्वल भण्डारीको मृत्यु भएकोमा विवाद नहुने ।

प्रतिवादीको गितार मृतकको घरबाट लैजाने क्रममा मृतकले विवाद गरी प्रतिवादीउपर सामान्य हातपात भएको भन्ने प्रतिवादीको भनाइ छ । तथापि सो क्रममा मृतकको हातमा घातक हतियार थियो, सो हतियार आफूउपर प्रयोग हुने अवस्था थियो जसको परिणाम स्वरूप आफ्नो ज्यानै जाने स्थिति भएकोमा मृतकउपर छुरी प्रहार गरी आफ्नो जीवन रक्षा गरेको भनी प्रतिवादीले स्पष्ट जिकिर लिएको पाइँदैन । त्यस प्रकृतिको प्रहार प्रतिवादीउपर मृतकले गरेको अवस्था वा गर्न सक्ने अवस्था सिर्जना भएको थियो भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिने ।

लास प्रकृति मुचुल्का तथा Autopsy Report मा उल्लेख भएको बेहोरा फरक भएकोमा विशेषज्ञको बकपत्र नभई द्विविधाग्रस्त Report लाई प्रमाणमा लिएको मिलेन भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिरका हकमा विचार गर्दा यहाँ धारिलो

हतियारले काटेको चोटको कारण प्रज्वल भण्डारीको मृत्यु भएको भनी Autopsy Report मा प्रस्ट राय उल्लेख भएको पाइन्छ । लास प्रकृति मुचुल्कामा उल्लिखित घा चोटको प्रकृतिबाट पनि उक्त तथ्यलाई पुष्टि गरिरहेको छ । आफूले मृतकलाई चक्कु प्रहार गरेको तथ्य प्रतिवादीले स्वीकार गरिरहेको अवस्थामा मृतकको मृत्युको कारणका सम्बन्धमा थप स्पष्ट हुनुपर्ने अवस्था नहुँदा विशेषज्ञको बकपत्र नभएको भन्नेसम्मको कारणबाट Autopsy Report लाई प्रमाणमा ग्रहण गरी भएको सुरूको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

घटनाको प्रकृति हेर्दा मृतक तथा प्रतिवादीको बिचमा साथीको नाता सम्बन्ध रहेको देखिन्छ । निजहरूको बिच ज्यानै लिने पूर्वरिसइवी भएको देखिँदैन । आपसमा बसी मादक पदार्थसमेत सेवन गरेको प्रतिवादीको भनाइ छ । प्रतिवादीको गितार लैजाने निहुँमा विवाद भई प्रस्तुत वारदात भएको देखिन्छ । मृतकलाई मार्ने पूर्वयोजना देखिँदैन । प्रतिवादीको उमेर २२ वर्षको देखिएको हुँदा निजको उमेरसमेतलाई विचार गर्दा प्रतिवादीउपर कम सजाय हुनको लागि सुरू जिल्ला अदालतबाट व्यक्त भएको रायलाई पुनरावेदन अदालतले समेत मनासिब ठहऱ्याई व्यक्त गरेको राय मनासिब नै देखियो । प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरी अ.बं.१८८ नं. बमोजिम १० वर्ष मात्र सजाय हुन राय व्यक्त भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२/३/६/१ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत वारदात आत्मरक्षाको लागि घट्न गएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रतिवादी नविन लम्साललाई सर्वस्वसहित जन्मकैद नभई कैद वर्ष १० (दश) मात्र हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७३ साल माघ २५ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-००२९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. विजय तामाङ (गुरूङ) समेत*

प्रतिवादी अनिल तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष वारदातमा आफ्नो संलग्नता रहेको भनी स्वीकार गरे तापनि अदालतसमक्षको बयानमा प्रहरीमा कुटपिट गरी बयान गराएकोले घा जाँच गराई पाउँ भनी इन्कारी बयान गरेको र अदालतबाट घा जाँच गराउँदा निजको दाहिने गोडामा लागेको घाउ ३/४ हप्ताको हो भनी परीक्षण प्रतिवेदनबाट देखिएको र उक्त अवधिमा निज प्रहरी हिरासतमा नै रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिरहेको अवस्थामा निजको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान स्वतन्त्र रूपबाट आफूखुसी भएको भनी मान्न सकिने नदेखिने।

प्रतिवादी विजय तामाङ (गुरूङ) ले अधिकारप्राप्त अधिकारीसमक्ष आफ्नो कसुरमा संलग्नता रहेको भनी लेखाए पनि अदालतसमक्ष उक्त घटनामा मेरो कुनै संलग्नता छैन भनी कसुर अपराधमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी विजय तामाङ (गुरूङ) को अधिकारप्राप्त अधिकारीसमक्षको बयान स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

जाहेरवालाको अदालतसमक्षको बकपत्रमा विजय तामाङ (गुरूङ) को कसुर वारदातमा कहीँ संलग्नता रहेको कुरा उल्लेख छैन। प्रतिवादी अनिल तामाङ वारदातमा संलग्न रहेको थियो भनी छोराले भनेको थियो भनी बकपत्र गरेको देखिन्छ। सुनी जान्ने

प्रमाण प्रमाण होइन (Hearsay evidence is no evidence) भन्ने प्रमाण कानूनको मूलभूत सिद्धान्त नै भएकोले जाहेरवालाको बकपत्रले अनिल तामाङको वारदातमा संलग्नता पुष्टि हुन नसक्ने ।

२०६७/२/२५ गते भवन कार्यालयअगाडि गोली चलेको हो । कसले गोली चलायो म चिन्दिन । तर विजय तामाङ (गुरूङ) चाहीँ त्यहाँ घटनास्थलमा थिएन भनी बुझिएका सुनिल आचार्यको बकपत्रबाट देखिन्छ । प्रतिवादीहरूको घटनास्थलमा उपस्थिति रहेको भन्ने कुराको ठोस प्रमाण मिसिलबाट देखिँदैन । घाइतेलाई प्रतिवादीमध्येका विराज तामाङ भन्ने नक्कले तामाङले गोली हानेको भन्ने देखिन्छ । प्रतिवादीका साक्षी कृष्णप्रसाद अधिकारीले वारदातका दिन अनिल साथी दिपक बिरामी भई काठमाडौंमा दिपककै कुरूवा बसेको देखेको हुँ भनी तथा दिपकलाल चित्रकारले पनि आफू बिरामी भई अनिल तामाङ आफूसँगै ०६७-२-२३ मा काठमाडौं गई ऐ.२७ मा फर्की आएको हो । निजले ज्यान मार्ने उद्योग गरेको होइन भनी गरी दिएको बकपत्रसमेतका आधार प्रमाणबाट यी प्रतिवादीहरूउपरको कसुर पुष्टि हुन सकेको नदेखिँदा केवल अधिकारप्राप्त अधिकारीसमक्षको बयानका आधारमा मात्रै प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगजस्तो गम्भीर फौजदारी अपराधमा कसुरदार कायम गर्न फौजदारी न्याय सिद्धान्तसमेतका आधारमा नमिल्ने हुँदा प्रतिवादीहरू विजय तामाङ (गुरूङ) र सानुभाइ भन्ने अनिल तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९/४/२१ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०५४८, उत्प्रेषण, *रविन्द्र यादव वि. शिक्षा सेवा आयोग, सानोठिमीसमेत*

निवेदकलाई सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयको निर्णयउपर चित्त नबुझेमा शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ३४ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र शिक्षक सेवा आयोगमा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत उजुरी दिन सक्ने उल्लेख भएकोमा विपक्षी रिट निवेदक आफू बढुवा हुने निश्चित भएको भए कानूनले तोकेको म्यादभित्र सम्बन्धित निकायमा उजुरी दिनुपर्नेमा उजुरी नदिई उपचारको वैकल्पिक बाटो अवलम्बन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गतको रिट क्षेत्रमा प्रवेश गरेको देखिने ।

कानूनअनुसार उजुर दिन सक्ने बाटो भएकोमा सोको बाटो अवलम्बन गर्नु पर्ने हुन्छ । कानूनले प्रत्याभूत गरेको आफ्नो हक अधिकारप्रति सजग नरही चुप लागेर बस्ने व्यक्तिलाई मद्दत गर्न सकिँदैन । उत्प्रेषणको आदेश अन्य कानूनी उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त र प्रभावहीन भएको अवस्थामा जारी हुने आदेश हो । प्रस्तुत निवेदनमा निवेदकलाई वैकल्पिक उपचारको बाटो उक्त नियमावलीले दिइरहेको अवस्थामा सो कानूनबमोजिमको मार्ग अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनउपर विचार गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७१-WO-०४५८, उत्प्रेषण, *घनश्याम पाण्डेय वि. शिक्षा सेवा आयोग, सानोठिमीसमेत*

निवेदकले समयमै कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गरेकोमा विवाद देखिँदैन। रीतपूर्वकको कार्य सम्पादन फाराम कार्यालयमा दर्ता भएपछि उक्त कार्य सम्पादनमा व्यवस्था गरेको खण्ड ख र ग मा भएको कार्य पूरा गर्ने दायित्व सम्बन्धित कार्यालयको हुन्छ। कार्यालयले गर्नु पर्ने जिम्मेवारी पूरा नगरेपछि त्यसको दायित्व दरखास्त दर्ता गर्नेमाथि थोपार्न कुनै कानूनले मिल्दैन। जिल्ला शिक्षा कार्यालय रूपन्देहीको लिखित जवाफ हेर्दा निवेदकले समयमै बढुवा फाराम भरी सो फाराम क्षेत्रीय शिक्षा निर्देशनालय पोखरामा पठाइएको हो भनी उल्लेख गरेबाट, यसरी क्षेत्रीय निर्देशनालयले पनि आफू कहाँ प्राप्त बढुवा फाराम रितपूर्वक छ छैन, आधिकारिक व्यक्तिको सहीछाप परे नपरेको हेर्नु पर्ने।

सिफारिस गर्ने र प्रमाणित गर्ने अधिकारी क्षेत्रीय शिक्षा निर्देशनालय मातहतका अधिकारी भएबाट निजहरूको दस्तखत छुट हुन गएको भए निवेदकको कार्य सम्पादन फाराममा तत्तत् अधिकारीको दस्तखत गराउने दायित्व पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको हुन जान्छ। निवेदकले बढुवा पाउनु नपर्ने अन्य कुनै ठोस आधार र प्रमाण लिखित जवाफमा उल्लेख गर्न नसकी केवल सम्बन्धित अधिकारीको दस्तखत नभएको भनी निवेदकको वृत्ति विकासमा अवरोध गरेको देखिएबाट शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरको मिति २०७१।८।१२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरि दिएको छ। अब आ.व.०६७, ०६८, ०६९, को कार्य सम्पादन फाराममा निवेदकले प्राप्त गरेको अंक गणना गरी निवेदकलाई समेत बढुवा प्रक्रियामा समावेश गरी बढुवा हुने अवस्था देखिए निवेदकलाई बढुवा गर्नु भनी परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम्।

## १०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०२५१, लिखत बदर, *तुलसी सुवेदी वि. नेत्रबहादुर सिंह*

यसरी एउटै अड्डामा एकै दिन वादीको समेत संयुक्त नाम दर्ताको जग्गा यिनै प्रत्यर्थीलाई हक हस्तान्तरण गरेको देखिएको र वादीको पतिको नाममा रहेको अर्को दाबीको जग्गा उनै प्रत्यर्थीलाई हक हस्तान्तरण गर्दा यी पुनरावेदकलाई थाहा जानकारी नरहेको र निजको मन्जुरीसमेत नभएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

वादीका पतिले बिक्री गरेको जग्गाको क्षेत्रफल ०-३-२-२ देखिन्छ र सोबाहेक सोही कित्ताबाट कित्ताकाट भई बाँकी रहेको कि.नं. १८०४ मा ०-८-०-२ जग्गा अझै बाँकी रहेको र र.नं. ३४६३ बाट पारित राजिनामाअनुसारको बाँकी रहेको कि.नं. १८०६ मा ०-५-०-० जग्गासमेत वादी एवम वादीका पतिको संयुक्त नाममा जग्गा बाँकी रहेको भन्ने देखिन्छ। वादीसमेतको मन्जुरीबाट संयुक्त रूपमा राजिनामाद्वारा हस्तान्तरण गरेको कि.नं. १८०५ को जग्गा ०-५-२-० सम्मको हिस्साको बिक्री भई गइसकेको अवस्था छ। बाँकी रहेको कि.नं. १८०६ र कि.नं. १८०४ को कुल जग्गा ०-१३-०-२ देखिएबाट वादीका पतिले बिक्री गरेको दाबीको कि.नं. १८०३ को ०-३-२-२ भन्दा दोब्बरभन्दा बढी नै बाँकी रहेको देखिने।

छोरा नगेन्द्र सुवेदीले लिएको कर्जा तिर्ने प्रयोजनका लागि अचल सम्पत्ति बिक्री गरेको भन्ने र.नं. ३४६३ मिति २०६७।८।१६ को राजिनामाबाट देखिएको र सोही दिन सोही व्यक्ति अर्थात् प्रत्यर्थी प्रतिवादी नेत्रबहादुर सिंहलाई र.नं. ३४६४ द्वारा पारित गरी दिएको दाबीको कि.नं. १८०३ को क्षेत्रफल ०-३-२-२ जग्गा मुलुकी ऐन अंशबन्डाको १९(१) बमोजिम घर व्यवहारका लागि बिक्रेता सुवर्णकान्त सुवेदीले आफूखुस गर्न पाउने हद र अवस्थाभित्रको देखिएकोले

उक्त लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा अन्यथा भएको नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट वादी दाबीबमोजिम लिखत बदर गरी आधी जग्गा वादीका नाउँमा दा.खा. दर्तासमेत हुने ठहऱ्याएको सुरू अदालतको फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७०।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

**११**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CI-११८०, जग्गा खिचोला, *संगिता अग्रवाल वि. विष्णादेवी भट्टसमेत*

पुनरावेदन अदालत दिपायलले अदालतबाट भई आएको नाप नक्सा मुचुल्काको नक्सा नं. ६ प्रतिवादी विष्णादेवी भट्टको कि.नं. ३१२७ को जग्गामा वादीको कि.नं. १२५९ को नक्सा नं. २ मा उल्लिखित ०-०-१ जग्गा र अर्का प्रतिवादी शान्तीदेवी भट्टको नक्सा नं. ७ को जग्गामा वादीको उल्लिखित कि.नं. १२५९ को नक्सा नं. ३ को ०-०-०$^{१}/_{२}$ (आधा कनवा) जग्गा घुसाई भोगचलन गरेको देखिएकोले कूल एक धुर आधा कनवा जग्गासम्म कि.नं. १२५९ (न.नं.१) भित्रको जग्गामध्येबाट खिचोला गरेको देखिँदा सो हदसम्म निज प्रतिवादीहरूले गरेको खिचोला मेटाई पुनरावेदक वादीलाई चलन चलाई दिने ठहऱ्याएको छ। नक्सा मुचुल्कामा न.नं. २ र न.नं. ३ मात्र विवादको जग्गा देखाइएको र न.नं. २ को जग्गा प्रतिवादी विष्णादेवीले भोगचलन गरेको र साथै न.नं. ३ को जग्गा प्रतिवादी शान्तिदेवीले भोगचलन गरेको भन्ने देखिँदा ती दुवै जग्गा पुनरावेदन अदालतले यी पुनरावेदक वादीलाई चलन चलाई दिने भन्ने फैसलाले बोलेकै देखिने।

बाँकी अन्य प्रतिवादीहरूको हकमा निजहरूको नाउँ दर्ताको जग्गाको दर्ता स्रेस्तामा उल्लिखित क्षेत्रफलभन्दा ती जग्गाहरूको सम्बन्धमा भई आएको नाप नक्सा मुचुल्कामा उल्लिखित क्षेत्रफल बढी नदेखिएबाट यी पुनरावेदक / वादीको दाबीको जग्गा अन्य प्रत्यर्थी / प्रतिवादीहरूको जग्गामा घुसेको छ भनी मान्न मिलेन। दर्ता स्रेस्तामा उल्लेख क्षेत्रफलभन्दा भोगमा कम जग्गा देखिएको छ भन्दैमा प्रत्यर्थी / प्रतिवादीहरूसमेतको दर्ता स्रेस्ताभन्दा भोगमा बढी नदेखिएको जग्गाबाट वादीको अपुग जग्गा पूर्ति गर्नुपर्दछ भन्न नमिल्ने।

यस अवस्थामा पुनरावेदन अदालत दिपायलबाट सुरू अदालतको फैसला केही उल्टी गरी न.नं. ६ कि.नं. ३१२७ बाट विष्णादेवी भट्टले र न.नं. ७ कि.नं. ३१०७ बाट शान्तिदेवी भट्टले क्रमशः न.नं.२ को १ धुर र न.नं. ३ को ०-०-०$^{१}/_{२}$ (आधा कनवा) गरी कूल एक धुर आधा कनवा जग्गासम्म कि.नं. १२५९ (न.नं.१) भित्रको जग्गामध्येबाट खिचोला गरेको देखिएको भनी सो हदसम्म प्रतिवादीहरूले गरेको खिचोला मेटाई पुनरावेदक वादीलाई चलन चलाई दिने ठहऱ्याई भएको फैसलामा त्रुटि भएको देखिएन। अतः पुनरावेदन अदालत दिपायलको मिति २०७०।९।३ को फैसलामा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

## इजलास नं. ५

**१**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-०४९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नथुनी यादवसमेत*

प्रतिवादी नथुनी यादवले जाहेरीमा घरको धुरीबाट धुँवा आएको देखी गाउँलेहरू घरको छानो फुटाई घरभित्र पसेको र भित्र पस्दा बुहारीको मृत्यु भइसकेको बेहोरा उल्लेख गरेका छन्। तर उनले घरको छानो कसले फुटाएको, को गाउँले घरभित्र पसेको र मृतक लास कसले पहिले देखेको हो र घरबाट लास कसरी निकालेको हो सो स्पष्ट रूपमा कहीँकतै उल्लेख गरेको पाइँदैन । तर वारदात घटनाको जानकारी पाई घटनास्थल एवं लास प्रकृति मुचुल्का गर्न गएको डोरले घटना विवरण मुचुल्का एवं लास प्रकृति मुचुल्का तयार गर्दा घरको ढोका फोडी घरभित्र प्रवेश गरी हेर्दा मृतकको लास ढोकानेर उत्तानो अवस्थामा रहेको, लास नजिक गहुँ र गहुँ नजिक प्लाष्टिकको झोला जलेको अवस्थामा भेटिएको, मृतकको कपडा, कपाल र अनुहार जलेको, नाकबाट रगत बगेको, मलद्वार, योनिबाट समेत रगत निस्किएको भन्ने बेहोरालाई सविस्तार उल्लेख गरेको पाइन्छ । प्रतिवादी नथुनी यादवले घटना घटेको विवरणसहित पहिले प्रहरीमा जानकारी दिँदा ढोका बन्द भएको कारण घरको छाना फोडी भित्र गएको भन्ने उल्लेख गरी लास पोष्टमार्टमको लागि ल्याएको भनेको तर घटनास्थल तथा लास प्रकृति मुचुल्का डोरले घरको ढोका फोडी घरभित्र प्रवेश गरेको भन्ने बेहोरा उल्लेख गरेबाट प्रतिवादी नथुनी यादवको भनाइ विश्वासप्रद नदेखिने।

मृतक लास रहेको घरको कोठामा रहेका गहुँलगायत श्रृङ्गारका सामानहरू नजली यथावत् रहेको देखिन्छ । मृतकले आफ्नो शरीरमा मट्टितेल खन्याई आगो लगाई आत्महत्या गरेको भन्ने प्रतिवादीहरूको कथन रहेको छ । तर मृतक लास रहेको कोठामा मट्टितेलको कुनै अस्तित्व देखिएको छैन। यदि मट्टितेल खन्याएर आगो लगाई आत्महत्या गरेको भए उक्त स्थानमा मट्टितेलको अस्तित्व देखिन पर्दछ । मृतक लासमा मट्टितेलको गन्ध अवश्य पनि आउँदछ । तर लास जाँच प्रकृति मुचुल्कामा समेत सो कुरा उल्लेख भएको पाइँदैन । त्यसको अतिरिक्त लास रहेको कोठाका सम्पूर्ण सामानहरू यथास्थितिमा रहेको अवस्थामा समेत मट्टितेल राख्ने भाँडो र आगो सल्काउन प्रयोग गरिएको लाइटर एवं सलाई घटनास्थलमा भेटिएको छैन । यस्तो अवस्थामा मृतक स्वयंले आगो लगाई आत्महत्या गरेको नभई प्रतिवादीहरूकै कर्तव्यबाट मृत्यु भएको भन्ने पुष्टि हुन नआउने।

मृतकको शव परीक्षण प्रतिवेदन (Postmartem Report) मा मृत्युको कारण Asphyxia भन्ने उल्लेख भएको छ। तर के कारणले Asphyxia भएको हो सो कुरा उल्लेख भएको पाइँदैन। तर Postmartem गर्ने डाक्टरले अदालतमा Asphyxia आगोको जलनको कारणबाट भएको होइन भनी बकपत्र गरेको पाइन्छ। त्यस्तै अदालतमा बकपत्र गर्ने अर्को डाक्टर रमणप्रसाद सिंहले मृतकको घाँटीमा दबाब दिइएको कारणले श्वास प्रश्वास नली अवरूद्ध हुन गई मृतकको मृत्यु भएको हो भन्ने बेहोरा उल्लेख गरेका छन् । बकपत्रको क्रममा मृतकको फोक्सो एवं घाँटीमा धुवाँ एवं कार्बनको कण नपाइएको उल्लेख गरी धुवाँको कारणले Asphyxia भएको होइन भन्ने कुरालाई पुष्टि गरेको देखिन्छ । त्यसका अतिरिक्त मृतक जल्नुपूर्व नै घाँटीमा दबाब परी Strangulation भएको हो भनी किटानीपूर्वक लेखाई दिएको पाइन्छ। उल्लिखित बेहोराबाट मृतकको मृत्यु आगोमा जल्नुपूर्व नै कर्तव्यबाट भएको हो भन्ने कुरामा विवाद नदेखिने।

त्यस्तै मृतकले मृत्युवरण गर्न चाहेर शरीरमा आगो लगाएको भए मृतकलाई सोबाट पीडा र वेदना हुनु स्वाभाविक हुन्छ। त्यस्तो अवस्थामा रोई कराई गर्ने र चिच्याउने गर्नु स्वाभाविक हुन्छ । मृतकको घर वरिपरि एउटै आँगनमा अन्य ३ (तीन) जना व्यक्तिहरूको घरसमेत रहेको कुरा घटनास्थल प्रकृति मुचुल्काबाट देखिएको छ । मृतकले शरीरमा आगो लगाएपछि हुने स्वाभाविक रोई कराई र चिच्याहट एउटै

आँगनमा रहेका घरका कुनै व्यक्तिले सुनेको अवस्था देखिँदैन। यसबाट पनि मृतक आफैँले मट्टितेल खन्याई आत्महत्या गरेको हो भन्ने नदेखिने।

प्रतिवादीहरू मौकामा र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि मृतकका बाबुले दिएको किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन र शव परीक्षण गर्ने विशेषज्ञ डाक्टरहरूले अदालतमा गरिदिएको बकपत्रसमेतका आधार कारणबाट मृतकको मृत्यु आत्महत्या नभएर प्रतिवादीहरूको कर्तव्यबाटै भएको देखिने।

अब को कसको कर्तव्यबाट मृत्यु भएको हो भन्नेतर्फ विचार गर्दा प्रतिवादीमध्येका ससुरा नथुनी यादवले मृतक बुहारी सरितादेवीलाई पटकपटक यौन सम्पर्क राख्न खोजेको बेहोरा मृतकको बाबु बौवालालले आफ्नो जाहेरीमा उल्लेख गरेको पाइन्छ। जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत सोही बेहोरा उल्लेख गरी जाहेरी दरखास्तलाई पुष्टि गरेको देखिन्छ। मृतक छोरीको ससुरा आफ्नो सम्धीउपर त्यसप्रकारको आरोप वा लाञ्छना लगाउनु पर्ने अन्य कारण मिसिलबाट देखिँदैन। यी प्रतिवादीले दिएको जाहेरीमा घरमा ढोका थुनी बुहारीले शरीरमा मट्टितेल खन्याई आगो लगाई आत्महत्या गर्दा घरको छानोबाट धुवाँ आएपछि छिमेकीहरूले घरको छानो फोडी घरभित्र गएका र पछि भित्रको मूलढोका उघारेको भनी उल्लेख गरेको तर को छिमेकी घरभित्र पसे, कसले मृतकको लास पहिले देख्यो, कसले मूलढोका फोड्यो सो कुनै कुरा मिसिलबाट खुल्न नसकेको र सो कुरा घटनास्थल प्रकृति मुचुल्का एवं लास जाँच प्रकृति मुचुल्काले खण्डितसमेत गरिसकेको छ। तसर्थ उल्लिखित आधार कारणबाट सरितादेवीको मृत्यु यिनै प्रतिवादी नथुनी यादवको कर्तव्यबाट भएको पुष्टि हुन आउने।

अतः प्रतिवादीउपरको आरोप वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएकोले यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराधमा ऐ. ऐनको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको मिति २०६६।३।१ को सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको मिति २०६७।१२।२ को पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। प्रतिवादी नथुनी यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत कसुरमा ऐ. ऐनको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने। अन्य प्रतिवादीहरूको हकमा विचार गर्दा प्रतिवादीहरू मौकामा र अदालतमा समेत आरोपमा पूर्णतः इन्कार रहेको देखिन्छ। यी प्रतिवादीहरूले मृतकलाई मार्नु पर्नेसम्मको रिसइवी रहेको मिसिल संलग्न प्रमाणबाट देखिएको छैन। प्रतिवादीमध्येको मृतकका पति पशुपति भन्ने भविन्द्र यादवलाई अन्तिम पटकसम्म पनि मृतकका बाबु प्रतिवादीका ससुरा बौवालालले यी प्रतिवादीकै जिम्मा लगाई छोरीलाई घर पठाएको मिसिलबाट देखिएको छ। यसबाट पनि यी प्रतिवादीहरूउपर मृतकको एवं मृतकको माइतीतर्फबाट कुनै रिसइवी रहे भएको देखिँदैन। ठोस र वस्तुनिष्ठ प्रमाणविनै कसैउपर कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा दोषी करार गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ। प्रतिवादीउपरको आरोप शंकारहित तवरबाट पुष्टि गर्नु पर्दछ। यदि अलिकति पनि शंकाको अवस्था रहन्छ भने त्यसको फाइदा अभियुक्तले पाउँदछ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपरको दाबी वादी नेपाल सरकारले शंकारहित तवरबाट पुष्टि गर्न नसकेकोले यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने नै देखिन आयो। अतः यी प्रतिवादीहरू रासोदेवी यादव, भविन्द्र यादव र तुलसीकुमारी यादवलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको सप्तरी जिल्ला अदालतको मिति २०६६।३।१ को फैसला सदर

गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६७।१२।२ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : जगदीश भट्ट
कम्प्युटर : विनोदकुमार बानिया
इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१५३३, जबरजस्ती करणी, *केशर थापा वि. नेपाल सरकार*

स्वास्थ्य परीक्षण प्रतिवेदन र स्वास्थ्य परीक्षण गर्ने डा. युजेन डोल्मा नालुङ्गको बकपत्रअनुसार पीडित भक्तपुर २७(ए) को शारीरिक परीक्षण गर्दा योनिमा घाउ चोट भएको देखिएको, कन्याजाली रातो भई अलिकति सुन्निएको साथै पीडित भक्तपुर २७(बि) को शारीरिक परीक्षणको क्रममा योनिको जाँच गर्दा कन्याजाली हल्का रातो भएको, कन्या जाली च्यातिएको देखिएको र योनिबाहेक शरीरमा कुनै भागमा घाउ चोटपटक नदेखिएको भन्ने उल्लेख गरेको, पीडितहरूको उमेर प्रतिवेदनबाट २७A को १६-१७ बिच र २७B को १७-१८ बिचको रहेको भन्ने देखिँदा उक्त प्रतिवेदनको आधारबाट नाबालक नरही निज पीडित भनिएका व्यक्तिहरूको उमेर १६ वर्ष पूरा भएको नै देखिन आउने।

प्रतिवादीउपर जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी बेहोरा भए पनि उक्त बेहोरालाई प्रतिकूल हुने गरी अदालतमा आई बकपत्र गर्दा पीडितहरूले नै सहमतिमै करणी भएको हो भनी बकपत्र बेहोरा लेखाएको देखिन्छ । मौकामा पीडितहरूले गरेको कागजको बेहोरालाई पनि प्रतिकूल हुने गरी अदालतमा सहमतिमै करणी गरेको भनी बकपत्र गरेको देखिन्छ। पीडितहरूको स्वस्थ्य परीक्षण प्रतिवेदनमा पनि पीडितहरूको योनिबाहेक शरीरमा जबरजस्ती करणीको लक्षण रहेको पाइँदैन। वारदात भएको स्थान अरनिको रिर्सोट होटलमा प्रतिवादी र पीडितहरू बसेको अवस्थामा एकजना प्रतिवादीले दुईजना पीडितहरूलाई पालैपालो जबरजस्ती करणी गर्दा हारगुहार गर्न सक्ने अवस्था हुन्छ त्यसो गरेको देखिँदैन। पीडितहरूलाई निजहरूको इच्छाविपरीत जबरजस्ती करणी भएको अवस्था रहेको भए पीडितहरूले प्रतिवाद गरेको देखिनुपर्ने । एकजनालाई करणी गर्दाको अवस्थामा अर्को पीडिताले होहल्ला गरी हारगुहार गर्न सक्ने र कोठाको ढोका खोली होटलमा जानकारी गराउनु पर्ने थियो । तीनैजनाको सहमतिबाट मोटरमा बसी घुम्न आएको र होटलमा बास बसेको देखिन्छ । त्यसरी होटलमा बास बस्नुपर्दा सहज र स्वाभाविक रूपले रहे बसेको देखिन्छ। रातको समयमा दुवैजनाको मन्जुरीले करणी लेनदेन भएको देखिन्छ। जबरजस्ती नै भएको भए जबरजस्तीको चिह्नहरू देखिनुपर्ने। पीडितहरूले कुनै कुराको अभिव्यक्ति गरेको वा आफ्नो इच्छा विरूद्ध त्यस्तो अनैतिक कार्य गरेको हुँदासमेत कुनै प्रतिकार गरेको अवस्था देखिँदैन भने भोलिपल्ट स्वाभाविक रूपले तीनैजना एकैसाथ गएको देखिन्छ । त्यस्तो व्यवहार देखिएको अवस्थामा जबरजस्ती करणी भएको भनी भन्न सक्ने अवस्था देखिँदैन । यौन सन्तुष्टी मेटाएको दुवैथरिको मन्जुरी सहमतिबाट करणी लेनदेन भएको अवस्था देखिन आउँछ। जबरजस्ती करणीको वारदात स्थापित हुनको लागि इच्छाविपरीत त्यस्तो कार्य भएको प्रतिकार गरेको अवस्था देखिँदैन भने बिना कुनै हिचकिचाहट एकैसाथमा गएको अवस्था देखिन्छ। जबरजस्ती करणीको वारदातलाई पुष्टि गर्ने तथ्यगत ठोस प्रमाणहरूबाट वस्तुनिष्ट आधारहरूबाट प्रमाणित हुन आएको नदेखिने । अभियोग लगाउनु मात्र जबरजस्ती करणीका कसुर स्थापित हुने आधार बन्न सक्तैन । घटना हुँदाको अवस्था, परिस्थिति, घटनापछिको व्यवहारसमेतबाट जबरजस्ती करणीको वारदात स्थापित हुन आएको देखिँदैन । फौजदारी अपराधमा स्वतन्त्र प्रमाणबाट कसुर पुष्टि हुनु पर्दछ । जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा

किटानी जाहेरी र पीडितहरूको मौकाको कागजबाहेक अन्य प्रमाणहरू अभाव रहेको देखिन्छ। यसमा शंकाको सुविधा अभियुक्तले पाउने।

पीडितको अदालतमा भएको बकपत्र, जाहेरवालाको बकपत्र, स्वास्थ्य प्रतिवेदन, डा.को बकपत्र, प्रतिवादीको बयान, घटनाविवरणमा बुझिएका व्यक्तिको बकपत्र, उमेर निर्धारण प्रतिवेदनलगायत मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले पीडित भनिएका २७A र २७B लाई जबरजस्ती करणी गरेको वारदात पुष्टि हुन नआउने।

अतः उल्लिखित आधार र कारणहरूबाट समेत भक्तपुर जिल्ला अदालतबाट प्रतिवादी किसान भन्ने केशरबहादुर थापालाई ५ वर्ष कैद हुने, प्रतिवादीबाट पीडितहरू प्रत्येकलाई रू.२५,०००।- (पच्चीस हजार) का दरले क्षतिपूर्तिबापत भराइदिनेसमेत ठहर्छ भनी मिति २०७१।०८।२९ मा भएको फैसलालाई पुनरावेदन अदालत पाटनले प्रतिवादीबाट पीडितहरू प्रत्येकलाई रू.२५,०००।- (पच्चिस हजार) का दरले क्षतिपूर्ति भराई दिने ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१।०८।२९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी किसान भन्ने केशर थापाबाट पीडितहरूले जनही रू.१०,०००।- (दश हजार) क्षतिपूर्ति भराई पाउने र अरूमा सुरू जिल्ला अदालतको फैसला मिलेको देखिँदा सदर हुने भनी मिति २०७२।०५।२१ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई यसमा प्रतिवादी किसन भन्ने केशरबहादुर थापाले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

## ३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०२६३, लागु औषध चरेश, *नेपाल सरकार वि. नरबहादुर बुढाथोकी*

प्रतिवादी नरबहादुर बुढाथोकीले अनुसन्धानका क्रममा तथा अदालतमा समेत बयान गर्दा प्रतिवादी पार्वती शर्मा र ज्ञानबहादुरसँग चिनजान रहेको भन्ने तथ्यलाई स्वीकार गरी लागु औषध चरेशको कारोबार गरेको भन्ने कुरा इन्कार रहेको देखिन्छ। लागु औषध चरेशसहित मौकामा पक्राउ परेका प्रतिवादी पार्वती शर्माले अदालतको बयानमा समेत यी प्रतिवादी लागु औषध बरामद हुँदा घटनास्थलमा रहेको र घटनास्थलबाट पछि भागेको भन्ने उल्लेख गरेको पाइन्छ। यी प्रतिवादी नरबहादुरले अदालतको बयानमा कसुरमा पूर्ण इन्कार रहे पनि अनुसन्धानको क्रममा बयान गर्दा निजको कोहलपुरमा भएको पसलमा प्रतिवादी ज्ञानबहादुर र पार्वती पटक-पटक आएको भन्ने तथ्यलाई स्वीकार गरेको पाइन्छ। मौकामा बुझिएकी भगवती जैसीले अदालतमा बकपत्र गर्दा लागु औषध बरामद भएको दिन प्रतिवादी नरबहादुर बुढाथोकी र ज्ञानबहादुर सँगै रहेको भन्ने उल्लेख गरेको देखिएको पृष्ठभूमिमा प्रतिवादी नरबहादुर बुढाथोकीको पनि लागु औषध चरेशको कारोबार गराउन संलग्नता रहेको देखिन्छ। तर निजको साथबाट लागु औषध बरामद पनि नभएको र घटनास्थलबाट यी प्रतिवादी पक्राउ पनि नपरेको अवस्थालाई विचार गर्दा लागु औषध चरेशको कारोबार आफूले नगरे पनि उक्त कार्य गराउनमा निजको संलग्नता रहेको देखिएकोले अभियोग दाबीबमोजिमको कसुर कायम हुने नभई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ बमोजिम अपराध गर्ने षड्यन्त्र र दुरूत्साहन गर्नेसमेतको कार्य देखिन आएकोले सोही दफाको १७ बमोजिम निजलाई २ वर्ष ६ महिना कैद गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादी नरबहादुर बुढाथोकीले नरबहादुर बुढाथोकीले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ को

कसुर गरेको देखिएकाले निजलाई सोहीअनुरूप सजाय गर्नुपर्नेमा सो नगरेको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७२।०३।३० को फैसला सो हदसम्म उल्टी गरी २ वर्ष ६ महिना कैद र रू.२५०००।- जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७२।१२।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल आश्विन ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७४-WH-००१८, बन्दीप्रत्यक्षीकरण, *निरजरा घिमिरे वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

प्रतिवादीउपर बुझिएका प्रमाणबाट अभियोग दाबी पुग्न सक्ने हो, होइन र पुग्न सक्ने भए कुन कानूनअनुसार दाबी पुग्ने हो, नपुग्ने भए कुन कानूनअनुसार नपुग्ने वा दाबी खारेज हुने हो वा ठहर हुने हो भन्ने यावत् कुराको निर्धारण गरी निर्णय गर्ने क्षेत्राधिकार सुरू अदालतको भएकोले सुरू अदालतमा विचाराधीन मुद्दाको विषयवस्तुलाई प्रभाव पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गरी हेरी विचार गर्न मिल्ने नदेखिने।

सरसर्ती हेर्दा नै कानूनको स्पष्ट उल्लङ्घन भएको छ छैन, अधिकार क्षेत्रात्मक त्रुटि देखिन्छ कि देखिँदैन, कार्यविधिगत कुरामा गम्भीर त्रुटि रहेको छ, छैन जस्ता कुराहरूलाई रिट क्षेत्रबाट हेर्नुपर्ने।

थुनछेकको आदेश गर्दा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण रहेको देखिएमा अभियुक्तलाई थुनामा राख्न सक्ने स्वविवेकीय अधिकार कानूनले प्रदान गरेको अवस्था रहेको हुँदा निवेदिकाका पतिलाई अभियोग लगाइएको कसुर निवेदिकाले माग गरे जस्तो जमानतयोग्य रहेको भन्ने देखिएन। त्यसैले निवेदिकाको दाबीसँग सहमत हुन नसकिने।

तसर्थ, कानूनको प्रत्यक्ष त्रुटि र उल्लङ्घन भएको नदेखिएको, अधिकारक्षेत्रात्मक त्रुटि भएको नदेखिएको, उपचारको व्यवस्था हुँदाहुँदै त्यसको प्रयोग निवेदिकाबाट नभएको र तल्लो अदालतलाई प्राप्त न्यायिक स्वतन्त्रतामा प्रभाव पर्ने गरी प्रमाणको विवेचना र विश्लेषण गरी निर्णय गर्दा मनासिब नहुने भई कानूनको मान्य सिद्धान्तअनुरूपको नहुने हुँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

अत: माथि उल्लेख भई विवेचना भएको कानूनी व्यवस्थाहरू र आधार तथा कारणसमेतबाट निवेदिकाले माग गरेबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदिकाको प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७४-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *श्री नारायण यादव वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*
- ०७४-WH-००१६, बन्दीप्रत्यक्षीकरण, *श्री रामहरी कार्की वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-RB-०२१३, मालवस्तुको वर्गीकरण / बढी भन्सार, *अच्युतप्रसाद शिवाकोटी वि. रविन लामा*

पुनरावेदक कम्पनीले भन्सार ऐन, २०६४ को दफा-१३ (३) को प्रावधानअनुसार आफूले पैठारी

गरेको मालवस्तु (कागज) को मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोबार मूल्य घोषणा गरेउपर भन्सार अधिकृतलाई चित्त नबुझेको खण्डमा ऐ. ऐनको दफा १३(७) बमोजिम निज पैठारीकर्तालाई कारणसहितको सूचना दिनुपर्नेमा नदिई, त्यस्तै कारोबार मूल्यको आधारमा मूल्य निर्धारण गर्न नसकिएमा पहिले पैठारी भएका समकक्ष मालवस्तु (Identical goods) को कारोबार मूल्यको आधारमा, सोबमोजिम नभए पैठारी भएका उस्तै प्रकारका मालवस्तु (similar goods) को कारोबारको मूल्यको आधारमा, सोबमोजिम हुन नसकेमा Deductive Value Method वा Computed value Method को आधारमा ऐ. ऐनको दफा १३ (८), (९), (१०), (११) बमोजिम मूल्य कायम गर्नुपर्नेमा सो नगरी पैठारी भएको अखवारी कागजमा भन्सार वर्गीकरण संकेत नं. ४८०१ हुनुपर्नेमा संकेत नं. ४८१०.१३.०० अन्तर्गतको कागज कायम गरी भन्सार जाँचपास सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया पर्साबाट भन्सार जाँचपास भएको देखिने।

अतः माथि विवेचित कानून प्रमाणको आधारमा सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया पर्साबाट भएको निर्णयलाई उल्टी हुने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।०८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-RB-०२१४, मालवस्तुको वर्गीकरण / बढी भन्सार, *अच्युतप्रसाद शिवाकोटी वि. रविन लामासमेत* भएको मुद्दामा पनि यसैअनुसार भएको छ।

**६**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६५-CR-०६२७, ठगी, *महेश महतो थारू वि. नेपाल सरकार*

प्रतिवादी जाहेरवालाको कम्पनी अमर टेक्सटाइल प्रा.लि. मा लामो समयदेखि काम गरको भन्ने कुरा जाहेरीमा उल्लेख भए पनि निज प्रतिवादीको नियुक्ति पत्र, हाजिरी रेकर्ड जस्ता प्रमाण वादीतर्फबाट गुजार्न सकेको अवस्था नदेखिँदा निज प्रतिवादी जाहेरवाला कम्पनीको विधिवत् कर्मचारी भएको भन्ने पुष्टि हुन सक्दैन। विधिवत् नियुक्ति नभएको व्यक्तिलाई जाहेरवालाले चेकबुकसमेत जिम्मा दिने प्रतिवादीले चेकबुक राख्ने गरेको तथा सोही चेकबुकबाट केही चेक झिकी किर्ते दस्तखत गरी बैंकबाट रकम निकाली खाए मासेको भन्ने आरोप प्रमाणित गर्ने ठोस आधार प्रमाणको अभावमा केवल अनुसन्धानको क्रममा भएको साबिती बयानलाई नै एक मात्र आधार प्रमाण मानी कसुरदार ठहर गर्न न्यायोचित हुने नदेखिने। प्रतिवादीले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू र रामु भन्ने व्यक्ति संलग्न भई किर्ते सही गरी रामुले पैसा झिक्ने गरेको र आफूले समेत उक्त रकम खाए मासेको कुरालाई स्वीकार गरे पनि अदालतसमक्ष बयान गर्दा आरोपित कसुरलाई पूर्णतः इन्कार गरेको पाइन्छ। निजले अनुसन्धानको क्रममा गरेको बयानमा आफूले मासे खाएको भनी उल्लेख गरेको रकमसमेत निजबाट बरामद भएको नदेखिँदा निजको बयान समर्थित हुनसकेको नदेखिने।

जाहेरवालाको निजी कम्पनीको चेक ठगी गरेको विषय भई उक्त विषय सरकारी कागज नभएको हुँदा किर्तेतर्फ समेत दाबी लिनुपर्नेमा दाबी नलिएको अभियोग दाबी आफैँमा अपूर्ण रहेको देखिन्छ। बैंकको स्पेसिमेन कार्डमा भएको दस्तखत र विवादित चेकमा भएको दस्तखत नमिलेको भनी विशेषज्ञको राय रहेको तथा विवादित चेकमा भुक्तानी लिनेको पीठमा गरिदिएको सहीछापसमेत परीक्षण गर्ने क्रममा सर्वोच्च अदालतका रेखा तथा लेखा विशेषज्ञले चेकको पिठमा भएको हस्ताक्षरहरूमा भएको लेखवटको विशेषतासँग

महेश महतो थारूले लेखेको अक्षरहरू आपसमा मिल्दैन भन्ने राय दिएको अवस्थामा प्रतिवादीले नै उक्त चेकका रकमहरू भुक्तानी लिए खाएका हुन् भनी यकिन गर्न सकिने अवस्थासमेत देखिन नआउने।

तसर्थ प्रतिवादी जाहेरवाला कम्पनी अमर टेक्सटाइल प्रा.लि.को कर्मचारी भएको भन्ने कुरा पुष्टि हुन नसकेको अवस्थामा निजले लेखातर्फको काम गर्ने तथा चेक निज प्रतिवादीकै जिम्मामा हुने भन्न स्वाभाविकसमेत नदेखिएको, प्रतिवादीको दस्तखतसँग चेकको दस्तखत मिलेको भन्ने नदेखिएको तथा अनुसन्धानमा दिएको साबिती बयान इच्छा विरूद्ध गराएको भनी अदालतमा प्रतिवादीले इन्कारी बयान गरेकोमा अनुसन्धानमा गरेको साबितीलाई समर्थन गर्ने अन्य प्रमाणको अभावमा अपुष्ट साबितीलाई एक मात्र आधार मानी शंकाको भरमा कसुरदार ठहराउन नमिल्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको उपेक्षा गरी सुरू पर्सा जिल्ला अदालतले सफाइ दिने ठहराएको फैसला उल्टी गरी प्रतिवादीलाई वादी दाबीबमोजिम कसुरदार ठहराएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६३।८।३।१ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : ध्रुवकुमार ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल असोज १५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०३३३, उत्प्रेषण, *डिल्लीराम धामीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

हाल भएको तलबमानसम्बन्धी भएको व्यवस्थाअनुसार तृतीय श्रेणी र द्वितीय श्रेणीको तलबमानको अन्तरबाट ज्येष्ठताको हिसाबले ८/१० वर्षपछि तृतीय श्रेणीको भन्दा द्वितीय श्रेणीको शिक्षकको तलब कम हुन जाने परिस्थितिको सिर्जना हुने भएको देखिँदा त्यसलाई व्यावहारिक मान्नु पर्ने देखिएन। श्रेणीको अन्तरको दृष्टिबाट पनि माथिल्लो श्रेणीको तलब तल्लो श्रेणीको भन्दा उपल्लो हुनु नै व्यावहारिक एवं न्यायोचित हुने कुरामा द्विविधा नदेखिँदा निवेदकहरूको हक हित तथा व्यावसायिक वृत्ति विकास र काम कर्तव्यप्रतिको जवाफदेहितासमेतलाई विचार गर्दा त्यसरी असमान हुने गरी भएको तलबमानसम्बन्धी मिति २०६६।४।४ को निर्णय सामान्य सिद्धान्त र मूल्य एवं मान्यताको विपरीतसमेत भएको देखिने।

तसर्थ, उल्लिखित विवेचित आधार र कारणहरूसमेतबाट तृतीय श्रेणी र द्वितीय श्रेणीबिचको तलबमानमा देखिएको असमानतालाई हटाई व्यावसायिक वृत्ति विकासलाई महत्त्व दिई प्रा.वि. तृतीय श्रेणीमा कार्यरत शिक्षक र द्वितीय श्रेणीमा कार्यरत शिक्षकहरूको तलबमान कनिष्टभन्दा कम नहुने गरी व्यवस्था गरिएमा समानताको दृष्टिसमेतबाट न्यायसङ्गत हुने हुँदा अहिले भएको तलबमानसम्बन्धी निर्णय शिक्षा नियमावली तेस्रो संशोधन, २०६२ को नियम १०२ को व्यवस्थाको प्रतिकूल भई मिलेको नदेखिँदा नेपाल सरकारको मिति २०६६।४।४ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। रिट निवेदकहरूको प्रा.वि द्वितीय श्रेणीको तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुने गरी हालसम्म नमिलाएको भए मिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : विनोदकुमार बानिया

इति संवत् २०७४ साल पौष ४ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०८००, कर्तव्य ज्यान, *अहमद*

*अन्सारी वि. नेपाल सरकार*

जाहेरवालाले साबिकमा जाहेरी दिँदा मो.अहमद अन्सारी खेलाडी भएको भनी उल्लेख नगरेको तर मो. अहमद अन्सारी पक्राउ परेपछि निजलाई खेलाडीको नाताले चिन्दछु भनी जाहेरवालाले गरेको बकपत्र आफैँमा विवादास्पद देखिएको, निज घटनाको प्रत्यक्षदर्शी नभएको, मो.अहमद अन्सारी पक्राउ परेपछि निजलाई नागरिकता र सवारी चालक अनुमति पत्रको आधारमा मो.अहमद अन्सारी र कुन्नु अन्सारी भन्ने कुरा बकपत्र र सनाखत कागजातमा उल्लेख गरेकै आधारमा कुन्नु अन्सारी र मो.अहमद अन्सारी एकै व्यक्ति हुन् भनी मान्न मिल्ने नदेखिने।

मृतक दलबहादुर गुरूङको निवेदन, जाहेरवालाको जाहेरी, प्रतिवादीको बयानलगायत मिसिल संलग्न कागजातसमेत हेर्दा अभियोग पत्रमा उल्लेख भएका प्रतिवादीमध्येका कुन्नु अन्सारीको बुबाको नाम अब्दुल हमित अन्सारी रहेको र निजको ठेगाना जिल्ला बाँके नेपालगन्ज नगरपालिका वडा नं. २ रहेको तर पक्राउ परेका कुन्नु अन्सारीको नाम मोहम्मद अहमद अन्सारी रहेको, बाबुको नाम मोहमद हमिद अन्सारी र निजको ठेगाना बाँके जिल्ला, नेपालगन्ज नगरपालिका वडा नं. ३ घरबारी टोल रहेको देखिन आयो। जाहेरी दरखास्त र अभियोग पत्रलगायत यी मोहम्मद अहमद अन्सारी पक्राउ पर्नुअगाडि तयार भएका मिसिल संलग्न कागजातमा कहीँकतै पनि कुन्नु अन्सारी भन्ने व्यक्ति मोहम्मद अहमद अन्सारी हो भनी उल्लेख गरेको देखिएन। यसरी हेर्दा अभियोग पत्रमा उल्लेख भएका प्रतिवादी र पक्राउ परेका व्यक्तिको नाम, थर, वतन र बुबाको नाम नै फरक रहेको देखिँदा कुन्नु अन्सारी र मो.अहमद अन्सारी भन्ने व्यक्ति एउटै हुन् भनी वादी पक्षबाट शंकारहित तवरबाट पुष्टि हुन सकेको नपाइने।

यसर्थ प्रस्तुत मुद्दामा कसुर गर्ने व्यक्ति भनी जाहेरी दरखास्तलगायत अभियोगपत्रमा उल्लिखित कुन्नु अन्सारी नै यी प्रतिवादी मोहमद अहमद अन्सारी हुन् भन्ने निर्विवाद र शंकारहित प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन्छ। कुनै पनि फौजदारी कसुरमा अभियुक्तहरूउपरको कसुर वादीले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ भन्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पष्ट रूपमा रहेको देखिन्छ । सोहीअनुरूप अभियोगपत्रमा उल्लिखित कुन्नु अन्सारी यिनै पक्राउ परेका पुनरावेदक मोहम्मद अहमद अन्सारी हुन् भनी पुष्टि हुने कुनै तथ्ययुक्त ठोस सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिएन । यस्तो अवस्थामा केवल अभियुक्तको खोजतलासको क्रममा निज कुन्नु अन्सारी भन्ने व्यक्ति मोहम्मद अहमद अन्सारी हुन् भन्ने कुरालाई मात्र आधार मानी ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा बिना आधार, प्रमाण यी पुनरावेदकलाई सजाय गरेको कुरा न्यायसङ्गत देखिन आएन। मिसिल संलग्न प्रमाण कागजातहरू, बुझिएका व्यक्तिहरूको भनाइ, प्रतिवादी र सहप्रतिवादीको अदालतसमक्षको बयानलगायतका प्रमाणहरूबाट प्रतिवादी भनिएका कुन्नु अन्सारी र पक्राउ परी आएका मोहम्मद अहमद अन्सारी एउटै व्यक्ति हुन् भनी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई बाँके जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मनासिब मान्न मिल्ने नदेखिने।

तसर्थ कुन्नु अन्सारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेकोमा कुन्नु भन्ने मोहम्मद अहमद अन्सारी भनी मोहम्मद अहमद अन्सारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६९।०२।२९ मा

भएको फैसला सदर गरेको पुनरावेदन अदालतको मिति २०७१।०३।१५ को फैसला कुन्नु भन्ने मोहम्मद अहमद अन्सारीको हकमा मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई कुन्नु भनिएका मोहम्मद अहमद अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७५ साल कार्तिक १४ गते रोज ४ शुभम्

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०६९-CI-०७५९, मिलापत्र लिखत, दर्ता बदर, खिचोला मेटाई हक कायम गरिपाउँ, *बासुदेव पाध्या वि. हिरादेवी पौडेलसमेत*

तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) मा उल्लिखित कानूनी व्यवस्थाअनुसार रू.५०,०००।- (पचास हजार रूपैयाँ) वा सोभन्दा बढी बिगो भएको मुद्दामा पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने देखिने।

वादी वासुदेव उपाध्यायले यस अदालतमा पुनरावेदन गर्दा तत्काल प्रचलित **न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग)** मा रहेको कानूनी व्यवस्था सन्दर्भमा हेर्दा प्रस्तुत मुद्दामा वादीले मिलापत्र बदरसमेतको दाबी लिएको **बिगो पचास हजार रूपैयाँ**भन्दा कम अर्थात् रू.१५,७००।- (पन्ध्र हजार सात सय मात्र) रहेको देखिँदा पर्वत जिल्ला अदालतको फैसला केही उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत बागलुङले मिति २०६८।१२।२२ मा गरेको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिने।

अतः यस अदालतको पुनरावेदकीय अधिकार क्षेत्रभित्र नपर्ने र पुनरावेदन लाग्न नसक्ने अवस्थामा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) विपरीत प्रस्तुत पुनरावेदनपत्र दर्ता भएको देखिँदा प्रस्तुत मुद्दाको औचित्यभित्र प्रवेश गरी पुनरावेदन अदालत बाग्लुङको मिति २०६८।१२।२२ को फैसला मिलेको छ छैन भन्नेतर्फ विचार गरिरहनु परेन। प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृतः- भगवती शर्मा ढुङ्गाना

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७६ साल श्रावण २७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०६७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानजित राईसमेत*

मृतक सन्तोष राईलाई प्रतिवादीहरू मानजित राई, धनकुमार राई, देवीप्रसाद राईले कर्तव्य गरी मारेको नभई केबल डर त्रासमा परी मृतकलाई एक एक भाटा कुटेको भनी स्वीकार गरेको देखियो। तर यी प्रतिवादीहरूले मृतकको मृत्यु भएको सूचना सम्बन्धित निकाय र जाहेरवालालाई तत्काल दिएको नदेखिएको र अनुसन्धानको क्रममा पक्राउ परेको देखिँदा यी प्रतिवादीहरूलाई सुरू जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं.बमोजिम ५ वर्ष कैद सजाय हुने गरी गरेको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन। यसमा प्रतिवादीहरू मानजित राई, धनकुमार राई, देवीप्रसाद राईलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

अर्का प्रतिवादी सुकमान राईको हकमा निजको वारदातमा संलग्नता रहे नरहेको सन्दर्भमा हेर्दा, निजले अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादीहरू लक्ष्मण राई, गंगा राई, श्यामकुमार राई, जितबहादुर राई, राजन राईसमेतले मृतकलाई कुटपिट गरी खाल्डो खनी गाडेको भन्ने सुनेको हुँ, हल्ला गरेमा

ज्यान मार्नेसम्मको धम्की दिएको कारणबाट कसैलाई भन्न सकिन भन्ने बेहोरा उल्लेख गरेको पाइयो। सोही बेहोरालाई समर्थन हुने गरी अदालतसमक्ष निजले वारदात मिति २०६४।२।२० मा हर्कराज राईको घरमा भएको घरपैंचो पूजामा सामेल नभएको र उक्त घटनाको बारेमा साथीहरूले भनेपछि थाहा पाएको हुँ भनी बयान गरेको पाइयो। प्रतिवादी मानजित राईको अदालतसमक्षको बयानमा निजले सुकमान राईलाई पोल नगरी बयान गरेको पाइयो । अर्का प्रतिवादी देवीप्रसाद राईले अदालतसमक्ष बयान गर्दा सुकमान राईले मृतकलाई कुटपिट गरेको आफूले नदेखेको भनी निजलाई पोल नगरी बयान गरेको पाइयो। यसर्थ प्रतिवादी सुकमान राईको बयान, सहअभियुक्तहरूको बयानसमेतबाट निज वारदातस्थलमा उपस्थित नभएको र वारदातमा पनि कुनै प्रकारको संलग्नता रहेको नदेखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेकै देखियो। प्रतिवादीको वारदातमा संलग्नता रहेको, निजले घटनाको बारेमा कहीँकतै खबर नगरेको हुदाँ निजलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर पुग्न नसक्ने।

तसर्थ, विवेचित आधार, कारणबाट प्रतिवादीहरू मानजित राई, धनकुमार राई, देवीप्रसाद राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्षका दरले कैद हुने र प्रतिवादी सुकमान राईको हकमा निज वारदातस्थलमै नगएको र मृतकलाई कुटपिट गरेको भन्ने तथ्य प्रमाणित नभएबाट निजउपरको अभियोग दाबी पुग्न नसकी सफाइ पाउने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६७।२।२६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६८।३।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः- सुभद्रा जि.सी.

इति संवत् २०७५ साल श्रावण २८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-१३९८, जग्गा खिचोला पर्खाल हटाई चलन, *दिनेशप्रसाद साह वि. सुनिल जालान*

विवादित जनकपुर नगरपालिका वडा नं.८ कि.नं. १४९ को जग्गामा यी वादी प्रतिवादी दुवै पक्षको दाबी रहेको र उक्त जग्गा वादीले उपर्युक्त मिलापत्रबमोजिम राजिनामा पारित गरी लिएको साबिक कि.नं. ३०१ बाट आएको हो भनी दाबी लिएको र प्रतिवादीले उक्त जग्गा साबिक कि.नं.३०३ बाट आएको भनी जिकिर लिएको देखिँदा सो सम्बन्धमा पत्राचार गर्दा यी प्रतिवादीले जिकिर लिएको साबिक जनकपुर नगरपालिका वडा नं. ८(ख) को कि.नं. ३०३ को जग्गा हाल जनकपुर नगरपालिका वडा नं. ८, सिट नं. १३५५-१६, कि.नं.२ कायम भई उक्त कि.नं. २ को जग्गा कित्ताकाट भई हाल कि.नं. २२२, २२४, २३७, २३८, २३६ कायम भएको देखिन्छ भनी नापी शाखा धनुषाको च.नं.१०७६, मिति २०५८।३।५ को पत्र र यी वादीले दाबी लिएको साबिक जनकपुर नगरपालिका वडा नं.८(ख) को कि.नं. ३०१ को जग्गा हाल जनकपुर नगरपालिका वडा नं. ८, सिट नं. १३५५-११ को कि.नं.५२ कायम भई उक्त जग्गा पुन: कित्ताकाट भई हाल कि.नं.१४९ कायम भएको देखिन्छ भनी नापी शाखा धनुषाको च.नं.१०२२, मिति २०५८।२।१७ को पत्र प्राप्त भई मिसिल संलग्न रहेको देखिने।

प्रतिवादीले मेरो स्व. पत्नी राधादेवी जालानले साबिक कि.नं. ३०३ को क्षेत्रफल ०-२-१५ जग्गा मिति २०२५।२।१७ मा श्री जानकी जी स्थानको महन्त रामशरण दास वैशणवसँग मनखपमा लिएको हो । उक्त जग्गा शहरी नापी हुँदा कि.नं.५२ कायम भई पुन: २०४९ को नापीमा कि.नं.१४९ मा क्षेत्रफल ०-३-१-२ कायम भएको हो भनी जिकिर लिएको देखिए तापनि प्रतिवादीले आफूले लिएको जिकिरलाई पुष्टि गर्न सकेको देखिँदैन भने यी वादीले

दाबी लिएको मिलापत्रबमोजिम राजिनामा पारित गरी लिएको साबिक कि.नं. ३०१ को जग्गा हाल कि.नं. ५२ कायम भई सो जग्गासमेत कित्ताकाट भई हाल कि.नं. १४९ कायम भएको हो भनी वादी दाबीलाई समर्थन तथा पुष्टि गर्ने गरी नापी शाखाबाट पत्र प्राप्त भएको देखिँदा प्रतिवादीले लिएको उपर्युक्त जिकिर तथ्यमा आधारित नदेखिने ।

वादी दिनेशप्रसाद साह र साबिक जग्गाधनी रामनन्दन सिंहबिच भएको करार तथा मिलापत्रबमोजिम यी वादीले साबिक जग्गाधनी रामनन्दन सिंहबाट राजिनामा पारित गरी लिएको जग्गा साबिक कि.नं. ३०१ बाट कि.नं. ५२ कायम भई उक्त कि.नं.५२ को जग्गा पुन: कित्ताकाट भई हाल कि.नं.१४९ को क्षेत्रफल ०-३-१-२ कायम भएको नापी शाखाको उपर्युक्त पत्रबाट देखिएको, यी वादी र साबिक जग्गाधनी रामनन्दन सिंहबिच भएको करार लिखत र राजिनामाको लिखतसमेत जालसाजी घोषित गरिपाउँ भनी यी प्रतिवादीले दिएको जालसाजी मुद्दामा धनुषा जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरेको फैसला र यी प्रतिवादीले यी वादीसमेत उपर दिएको मिलापत्र बदर मुद्दामा निजले तारेख गुजारेको कारण धनुषा जिल्ला अदालतबाट भएको डिसमिस फैसला पुनरावेदन अदालत जनकपुरबाट समेत सदर भई अन्तिम भएर रहेको देखिँदा उक्त राजिनामाको लिखतसमेतको कानूनी हैसियत यथावत् कायमै रही उक्त जग्गामा यी वादीको हक भोग रहेको देखिएको र उक्त जग्गामा प्रतिवादीले पर्खाल लगाएको स्वीकार गरी प्रतिउत्तर फिराएको समेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट वादीले राजिनामा पारित गरी लिएको वादीको हकको कि.नं. १४९ को क्षेत्रफल ०-३-१-२ जग्गामा प्रतिवादीले पर्खाल लगाई खिचोला गरेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला कानूनसम्मत भएको नदेखिने ।

अत: वादीको हकको कि.नं. १४९ को जग्गामा प्रतिवादीले पर्खाल लगाई खिचोला गरेको देखिँदा वादी दाबी पुग्ने गरी सुरू धनुषा जिल्ला अदालतले मिति २०५९।२।१३ मा गरेको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत जनकपुरले मिति २०६७।२।२ मा गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई वादीले दाबीबमोजिम खिचोला मेटाई चलन चलाई पाउने ।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७५ साल चैत्र ११ गते रोज २ शुभम् ।

## इजलास नं. ८

**१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-१६८१, कर्तव्य ज्यान, *रामचन्द्र के.सी. वि. नेपाल सरकार*

जाहेरवालाको पहिलो जाहेरी दरखास्त र दोस्रो जाहेरी दरखास्तमा एकरूपता नदेखिएको, जाहेरी बेहोरा र अदालतको बेहोरा पनि फरक फरक रहेको, प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूले नै घटनामा १५/२० मिनेटपछि मात्र पुगेको भनेको, जाहेरवाला स्वयंले एक-एक गरी मानिस चिन्न सक्ने अवस्था नरहेको भनी उल्लेख गरिदिएको, कुटपिटमा प्रयोग भएका भनिएका साधन / हतियार तथा कुटपिट गरी कान्लामुनि खसाएको भन्ने सम्बन्धमा प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूको कथनमा एकरूपता नदेखिएको, लासजाँच मुचुल्काबाट देखिएका घाउचोटहरूको प्रकृतिबाट प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूले भनेअनुरूपका हतियारको चोट नदेखिएको, प्रयोग भएका भनेका हतियार र साधनहरू बरामद नभएको समेतबाट वादीको अभियोग दाबीअनुरूप विशेषण घर्तीलाई नै मार्नका लागि आक्रमण गरेको भन्ने

तथ्ययुक्त र शंकारहित तवरबाट पुष्टि हुनसकेको अवस्था देखिएन। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गर्नका लागि मनसायपूर्वक हत्या गरिएको हुनु पर्ने हुन्छ। प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणबाट विशेषणलाई मार्नु पर्ने कारण पनि नदेखिएको, पूर्वरिसइवी रहेको भन्ने पनि नदेखिएको र निजलाई नै मार्ने उद्देश्यबाट आक्रमण भएको भन्ने पनि पुष्टि हुन नसकेको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनु पर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालाको जाहेरी दरखास्त, घटना विवरण कागज, घटनास्थल मुचुल्का र लासजाँच मुचुल्काका व्यक्तिहरूले लेखाएको बेहोरा र अदालतको बकपत्र, शव परीक्षण प्रतिवेदनसमेतका समग्र प्रमाणहरूको विश्लेषणबाट समेत प्रतिवादीहरू र मृतक पक्षबिचमा मिति २०६९/०२/२१ गते जेष्ठ पूर्णिमाको मेलामा भएको झगडा मिलाउन भनी मिति २०६९/०२/२२ गते फोनमार्फत सरसल्लाह भएको र सरसल्लाहबमोजिम दुवै पक्षलाई पायक पर्ने स्थान सिमलवाङमा भेट भई छलफल गरी विवाद मिलाउन भनी १५/२० जनाको संख्यामा दुवै पक्षबाट व्यक्तिहरू जम्मा भएको अवस्थामा झडप हुन गई मृतक विशेषण घर्ती घाइते भएका र उपचारको लागि लैजाने क्रममा बाटोमा नै मृत्यु भएको भन्ने पुष्टि हुन आयो। प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भन्ने देखिइरहेको यस्तो अवस्थामा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिन मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादीहरूको अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर तथ्ययुक्त र तर्कसङ्गत देखिन नआउने।

मिसिल संलग्न प्रमाणहरू हेर्दा प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरू र जाहेरवाला कसैको कथनबाट पनि मृतक विशेषण घर्तीको यो यस्तो कार्यबाट प्रतिवादीहरूलाई तत्काल रिस उठ्न गई प्रहार गरेको भन्ने देखिएको छैन । दाजुलाई कुटपिट भएपछि बचाउनको लागि जाँदा भन्ने प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूको कथन रहेको छ । निजहरू प्रत्यक्षदर्शी हुन् भन्ने पनि शंकारहित तवरबाट पुष्टि भएको अवस्था छैन । अदालतमा समेत साबित हुने प्रतिवादीहरूका कथनअनुरूप दुई पक्षको बिच हानाहान हुँदा विशेषण घर्तीलाई बढी चोट लाग्न गई मृत्यु भएको भन्ने रहेको र घटनाको समग्र स्थितिलाई मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरिरहेको देखिएको छ। तसर्थ विशेषण घर्तीको कुनै पनि कार्य र व्यवहारको परिमाणस्वरूप उक्त वारदात घटित भएको नदेखिएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नदेखिने।

प्रतिवादीहरू र मृतक दुवै पक्षको उद्देश्य छलफल गरी विवाद समाधन गर्नु रहेको देखिन्छ । प्रतिवादीहरू र मृतक पक्षका बिचमा पूर्वरिसइवी रहेको, योजनाबद्ध रूपमा प्रतिवादीहरूले कुटपिट गरेको, वा आवेगमा आई प्रहार गरेको भन्ने देखिँदैन। मृतक पक्ष र प्रतिवादीहरूबिचमा अघिल्लो दिन भएको सामान्य विवाद छलफलबाट समाधान गर्न भेला भएको अवस्थामा विवाद भई हात हालाहालसम्म हुन गएकोमा मृतक विशेषण घर्ती घाइते हुन गई उपचारको लागि लैजाँदै गर्दा बाटोमा मृत्यु भएको देखिएको छ। वादी पक्ष र प्रतिवादीहरूबिच यसभन्दा पहिला कुनै रिसइवी भएको वा योजना बनाई कुटपिट गरेको भनी स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूद्वारा पुष्टि भएको देखिँदैन। संयोगवश दुवै पक्षका बिचमा भएको हानाहानको क्रममा प्रतिवादी घाइते भई सोही कारण मृत्यु हुन गएकोसम्म देखियो। ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएकोमा भवितव्य ठहर्छ भन्ने मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा व्यवस्था रहेको देखिन्छ । त्यसरी भवितव्य भई

मानिसको ज्यान मरेकोमा रक्षा शिक्षा गर्दाबाहेक अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ भन्ने ज्यानसम्बन्धी महलको ६(४) नं. मा रहेको कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं.बमोजिम भवितव्यको कसुर गरेको देखिने।

तसर्थ उपर्युक्तअनुसारका तथ्य र प्रमाणको आधारमा प्रतिवादीहरू चुमान भन्ने सुमन थापा, दुर्गा भन्ने दुर्गबहादुर पुन, विकल के.सी., रोहित पुन, राकेश पुन, खिमबहादुर थापा, कृष्ण परियार, टंक पुन, साहिराम दमाई, हुकुम बुढा, मनोज थापा, विनबहादुर घर्ती, उशेष घर्ती, पृथ्वी भन्ने सुरज श्रेष्ठ, रामचन्द्र के.सी., नरबहादुर घर्ती, चुरण श्रेष्ठ र नरे भन्ने नरबहादुर घर्तीमगरले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं.बमोजिम भवितव्यको कसुर देखिएकाले निज प्रतिवादीहरूलाई पुनरावेदन अदालत तुलसीपुरबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० वर्ष कैद सजाय गर्ने गरेको मिति २०७२/०५/२९ को फैसला केही उल्टी भई प्रतिवादीहरूमध्ये दुर्गा भन्ने दुर्गबहादुर पुन, विकल के.सी., रोहित पुन, राकेश पुन, खिमबहादुर थापा, कृष्ण परियार, टंक पुन, साहिराम दमाई, हुकुम बुढा, मनोज थापा, विनबहादुर घर्ती, उशेष घर्ती, पृथ्वी भन्ने सुरज श्रेष्ठ, रामचन्द्र के.सी., नरबहादुर घर्ती, चुरण श्रेष्ठ र नरे भन्ने नरबहादुर घर्तीमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं.बमोजिम जनही २ (दुई) वर्ष कैद र रू.५००/- (पाँच सय) जरिवाना हुने ठहर्छ। प्रतिवादीहरूमध्ये चुमान भन्ने सुमन थापा नाबालक देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं.बमोजिम आधा सजाय हुने हुँदा १ वर्ष कैद र रू.२५०/- जरिवाना हुने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल भाद्र २५ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१५४३, बिना इजाजत जडिबुटी ओसार पसार गरेको, *सिंहबहादुर शाही वि. नेपाल सरकार*

मिसिल संलग्न रहेको च.नं.१६१ मिति २०६८/०८/२३ को छोडपुर्जीमा १५०० के.जी. जटामसी मात्र दरपिठ भएको देखियो। बरामद हुँदाका अवस्थामा ट्रकमा ३०१३ के.जी. जटामसी बरामद भई छोडपुर्जीभन्दा १५१३ के.जी. जटामसी र अन्य जडिबुटी बढी भई अवैध अवस्थामा रहे भएको देखियो। यसरी १५०० के.जी.जटामसी निकासी गर्ने सिलसिलामा १५१३ के.जी.जटामसी थप गरी जम्मा ३०१३ के.जी. जटामसी निकासी गर्न लागेको देखिँदा निकासीका लागि दरपिठ गरिएको १५०० के.जी. भन्दा बढी परिमाणको जटामसी र अन्य जडिबुटी निकासी गर्ने कार्य कानूनविपरीतको देखियो। यस अवस्थामा आफूले प्राप्त गरेको इजाजत पत्रमा उल्लेख भएको परिमाणभन्दा अधिक जडिबुटी निकासी गर्ने कार्यमा पुनरावेदकको संलग्नता देखिन आएकाले आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित तथ्य, आधार, प्रमाण र कारणहरूबाट पुनरावेदक सिंहबहादुर शाहीले १५०० के.जी. भन्दा बढीको १५१३ के.जी. जटामसी र ३९८ के.जी. कुट्की, २७ के.जी. बज्रदन्ती र २८ के.जी. अत्तीसजरा नामक अन्य जडिबुटिको छोडपुर्जी प्राप्त गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको, सिंहबहादुर शाहीको छोडपुर्जीको आधारमा जडिबुटी आफूले लिई गएको भनी सहअभियुक्त खडकबहादुर ऐडीको भनाइ रहेको र निकासी इजाजतभन्दा बढी परिमाणको जडिबुटी यी पुनरावेदक प्रतिवादीले निकासी गर्न लागेको अवस्था विद्यमान देखिएबाट प्रतिवादी सिंहबहादुर शाहीलाई सफाइ दिने गरेको

सुर्खेत जिल्ला अदालतको मिति २०६९/०२/१८ को फैसला केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७०/०४/२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- विष्णुप्रसाद आचार्य

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल फाल्गुण १६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०८५६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. जीवन तामाङसमेत*

प्रतिवादी बलबहादुर लिङ्गदेन मिति २०६९।८।१२ को कागजमा साक्षी बसेको देखिए पनि निजले अनुसन्धान अधिकारी र न्यायाधिकरणसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सहअभियुक्त जीवन तामाङले अनुसन्धान अधिकारीसमक्ष गरेको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको देखिँदैन । यी प्रतिवादीहरूउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम सजाय हुने मतियार हुन् कि भनी विचार गर्दा यी प्रतिवादीहरूले जाहेरवालालाई वैदेशिक रोजगारमा लगाइदिने भनी कुनै प्रकारबाट आश्वासन दिएको वा अन्य कुनै कार्य गरेको भनी जाहेरवाला स्वयम्ले उल्लेख गर्न सकेको पाइएन। प्रतिवादीमध्येका जीवन तामाङलाई सहयोग गरी कसुरजन्य कार्यमा संलग्न भएको भनी मान्न सकिने प्रमाण प्रस्तुत हुन आएको देखिएन । यस अवस्थामा केवल सहअभियुक्त जीवन तामाङले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पोल गरेको भन्ने आधारमा कसुरदार ठहर गर्नु न्यायोचित हुने देखिँदैन । निज दुईजना प्रतिवादीहरूका हकमा वैदेशिक रोजगार न्यायाधिकरणबाट सफाइ दिने ठहऱ्याइएको फैसला मिलेकै देखिन आउने।

अतः माथि वर्णित आधार प्रमाणबाट प्रतिवादीहरू बलबहादुर लिङ्गदेन र चन्द्रबहादुर मगरलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंले मिति २०७१।४।२७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

कम्प्युटर : विनोदकुमार बानिया

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-०२०५, लागु औषध चरेश, *नेपाल सरकार वि. कर्मा गुरूङ*

मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा प्रत्यर्थी / प्रतिवादी कर्मा गुरूङबाट लागु औषध बरामद भएको भन्ने पनि देखिन आउँदैन । निजको कसुरमा यस्तो संलग्नता रहेको थियो भनेर वादी नेपाल सरकार पक्षका साक्षीहरूले पनि खुलाउन सकेको पाइँदैन । यी प्रत्यर्थीले कसुरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ । निजको बयान निजका साक्षीबाट समेत समर्थित हुन आएको छ । प्रतिवादीमध्येका प्रेम थापा मगरले पनि यी कर्मा गुरूङको कसुरमा संलग्नता रहेको भनी किटान गरी लेखाउन सकेको छैन । यसप्रकार मिसिल संलग्न प्रमाण कागज हेर्दा यी प्रत्यर्थी / प्रतिवादी कर्मा गुरूङले अभियोग दाबीअनुसारको कसुर गरेको पुष्टि हुन सक्ने देखिन आएको छैन । सहप्रतिवादी प्रेम थापा मगरले यी प्रत्यर्थीउपर पोल गरे पनि निजले गरेको पोल अन्य कुनै प्रमाण कागजबाट पुष्टि हुन आएको छैन । निजले आफू कसुरबाट बच्नलाई पनि कर्मा गुरूङउपर पोल गरेको हुन सक्ने हुन्छ । अन्य कागज प्रमाणबाट अर्थात् स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकेको मौखिक भनाइले मात्र कसैलाई अभियोग दाबीअनुसारको कसुरदार मान्न सकिँदैन । यसमा पनि अन्य प्रमाणहरूबाट समर्थित हुन नसकेको सहप्रतिवादी प्रेम थापा मगरको यी प्रत्यर्थीउपरको पोल मात्र यी प्रत्यर्थीउपरको अभियोग

दाबीअनुसारको कसुर पुष्टि हुने आधार बन्न सक्ने देखिँदैन । त्यसैले सहप्रतिवादीले पोल गरेको हुँदा यी प्रत्यर्थी / प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय हुनु पर्दछ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार र कारणबाट यी प्रत्यर्थी / प्रतिवादी कर्मा गुरूङलाई अभियोग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा ऐ. को दफा १४(१)(घ)(५) बमोजिम ४ (चार) वर्ष कैद र रू. ३०,०००/- (तीस हजार) जरिवाना हुने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५/०८/११ मा भएको फैसला केही उल्टी गरी यी प्रत्यर्थी / प्रतिवादी कर्मा गुरूङलाई लागु औषधको मतियारसम्मको कसुरमा २(दुई) वर्ष मात्र कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६/०८/०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- यदुराज शर्मा

इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-०३६८, बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, *श्यामप्रसाद घिमिरे वि. मिना घिमिरे निरौला*

पुनरावेदकहरूका पिता पति स्व.टिकादत्त घिमिरेले आफूलाई रिझाएबापत भनी निजका नाममा दर्ता रहेको वादी दाबीको कि.नं.१७०, १७३, २४९ को हकमा बन्डा नछुट्टिएका जम्मा ९ जना अंशियार भएको देखिँदा र सो कित्ताहरूमा स्व.टिकादत्तको मात्र एकलौटी हक भएको नदेखिँदा वादी दाबीअनुसार नै ९ भागमध्ये १ जनाले मिलापत्र गरिसकेको पाइएकोले ५ भाग लिखत बदर भई सोको आधारमा भएको दर्तासमेत बदर भई वादीहरूको नाउँमा दर्ता हुने ठहर भइसकेको पाइन्छ । सो सम्बन्धमा कुनै विवाद रहेभएको पनि पाइँदैन । हाल पुनरावेदन जिकिरको कि.नं.१३१ को सम्बन्धमा हेर्दा उक्त जग्गाको कुल क्षेत्रफल ज.वि.१–०–० रहेभएको पाइन्छ । सोलाई ९ अंशियारको भाग लगाउँदा निज टिकादत्तको अंश भागमा पर्न आउने १ भागभन्दा घटी नै क्षेत्रफलको जग्गा अर्थात् ज.वि. ०–२–२ जग्गामात्र निजले बकसपत्र पारित गरिदिएको देखिन आयो । यसबाट यी पुनरावेदक / वादीहरूलगायतका अंशियारहरूको अंशभाग मेटिने देखिँदैन । यी पुनरावेदकहरूले सो जग्गाबाट पाउनु पर्ने अंश भाग निज टिकादत्तले दानबकस दिएर बाँकी रहेको जग्गाबाट पाउन सक्ने अवस्था रहेको नै देखिन्छ । त्यसैले कि.नं.१३१ को ज.वि. १–०–० जग्गामध्ये कित्ताकाट गरी आफ्नो अंश हकजति नै अर्थात् ज.वि. ०–२–२ जग्गामात्र निज टिकादत्तले दानबकस पारित गरेको देखिएकोले सो जग्गाको दानबकस बदर नहुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने।

अतः माथि विवेचित आधार र कारणहरूबाट वादी दाबीको कि.नं.१३१ को ज.वि. १–०–० जग्गामध्ये कित्ताकाट गरी आफ्नो अंश हकको सीमाभित्र नै पर्ने ज.वि. ०–२–२ को जग्गाको हदसम्म लिखत बदरसमेतको वादी दाबी पुग्न नसक्ने देखिएकोले सो जग्गामा समेत वादी दाबीअनुसारको लिखत बदरसमेत हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।०२।३१ मा भएको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।९।३० मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृतः यदुराज शर्मा

इति संवत् २०७५ साल आषाढ १ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७१-CI-०३६९, बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, *शोभादेवी घिमिरेसमेत वि. मिना घिमिरे निरौला* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०६९७, जग्गा खिचोला चलन, *महेश बस्नेत वि. यज्ञप्रताप राणा*

सुरू बाँके जिल्ला अदालतबाट मिति २०६३।४।१२ मा भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. ७, १० र ११ मा विवादित जग्गा रहेको देखाइएको छ । सोही नक्साको कैफियत महलमा कित्ता नं ११३६ न. नं. ७ मा परेको र सो जग्गालाई विवादित देखाई सो जग्गामा गड्डा रहेको भनी जनाएको देखिन्छ। त्यसैगरी सोही नक्साको न.नं. १० मा कित्ता नं. ११३७ लाई संकेत गरी सो जग्गासमेत विवादित रहेको भनी जनाएको पाइन्छ। न.नं. ११ मा समेत कित्ता नं. ११३७ को केही जग्गा देखाएको तथा सो जग्गाको क्षेत्रफल ०-०-१ रहेको र सो जग्गामा भने विवाद जनाएको देखिँदैन । यसरी हेर्दा वादी दाबीको कित्ता नं. ११३६ र ११३७ को जग्गाहरूमध्ये न.नं. ३ जनिएको ०-०-१ बाहेक अन्य सबै जग्गा विवादित जनिई खिचोला रहेको भन्ने नक्सा मुचुल्काबाट स्पष्ट हुन आउने।

वादीको कि.नं. ११३६ र ११३७ को दर्ता स्रेस्ताभित्रको जग्गालाई आफ्नो हो भनी प्रतिवादीहरूले नक्सामा विवाद देखाएको अवस्थामा वादीले उल्लिखित जग्गा नक्सा मुचुल्कामा आफ्नो हो भनी उल्लेख गरेको र विवादित जग्गा नक्सा मुचुल्काबाट कि.नं. ११३६ र ११३७ को भन्ने देखिएको अवस्थामा प्रतिवादीहरूको खिचोला ठहर हुनु नपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवादित कित्ता नं. ११३६ र ११३७ का जग्गा वादीको दर्ता स्रेस्ताभित्र देखिएको, मिति २०६३।४।१२ मा भई आएको नक्सा मुचुल्काको न.नं. ७, १० र ११ मा उक्त दुवै कित्ता जग्गाहरू रहेको, न.नं. ७ र १० मा रहेका जग्गाहरूमा विवाद जनिएको र वादी दाबीका कित्ताहरूमा प्रतिवादीको भोग रहेको भनी प्रतिवादीकै साक्षीको बकपत्रबाट पुष्टि भइरहेको अवस्थामा सुरू बाँके जिल्ला अदालतले दाबी नपुग्ने ठहर गरेको मिति २०६५।९।९ को फैसला उल्टी गरी भई आएको स्थलगत नाप नक्साको न.नं. ११ मा रहेको ०-०-१ जग्गाबाहेक न.नं. ७ र १० मा रहेको कित्ता नं. ११३६ र ११३७ का जग्गा प्रतिवादीले खिचोला गरेको ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६९।६।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यदुनाथ शर्मा

इति संवत् २०७५ साल जेष्ठ २८ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CI-११२८, धर्मपुत्र लिखत बदर, *केशवप्रसाद दाहालसमेत वि. मिरूवती गडेरी*

प्रत्यर्थी प्रतिवादी मिरूवती गडेरीको नजिकका नातेदार शंकर गडेरीको बयानबाट स्व. सुकदेव गडेरीको छोरा सन्तान नभएको र १ मात्र छोरी भएकोमा गीता र मुसहरनी एउटै व्यक्ति हो । फरक फरक व्यक्ति होइन भन्ने देखिएको छ। वासुदेव गडेरीको पनि एक मात्र छोरा शंकर गडेरी भन्ने देखिएको छ । नाता सम्बन्धको विषयमा पारिवारिक सदस्यभित्रका व्यक्तिलाई बढी जानकारी हुनु स्वाभाविक हुन्छ। सुकदेव गडेरीको सन्तान कति छन्। दाजुभाइ कति छन् भन्ने विषय सुकदेव र बासुदेव गडेरीको परिवारभित्रका सदस्यहरूको भनाइ अन्यथा प्रमाणित नभएसम्म आधिकारिक नै मान्नुपर्ने । पुनरावेदक वादीले सुकदेव गडेरीको छोरी गीता र मुसहरनी रहेको, वासुदेव गडेरीको २ छोरा शंकर गडेरी र शिव गडेरी रहेको र अन्य नातेदार सप्तरीमा रहेको भनी लिएको पुनरावेदन जिकिर प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा केवल मौखिक जिकिरलाई मात्र प्रमाणको रूपमा लिन सक्ने अवस्था भएन । सुकदेव गडेरीको

एक मात्र छोरी मुसहरनी गडेरी र वासुदेव गडेरीको एक मात्र छोरा शंकर गडेरी भएको तथ्य नै सत्यापन हुन आएको देखिने।

धर्मपुत्र राख्ने पाटो गडेरीको देवर बासुदेव गडेरीको एक मात्र छोरा शंकर गडेरी भन्ने देखिएको छ । क्रमानुसार हेर्दा छोरीको छोरा कालुराम राउत गडेरीभन्दा अघिल्लो क्रममा देवरको छोरा शंकर गडेरी पर्ने देखिन्छ । शंकर गडेरीले अदालतमा बयान गर्दा वासुदेव गडेरीको आफू एक मात्र छोरा भएको र मिति २०५१।०३।१३ मा कालुराम राउत गडेरीलाई पाटो गडेरीले लिखत पारित गरी धर्मपुत्र राखेको ठिक छ, बदर हुनुपर्ने होइन भनी बयान गरेको देखियो । शंकर गडेरी वासुदेव गडेरीको एक मात्र छोरा भएको र धर्मपुत्रको १२ नं. ले ***"ऐनले धर्मपुत्र दिन लिन हुने हक पुग्ने भए पनि एउटा छोरा मात्र भएका अरू छोरा सन्तान नभएकोले सो छोरालाई धर्मपुत्र दिन र राख्नेले पनि राख्न हुँदैन । दिए लिए बदर हुन्छ"*** भन्ने व्यवस्था गरेको हुँदा शंकर गडेरी बासुदेव गडेरीको एक मात्र छोरा भएकोले उक्त १२ नं. ले शंकर गडेरी धर्मपुत्र दिन बस्न कानूनले नै अयोग्य मानेको देखियो । यसरी कानूनद्वारा योग्य नभएको व्यक्ति क्रमानुसार अघिल्लो नाताको भए पनि निजको लिखित मन्जुरी लिनुपर्ने अवस्था देखिन नआउने।

तसर्थ, माथि वर्णित आधार प्रमाणबाट पाटो गडेरीले प्रत्यर्थी प्रतिवादीको पति कालुराम राउत गडेरीलाई धर्मपुत्र राख्न पाउने देखिएको र धर्मपुत्रको १ नं.बमोजिमको परिधिभित्र रही रीत पुऱ्याई मिति २०५१।०३।१३ मा र.नं. १९१४६ बाट धर्मपुत्रको लिखत पारित भएको देखिएकोले उक्त धर्मपुत्रको लिखत सदर कायम हुने नै देखिँदा सुरू जिल्ला अदालतले मिति २०६९।२।३ मा गरेको फैसला बदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरले मिति २०७०।७।६ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

## इजलास नं. ९

### १

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-०५०३, जबरजस्ती करणी उद्योग, *रविन्द्र बुढाथोकी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा करणी गरौं भनी पीडितलाई भन्दा मानेकी हुनाले पछाडिबाट पीडितालाई समाती संवेदनशील अंग छातीमा समेत समाती करणी गर्न खोज्दा निज पीडिताले इन्कार गरिन् । पछि निजको बहिनीले हँसियाले हिर्काउन खोजेकोले म वारदातस्थलबाट भागी गएको हुँ भनी लेखाई दिएको देखिन्छ । मौकामा बुझिएकी वारदात स्थलका प्रत्यक्षदर्शी पीडिताको बहिनी शिला राजबंशीले मौकामा भएको कागजमा भएको सहीछाप मेरो हो । बेहोरा दिदीलाई समाएको रिसले भनेको हुँ । प्रतिवादीले दिदीलाई हातमा मात्र समाएको हो भनी सुरू अदालतमा बकपत्र गरेको देखियो । पीडिता परिवर्तित नाम "एम" ले सुरू अदालतमा उपस्थित भई प्रतिवादीले म घाँस काटिरहेको बेला मेरो हात मात्र समाएका हुन् । मौकाको बेहोरा रिसको झोंकमा भनेको हुँ । पछि बहिनीले हँसियाले हिर्काउन खोज्दा भागी गएका हुन् भनी बकपत्र गरिदिएको देखिँदा प्रस्तुत वारदात मुलुकी ऐन, आशय करणीको महलअन्तर्गतको कसुरको परिभाषाभित्र पर्न जाने देखिन आउने।

घटनास्थल प्रकृति मुचुल्का, पीडितले दिएको जाहेरी दरखास्त, पीडितले मौका गरिदिएको कागज, प्रत्यक्षदर्शी शिला राजवंशीको कागज, यी प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको बयान, पीडिता "एम" ले तथा प्रत्यक्षदर्शी शिला राजवंशीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका प्रमाणहरू र वारदातको प्रकृतिसमेतलाई हेर्दा प्रस्तुत वारदातमा स.मु.स. ऐन, २०४९ को दफा २७ अनुसार सरोकारवाला पीडितालाई झिकाई निजले सकार गरे वादी पक्ष कायम गरी प्रस्तुत मुद्दा प्रस्तुत मिसिलबाट आशय करणीतर्फ परिणत गरी कानूनबमोजिम कारबाही किनारा गरिदिने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०६८/०९/२६ मा भएको फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

अत: वारदातको प्रकृतिअनुसार सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पीडितलाई झिकाई निजले सकार गरे वादी पक्ष कायम गरी प्रस्तुत मुद्दा आशय करणीतर्फ परिणत गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०६८।०९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७४ साल जेष्ठ ३ गते रोज ४ शुभम्।

**२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-०२४३, सालकको कत्ला (आखेटोपहार) ओसार पसार, *जु जियाङवा वि. नेपाल सरकार*

सालकको कत्लासहितको कालो ब्याग प्रतिवादी जुजियाङवाले बा.१ च.६५०३ नं. को कारको डिकीमा राखेको, उक्त मालसामान निज प्रतिवादीको भई सालकको कत्ला निजैबाट बरामद भएको हो भनी कार चालक भक्तबहादुर तामाङ र कारमा सवार गर्ने सुनिलकुमार शर्मा, अमित जैन तथा चिनियाँ नागरिक यायु फुयुले मौकाको कागजमा लेखाई दिनुका साथै बरामदी सालकको कत्ला यी प्रतिवादी जु जियाङवाको नभए प्रहरी चेकजाँचका क्रममा निज नर्भस भई भाग्नुपर्ने अवस्था रहने थिएन। बरामद भएको सालकको कत्ला पुनरावेदक प्रतिवादीको होइन भनी यी प्रतिवादीले जिकिर लिए तापनि बरामद भएको सालकको कत्लासहितको ब्याग प्रतिवादी जु जियाङ्वाको भएको र निजबाट बरामद भएको हो भनी कारमा प्रतिवादीसँग साथै आएका कार चालक भक्तबहादुर तामाङसमेतका व्यक्तिहरूको भनाइ रहेबाट वस्तुनिष्ठ ठोस प्रमाणका अभावमा यी पुनरावेदक प्रतिवादीको आरोपित कसुरप्रतिको इन्कारी भरपर्दो र विश्वसनीय नदेखिने।

दुईजना चाइनिज नागरिक रहेको र यान फुयु ठहिटी चोकबाट र XUE JIANGHUA ठमेल पिरामिड गेष्टहाउसबाट कारमा चढेको तथ्य छ। यसरी फरक फरक स्थानबाट यात्रुहरू कारमा चढी काठमाडौंबाट चाइनातर्फ गएको भन्ने देखिन्छ। कार चालकले कुन यात्रुले के समान ल्याएको र सो सामान कहाँ राख्ने भन्ने बन्दोबस्त गर्नुपर्ने हुँदा सो सामानको बारेमा चालकलाई कसको सामान हो भन्ने थाहा जानकारी हुन्छ। तसर्थ कारजस्तो सानो आकारको सवारीमा फरक फरक स्थानबाट चढेको ४ जना व्यक्तिमध्येको कसले गैरकानूनी सामान राखेको झोला ल्याएका र राखेका थिए भनी कार चालक भक्तबहादुर तामाङले व्यक्त गरेको कुरा महत्त्वपूर्ण हुने।

विभिन्न आपराधिक सञ्जालमार्फत संरक्षित लोपोन्मुख वन्यजन्तु सालक मारी संकलन गरी यति ठुलो मात्रामा सालकको खपडा बरामद भएको

देखिएको छ । यस प्रकारको आपराधिक कार्यले वन्यजन्तुको नाश हुन गई लोपोन्मुख वन्यजन्तुको अस्तित्व नै समाप्त हुन जाने स्थिति रहन जाने हुन्छ । नेपालसमेत पक्ष राष्ट्र भएको CITES सम्बन्धी महासन्धिले पनि लोपोन्मुख जीवजन्तुहरूको अवैध व्यापारलाई पक्ष राष्ट्रहरूले गम्भीर कसुरको रूपमा लिई नियन्त्रणको उपाय अवलम्बन गर्नुपर्ने हुन्छ । संरक्षित वन्यजन्तुको नाश हुन गई पर्यावरण सन्तुलन नै बिग्रने जाने हुँदा यसको असर विश्वव्यापी रूपमा पर्न जाने देखिएकोले त्यस्तो कार्य गम्भीर अपराध हुन जाने देखिन आयो । तसर्थ यी प्रतिवादीबाट बरामद भएका वस्तुहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित वन्यजन्तु रहेको देखिँदा यसप्रकार हात्ती, सालक जातका वन्यजन्तुको आखेटोपहार निज प्रतिवादीले नेपालबाट चीनतर्फ लैजान (ओसार पसार) लागेको अवस्थामा पक्राउ परेको हुँदा निजले गरेको कसुरको गाम्भीर्यसमेतलाई विचार गर्दा जिल्ला वन कार्यालय सिन्धुपाल्चोकबाट मिति २०६८/०६/०३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९/०२/१६ मा भएको फैसलालाई अन्यथा गरिरहन नपर्ने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट प्रतिवादी जु जियाङवाले गरेको कसुरको गाम्भीर्यसमेतलाई विचार गरी निज प्रतिवादी जु जियाङवा (Xue Jianghua) लाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० को अनुसूची १ मा उल्लिखित संरक्षित वन्यजन्तु इजाजतपत्र नलिई आखेटोपहार ओसार पसार गरेकोले सोही ऐनको दफा २६(१) अनुसार रू.१,००,०००।- (एक लाख) जरिवाना र १५(पन्ध्र) वर्ष कैद सजाय गर्ने गरेको जिल्ला वन कार्यालय सिन्धुपाल्चोकको मिति २०६८/०६/०३ को निर्णय सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९/०२/१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१५४६, निषेधाज्ञा, *ओपिन्द्र महतोसमेत वि. हरिप्रसाद भट्टराई*

कि.नं.७०१ र ७०२ को जग्गा प्रत्यर्थी निवेदकको नाउँमा दर्ता रहेको, उक्त जग्गामा निजको निर्विवाद हक स्थापित भएको अवस्था देखियो । यस्तो अवस्थामा निवेदकको जग्गामा घर टहरा निर्माण गर्नको लागि विपक्षीहरूले रोडा, ढुंगा, बालुवा, सिमेन्ट छड थुपारेको भन्ने निवेदन दाबी रहेकोमा उक्त स्थानमा पहिले नै घर बनाई भोग गरिरहेका थियौं भन्ने पुनरावेदक विपक्षीहरूको जिकिर रहे पनि सो कुरा तथ्यपरक रूपबाट पुष्टि हुन सकेको देखिँदैन । यस्तो अवस्थामा अर्काको हकको जग्गामा खाल्टो खनी निर्माण सामग्री थुपारेबाट घर टहरा बनाउने आशंकाको स्थिति विद्यमान रहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने नै ठहर्ने ।

तसर्थ निवेदकको कि.नं.७०१ र ७०२ को जग्गामा निजको मन्जुरी स्वीकृतिबेगर घर टहरा निर्माण नगर्नु नगराउनु तथा जग्गामा खाडल पारी माटो बिक्री वितरण नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२/१/८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: चन्द्रशेर राना

इति संवत्२०७५ साल जेष्ठ १३ गते रोज १ शुभम् ।

**४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-२०१४, निषेधाज्ञा र उत्प्रेषण, *काशी अहिरसमेत वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत*

विपक्षीहरूबाट केवल निवेदकहरूले सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरेको संरचना हटाउनेसम्म गरी पोखरीको संरक्षणको लागि सहमतिमा कागज गराएको देखिन्छ । उक्त कागजबाट पुनरावेदक निवेदकहरूले दाबी गरेजस्तो घरबास उठाउने गैरकानूनी कार्य विपक्षीहरूबाट भएको भन्ने पनि देखिँदैन । साथै घरकर रसिदसमेतका कागजातबाट निवेदनमा उल्लेख भएको चार किल्ला तथा नाप साइजमा निवेदकहरूको घरवास रहेको भन्ने नदेखिएबाट उक्त जग्गामा निवेदकहरूको निर्विवाद हक रहेको भन्ने देखिएन । निवेदनपत्रमा उल्लेख गरेको आधारमा मात्र निवेदकहरूको निर्विवाद हक रहेको भनी मान्न मिलेन । यसको अलावा यसै विषयमा यी निवेदकहरूले रूपन्देही जिल्ला अदालतमा निषेधाज्ञा मुद्दा दिएकोमा उक्त निवेदन खारेज हुने ठहरी २०७१।५।१२ मा आदेश भएको र उक्त बेहोरा निवेदनपत्रमा लोप गरी सोही विषयवस्तुमा पुनरावेदन अदालत बुटवलमा समेत प्रवेश गरेको देखिँदा निवेदकहरू सफाहात लिई अदालत प्रवेश गरेकोसमेत नदेखिने।

तसर्थ उल्लिखित विवेचित आधार कारणबाट निवेदकहरूको हक अधिकारमा आघात हुने गरी विपक्षीहरूले कुनै कार्य गरेको भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि नभएको र निवेदकहरूले आफ्नो हक भोगको भनी दाबी गरेको जग्गामा निजहरूको निर्विवाद रूपमा हक स्थापित रहेको तथ्य प्रमाणबाट पुष्टि नभएको हुँदा मागबमोजिम उत्प्रेषण निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था नदेखिने।

अत: उक्त जग्गामा निवेदकको निर्विवाद हक स्थापित नभएको भन्नेसमेत आधारमा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति२०७२/११/१२ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : टेकराज जोशी

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७५ साल जेष्ठ १३ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-०६५३, निषेधाज्ञा, *शिशिर नाहटासमेत वि. गोविन्दलाल संघाई*

पुनरावेदन अदालत पाटनबाट २०६५ सालको रिट नं. ९९, ६५८ को निषेधाज्ञा मुद्दामा भएको स्थलगत नापी नक्सा मुचुल्कासमेतबाट कि.नं. १५५७, १५६५ र १५६९ को जग्गा बाटोको रूपमा प्रयोगमा रहेको भन्ने देखिएको छ । साथै उक्त कित्ता जग्गा बाटोको रूपमा प्रयोग गर्ने भनी निवेदक दाता र कृष्ण विक्रम शाहको बिचमा मिति २०६०/८/१८ मा घरायसी कागज भएको, नापीको प्रतिवेदनमा समेत बाटोको रूपमा रहेको भनेको र काठमाडौं नगरपालिकाको कार्यालयले बाटोमा परेको कारण देखाई कर असुलीसमेत नगरेको भन्ने आधारमा यिनै निवेदक नै निवेदक र प्यारू शाहसमेत विपक्षी भएको २०६६ सालको रिट नं.१२३।७१२ को निषेधाज्ञा मुद्दामा कि.नं. १५५७, १५६५ र १५६९ को जग्गा बाटोको रूपमा रहेको भनी उक्त बाटोको जग्गामा, निवेदकले प्रयोग गर्ने आवत-जावत गर्ने कार्यमा बाधा पुऱ्याउने कार्य नगर्नु नगराउनु भनी २०६७।०३।३० मा पुनरावेदन अदालत पाटनबाट निषेधाज्ञाको आदेश भएको मिसिल संलग्न फैसलाको छायाँप्रतिबाट

देखिन्छ । यसरी उल्लिखित नापी नक्सा तथा अघि पनि पटक पटक परेका निषेधाज्ञाका निवेदनका मुद्दामा विवादित स्थानमा बाटो निकासको रूपमा प्रयोग भइरहेको भन्ने देखिने ।

कि.नं. १५५७, १५६५ र १५६९ का कित्ता जग्गाहरू निवेदक र यी विपक्षीका दाताको संयुक्त दर्ताको रहेको भन्ने तथ्य माथि नै विवेचित भइसकेको अवस्थामा यी पुनरावेदक विपक्षीले निवेदकको घर जग्गामा आवत जावतमा बाधा गरेको भन्ने निवेदन दाबी रहेको अवस्थामा बाटोको रूपमा आवत जावत गर्नमा बाधा पुऱ्याउने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने नै ठहर्ने ।

अत: निवेदकसमेतको नाउँमा दर्ता कायम रहेको, साबिकदेखि निवेदकसमेतले बाटोको रूपमा प्रयोग गरी आएको, निवेदनमा उल्लिखित कि.नं. १५५७, १५६५ र १५६९ को जग्गा बाटोको रूपमा प्रयोग गर्नमा निवेदकलाई बाधा अवरोध गर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।०१।२१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : टेकराज जोशी

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम् ।

## इजलास नं. ११

### १

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-००९७, बन्दीप्रत्यक्षीकरण, *मोहम्मद मुन्ना वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत*

बालबालिकाको उमेर के-कसरी निर्धारण गर्ने भन्ने सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८३ ले प्राथमिकताक्रम निर्धारण गरेको देखिन्छ । अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्ममिति तथा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई प्राथमिक क्रममा समावेश गरिएको पाइन्छ । विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममितिसमेत उमेर निर्धारणको आधार बन्दछ । निवेदक मोहम्मद तुफानको हकमा त्रि.वि. शिक्षण अस्पतालबाट परीक्षण गरी राय (प्रतिवेदन) दिइएअनुसारको उमेरलाई नै यस मुद्दाको प्रयोजनका लागि वास्तविक उमेर हो भनी मान्नुपर्ने देखिन आउने । यसबाट मोहम्मद तुफान नाबालक नभई १८ वर्ष पूरा भएका साबालक हुन् भन्ने देखिन आएको छ । निवेदकले उमेरका सम्बन्धमा पेस गरेको आधार कार्डमा उल्लिखित उमेरलाई ग्रहण गर्न सकिने कुनै विश्वसनीय प्रमाण प्रस्तुत हुन आएको पाइएन । निज मोहम्मद तुफानले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १९ वर्ष भनी लेखाएको देखिन्छ । यसरी निवेदक नाबालक हुन् भन्ने तथ्य नै स्थापित भएको नदेखिएको हुँदा अहिले नै निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम सुविधा प्रदान गर्न मिलेन । निजलाई गैरकानूनी तवरबाट बन्दी बनाएको भन्ने अन्य कुनै कारण देखिन नआएको र न्यायिक प्रक्रियाका सन्दर्भमा मुद्दामा पुर्पक्षका लागि थुनामा राखेको भन्ने देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

इति संवत् २०७५ साल फागुन २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-०१५९, बन्दीप्रत्यक्षीकरण, *मोहन माया कार्की वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि कुनै व्यक्तिलाई गैरकानूनी किसिमले थुनामा राखेको अवस्था हुनु पर्छ। निवेदकको पति मोहनबहादुर कार्कीलाई संगठित रूपमा हातहतियार खरखजाना ओसार पसार तथा सञ्चय मुद्दा थान- १, संगठित रूपमा हातहतियार खरखजाना, विष्फोटक पदार्थको ओसार पसार, सञ्चय तथा सार्वजनिक सम्पत्तिमा विष्फोट गराएको मुद्दा थान-१ र संगठित रूपमा आगजानी गरेको मुद्दा थान-१ गरी ३ थान मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौं, टेकुले काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.११ माइतीघरबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय संखुवासभा चैनपुरमा पठाएको देखिन्छ। जिल्ला प्रहरी कार्यालय संखुवासभा चैनपुरले कानूनबमोजिम पटक पटक जिल्ला अदालत संखुवासभाबाट म्याद थप लिई जिल्ला सरकारी वकिल कार्यालयमार्फत मिति २०७६।१।१६ मा प्रस्तुत मुद्दाको अभियोगपत्र दायर गरेको पाइयो। संखुवासभा जिल्ला अदालतको मिति २०७६।१।१७ गतेको थुनछेक आदेशअनुसार मोहनबहादुर कार्की साधारण तारेखमा छुटिसकेको कुरा उक्त अदालतको लिखित जवाफसमेतबाट देखिन्छ। यसरी निवेदकलाई संगठित अपराधसमेतको विभिन्न ३ वटा मुद्दामा अनुसन्धान गर्ने क्रममा प्रचलित कानूनबमोजिम अदालतको समेत अनुमति लिई पक्राउ गरेको देखिएको र पक्राउ गरिसकेपछि अनुसन्धानको लागि अदालतबाट म्याद थप गरी हिरासतमा राखी अदालतको आदेशबमोजिम साधारण तारेखमा छुटिसकेको देखियो । निवेदक मोहनबहादुर कार्की मुद्दा पुर्पक्षको क्रममा संखुवासभा जिल्ला अदालतको आदेशले साधारण तारेखमा छुटिसकेकाले प्रस्तुत निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहन नपर्ने।

अतः निवेदक वन्दी अवस्थामा रहेको नदेखिँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। निवेदन खारेज हुने।

इजलास अधिकृतः डल्लुराम चौधरी

इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७५-WH-०१११, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौ जिल्ला अदालत, बबरमहलसमेत*

२०७३ को स.फौ.नं. ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको नाउँमा तामेल भएको म्याद कानूनसम्मत छ वा छैन भन्ने प्रश्न सम्बन्धमा विचार गर्दा रोशनकुमार खड्गी र प्रकृति श्रेष्ठको नाउँमा काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०७३।८।१ मा घरदैलोमा टाँस गरी म्याद तामेल भएको देखिन्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. मा भएको कानूनी व्यवस्थाअनुसार सम्बन्धित व्यक्तिको घरमा एकाघरका उमेर पुगेको व्यक्ति भेट भएन भने घर दैलामा टाँस गरी म्याद तामेल गर्न सकिने नै देखिन्छ। ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको ठेगाना काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३ कालिमाटी टंकेश्वर भनी उल्लेख भएको पाइन्छ । निवेदकहरूको रिट निवेदनमा समेत निजहरूको ठेगाना काठमाडौं जिल्ला, का.म.न.पा.

वडा नं. १३ कालिमाटी टंकेश्वर नै उल्लेख भएको देखियो। सोबाहेक अर्को वतन हो भनी निवेदकहरूले देखाउन सकेको पनि पाइएन। काठमाडौं जिल्ला अदालतबाट यी निवेदकहरूको नाउँमा म्याद जारी हुँदा निवेदकहरूको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३ कालिमाटी टंकेश्वरमा निवेदकहरूको घरदैलोमा नै म्याद तामेल भएको पाइयो। म्याद तामेल गर्दा काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १३ कालिमाटी बस्ने विमल शाक्य र अमृत श्रेष्ठलाई साक्षी राखी काठमाडौं महानगरपालिकाको वडा नं. १३ का सहायक प्रशासकीय प्रमुख विमलादेवी कार्कीलाई रोहवरमा राखिएको देखियो। म्याद तामेल हुँदाका बखत स्थानीय जनप्रतिनिधि नभएको अवस्थामा सम्बन्धित वडाको सहायक प्रशासकीय प्रमुखले नै सो हैसियतमा म्याद तामेलीको रोहवरमा बसी तामेल भएको म्यादलाई बेरितको मान्न मिल्ने नदेखिने।

निवेदक मधुकृष्ण नापितको हकमा प्रमोद नापित विपक्षी काठमाडौं जिल्ला अदालतसमेत भएको ०७३-WH-००९४ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा निवेदकको घरदैलोमा म्याद तामेल भई उक्त तामेली म्यादमा वडाको प्रशासकीय प्रमुखले जनप्रतिनिधिको हैसियतले रोहवरमा बसेको म्यादलाई रीतपूर्वक तामेल भएको भनी यस अदालतबाट मिति २०७४।७।८ मा आदेश (फैसला) भएको पाइन्छ। उक्त आदेश (फैसला) मा लिइएका समान सिद्धान्तसमेतका आधारमा ०७३ को स.फौ.नं. ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको नाउँको म्याद निजहरूको घरदैलोमा टाँस भएको म्यादलाई रीतपूर्वक नै तामेल भएको मान्नु पर्ने देखिने।

अत: विवेचित आधार कारणहरूसमेतबाट यी निवेदकहरू प्रतिवादी भएको २०७३ को स.फौ. नं. ०२९० को ठगी मुद्दामा निवेदक प्रतिवादीहरूलाई मुद्दाको रोहमा भएको फैसलाअनुसार ठहर भएको कैद र जरिवानाबापत कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको कार्यलाई गैरकानूनी थुना भनी मान्न मिलेन। निवेदकहरूलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७६ साल वैशाख २० गते रोज ६ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:-

- ०७५-WH-०११२, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*
- ०७५-WH-०११३, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

## इजलास नं.१२

### १

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-CI-०५८७, दर्ता बदर दर्ता, *मुडारी यादव वि. रामरेख यादवसमेत*

मुलुकी ऐन, दण्ड सजायको ४४ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम लिखत पारित गरिपाउँ भन्ने मुद्दामा ऐनका म्यादभित्र नै रजिस्ट्रेसन गरिदिनु भन्ने मालपोतका नाउँमा पुर्जी माग गर्न जानुपर्छ। सो म्यादभित्र नगएमा पुर्जी हुन सक्दैन। जहाँसम्म उक्त मुलुकी ऐन दण्ड सजायको ४४ नं.मा लेखिएको "दाखिल खारेज नामसारी" को कुरा छ सो दैयादार नातेदारले अघिल्लो पुस्ताको व्यक्ति मरेकोमा कानूनबमोजिम

अंश अपुताली आदिको रोहबाट गरिने कुरासम्म हो र यो जरिवाना तिरी जहिलेसुकै पनि हुन सक्ने विषय हो। दाखिल खारेजबाट स्वामित्व सर्ने विषयमा विवाद हुँदैन तर लिखत पासमा हुन्छ। यहाँ छिमियादेवीले गरेको भनेको लिखतको आधारमा फैसलासमेतलाई टेकी प्रतिवादी दाखिल खारेज पुर्जी माग्न गएको हुँदा मुलुकी ऐन दण्ड सजायको ४४ नं.को म्याद नघाई जान र अदालतले पनि दिन मिल्ने नदेखिने।

प्रतिवादीले मिति २०३४।२।२८ मा भएको फैसलाको नक्कल मिति २०४०।९।२१ मा सारेको झिकाई आएको दा.खा. सम्बन्धी मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ। यसरी कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी मिति २०३४।२।२८ को फैसला मिति २०४०।९।२१ मा सारी लिई मालपोत कार्यालय, मलंगवा सर्लाहीका नाउँमा मिति २०६३।३।२१ मा पुर्जी माग गरी मिति २०६३।४।२५ मा मात्र मालपोत कार्यालय, मलंगवा सर्लाहीका नाउँमा सर्लाही जिल्ला अदालतबाट पुर्जी जारी भएको र सोही पुर्जीअनुसार मिति २०६४।२।३० मा प्रतिवादी मुडारी यादवको नाउँमा दर्ता भएको दखिन्छ। तत्कालीन मुलुकी ऐनमा भएको कानूनी व्यवस्थाविपरीत प्रतिवादी मुडारी यादवको नाउँमा जिल्ला सर्लाही खैर्वा-४ को कि.नं. ४५ को क्षे.फ. ०-१-१८ जग्गा दर्ता गरेको कार्य गैरकानूनी देखिएकोले निजको नाउँको दर्ता कायम हुन सक्ने अवस्था देखिँदैन। तसर्थ यी पुनरावेदक प्रतिवादी मुडारी यादवको नाउँको दर्ता बदर हुने ठहर्‍याई सर्लाही जिल्ला अदालतबाट भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०४।२४ मा भएको फैसला मनासिब हुँदा अन्यथा गरी रहनु नपर्ने।

अत: विवेचित आधार कारणसमेतबाट छेमिया देवीको नाउँको जिल्ला सर्लाही खैर्वा-४ को कि.नं. ४५ को क्षे.फ. ०-१-१८ जग्गा यी पुनरावेदक प्रतिवादी मुडारी यादवको नाउँमा आएको दर्ता बदर गरी मृतक छेमिया देवीकै नाउँमा दर्ता कायम हुने ठहर्‍याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६९।०७।२१ मा भएको फैसला सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०४।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा, करूणा श्रेष्ठ
कम्प्युटर अपरेटर: मञ्जु खड्का
इति संवत् २०७६ साल पौष ४ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७४-CR-०८४४, जालसाजी, *मुडारी यादव वि. रामरेख यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CR-१८५८ र ०७२-CR-१८५९, कर्तव्य ज्यान, *अविरण महतोसमेत वि. नेपाल सरकार र मन्चन महतो वि. नेपाल सरकार*

विद्यालय व्यवस्थापन समितिको चयन अवधि अर्थात् छनौटको समयमा विद्यार्थीका अभिभावकहरूको उपस्थिति रहने भए पनि सो दिन त्यस्तो कार्यक्रम रहे भएको भनी वादी तथा प्रतिवादीहरूको भनाइबाट नदेखिएकोले सरोकारवाला विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसम्म उपस्थित हुनु स्वाभाविक नै हुन्छ। मृतक मानबहादुर माझी पनि उक्त विद्यालय व्यवस्थापन समितिका सदस्यको हैसियतमा उपस्थित भएको देखिन्छ। विद्यालयको हाताभित्र हुने विद्यालय व्यवस्थापन समितिसँग चासो लिई बौद्धिक व्यक्तिहरूसँगको छलफलमा यी प्रतिवादीहरू सो विद्यालयमा उपस्थित नै भएका थिए भन्दा पनि यिनीहरू मृतकलाई कुटपिट

गरी मार्ने उद्देश्यले उपस्थित भएका वा मृतकलाई प्रहार गरेका वा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिमको कसुर गर्नकै लागि उपस्थित भएका भन्न मिल्ने देखिन नआउने।

विद्यालयको प्राङ्गणभित्र त्यो पनि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सोही विद्यालयका शिक्षकहरूका बिचमा यस्तो अप्रिय वारदात घट्नु निश्चय नै दुःखद् कुरा हो। उक्त दिन वारदात स्थानमा र समयमा आफूहरू उपस्थित भएको, वारदातमा संलग्न नरहेकोले निर्दोष छौं भनी यी पुनरावेदक प्रतिवादीहरू सुरूदेखि नै इन्कारी रहेका र उक्त भनाइलाई निजहरूका साक्षीहरूले समेत सुरू अदालतमा उपस्थित भई बकपत्र गरी समर्थन गरेको देखिन्छ। सो वारदातस्थलमा उपस्थित रहेका प्रत्यक्षदर्शी भनिएका पुजाकुमारी रायमाझी, बसन्ती माझी, रूवीकुमारी पासवान, देवनारायण पासवान, रामसत्य पासवान, कुन्नादेवी माझीसमेतले प्रतिवादी विश्वनाथ महतो, आमिरी यादव र मन्चन महतोबाहेकका अन्य यी पुनरावेदक प्रतिवादीहरूमध्ये को कसले के कसरी मृतकलाई कुटपिट गरेका हुन् भनी खुलाउन देखाउन नसकी सामूहिक रूपमा लात्ती मुड्कीले हानेका हुन् भन्नेसम्म उल्लेख गरको पाइन्छ। बाबुलाई कुटपिटबाट बचाउँदा घाइते भएका मृतक मानबहादुरका छोरा मदन रायमाझी, आरतीकुमारी शाह, पुजा रायमाझी, रूवीकुमारी पासवानसमेतको भनाइमा एकरूपता भएका बकपत्रसमेतबाट यी प्रतिवादीहरूकै कुटपिटबाट घाइते भई मृतक मानबहादुरको उपचारको क्रममा मृत्यु भएको भन्ने कतै पुष्टि भएको नपाइने।

प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिएका यी तथ्यहरूबाट यी पुनरावेदक प्रतिवादीहरू र पुनरावेदन नगर्ने प्रतिवादी ललित महतोसमेतबाट उक्त मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. मा उल्लिखित कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी कसुर गरेको देखिने गरी वादी नेपाल सरकारको तर्फबाट प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम तथ्ययुक्त सबुत प्रमाण प्रस्तुत गर्नसकेको पाइएन। वस्तुनिष्ठ प्रमाणको अभावमा कर्तव्य ज्यानजस्तो गम्भीर अपराधजन्य कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहे भएको भनी अनुमान गर्न मिलेन। शंकाको सुविधा यी पुनरावेदक प्रतिवादीहरूले पाउने नै देखिने।

पुनरावेदक प्रतिवादीहरू अविरण महतो, पशुपति महतो, किसुन महतो, मदनकुमार महतो, चन्द्रलोकप्रसाद सिंह, रामबहादुर महतो र पुनरावेदन नगर्ने ललितनारायण महतोले सुरू जिल्ला अदालत र पुनरावेदन अदालत राजविराजको फैसलाले ठहर गरेअनुरूप ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिमको कसुर गरे बिराएको नदेखिएको अवस्था हुँदा पुनरावेदन नगर्ने ललितनारायण महतोको हकमा समेत तत्कालीन मुलुकी ऐन, अ.बं.२०५ नं. तथा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा २ बमोजिम हेर्दा निजको हकमा समेत कसुरमा गडाउ गर्न मिलेन। तसर्थ मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन नदिएका निज प्रतिवादी ललितनारायण महतोसमेत मञ्चन महतोबाहेकका पुनरावेदक प्रतिवादीहरूको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय गर्ने गरी सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०/६/१ भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१/११/११ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

अब अर्को पुनरावेदक प्रतिवादी मन्चन

महतोको हकमा आफू अर्कै विद्यालयको शिक्षक रहे भएको र वारदातको मिति र समयमा आफ्नै पदाधिकार रहेको विद्यालयमा रही वारदातमा संलग्न नभएको, निर्दोष रहेकोले सजायको भागीदार नरहेको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा वारदातका प्रत्यक्षदर्शी मृतकका छोरा जो आफ्नो बुबा मानबहादुर माझी तथा फुलकुमारी शाह, कुन्नादेवी माझी, रूवीकुमारी पासवानसमेतले घटनाको विवरण खुलाउँदै कुर्सीमा बसेका मृतक मानबहादुरलाई सुरूमा विश्वनाथ महतोले तानी लछार पछार गरी भुइँमा लडाई यसलाई पिट मार भनी जोर जोरले वचन दिएको, अमिरी यादवले विद्यालय कम्पाउन्डभित्रै भएको चौकारा काठले टाउकोमा प्रहार गरी टाउको फुटाई रगताम्मे पारेका र मन्चन महतोले बाँसको फट्टाले प्रहार गरेको र अन्यले लात हात मुक्काले प्रहार गरी घाइते बनाई भागेका हुन् भनी एकै मिलानका सिलसिलाबद्ध बयान तथा बकपत्र गरिदिएको अवस्था छ। साथै सोही विद्यालयका प्रधानाध्यापक शिवनन्दन यादवले विवाद बढ्दै जाँदा ठुलो झडप हुन सक्ने ठानी मोटरसाइकलमा गई प्रहरी बोलाई सो विद्यालयको नजिक पर्ने लक्ष्मीपुर चोकमा फर्की आउँदा मैले चिने जानेका विश्वनाथ महतो र मन्चन महतोसमेतसँग भेट भई विश्वनाथ महतोको समूहले घटना घटाएको बुझेको हुँ भनी मौकामा बयान गरेको देखिने।

यसरी उक्त वारदातका प्रत्यक्षदर्शी तथा सो विद्यालयका प्रधानाध्यापकसमेतले मृतक मानबहादुर माझीलाई कुटपिट गर्ने वारदातमा बाँसको पट्टा लिई सरिक भएको देखे बताएको अवस्था रहेको र ती सबै प्रत्यक्षदर्शी व्यक्तिहरूले नदेखेको नभएको कुरा झुट्ठा देखाउन लेखाउन पर्ने तथ्ययुक्त कारणसमेत यी पुनरावेदक प्रतिवादी मन्चन महतोले देखाउन पेस गर्न सकेको पाइँदैन। आफ्नो दाबी जिकिर प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम प्रमाणित गर्ने प्रमाण निजले पेस गर्न सकेको पाइँदैन। यस स्थितिमा निजका साक्षी योगेन्द्र यादवले सम्म उक्त वारदातमा निजको संलग्नता नरहे नभएको भनी बकपत्र गरेकै आधारमा मात्र निजको पुनरावेदन जिकिर कानूनसङ्गत छ भन्न नमिल्ने।

उल्लिखित तथ्यहरूबाट मृतक मानबहादुर माझीलाई उक्त मिति २०६७।१०।११ गते कुटपिट गर्ने वारदातमा निज पुनरावेदक प्रतिवादी मन्चन महतोको संलग्नता रहे भएको बेहोरा पुष्टि भएकोले निजलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम दुई वर्ष कैदको सजाय हुने गरी सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०।०६।०१ मा भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।११ मा भएको फैसला अन्यथा भएको भन्ने निजको पुनरावेदन जिकिर र निजको तर्फबाट बहस प्रस्तुत गर्नु हुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन। निजका हकमा मिलेकै देखिँदा सो हदसम्म सदर हुने।

तसर्थ उल्लिखित तथ्य कारण र आधारबाट सिरहा जिल्ला अदालतबाट प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १७(३) बमोजिम जनही दुई वर्ष कैद सजाय हुने ठहर गरी मिति २०७०।०६।०१ मा भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।११ मा भएको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादीहरू अविरण महतो, पशुपति महतो, किसुन महतो, मदनकुमार महतो, चन्द्रलोकप्रसाद सिंह, रामबहादुर महतो र पुनरावेदन नगर्ने ललितनारायण महतोले

अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल मंसिर १५ गते रोज १ शुभम्।

## इजलास नं. १३

**१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-००३४, ०७१-CR-१४८८, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. पासाङ दोर्जे शेर्पा, पासाङ दोर्जे शेर्पा वि. नेपाल सरकार

बरामदी मुचुल्काको काम तामेल गर्ने किरणकुमारी थापा, प्रतिवेदक मोहनचन्द्र गिरीले अदालतमा आई बरामदी मुचुल्का तथा सोबमोजिम लागु औषधसहित प्रतिवादीलाई दाखेल गरेको बेहोरा सद्दे साँचो हो भनी बकपत्र गरिदिएको देखिन्छ। यस स्थितिमा पासाङ दोर्जे शेर्पाको सँगसाथबाट ५५० ग्राम अवैध लागु औषध बरामद भएको, उक्त लागु औषध खैरो हेरोइन भएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएको, बरामदी मुचुल्काका मानिस तथा प्रतिवेदकसमेतले अदालतमा आई गरिदिएको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान तथा सहप्रतिवादीको पोलसमेतका समग्र सबुद प्रमाणबाट यी प्रतिवादीद्वय पासाङ दोर्जे शेर्पा र साइदुर रहमान कसुरदार भएको देखिन आउने।

प्रतिवादी सुरज राईको हकमा विचार गर्दा, निज प्रतिवादीलाई पासाङ दोर्जे शेर्पाबाट खरिद गरी लिएको लागु औषध खैरो हेरोइन १३ ग्रामका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा नं. १६७३ को छुट्टै मुद्दा दर्ता भई सो अदालतबाट निज प्रतिवादीलाई ५(पाँच) वर्ष कैद र रू.१५,०००।- (पन्ध्र हजार रूपैयाँ) जरिवाना हुने ठहरी मिति २०६८।११।१५ मा भएको फैसला पुनरावेदन अदालत पाटनबाट फौ.पु.नं.०६९-CS-१३१९ को मुद्दामा मिति २०७०।९।१६ मा सदर हुने ठहरी फैसला भएको देखिन्छ। निज प्रतिवादी सुरज राईबाट बरामद भएको लागु औषधको सम्बन्धमा उक्त मुद्दाबाट सजाय भइसकेको छ। प्रस्तुत मुद्दाका सम्बन्धमा सुरज राईबाट कुनै परिमाणको लागु औषध बरामद भएको नदेखिएको र निजले बयान गर्दासमेत आफूले पहिले खरिद गरेको भनिएको १३ ग्राम लागु औषधबाहेक अन्य लागु औषध खरिद गरेको भनेको अवस्था देखिँदैन। निज प्रतिवादी सुरज राईले प्रस्तुत ५५० ग्राम लागु औषधको कारोबार गर्ने प्रतिवादी पासाङ दोर्जे शेर्पालाई देखाई चिनाई दिएर पक्राउ गर्न सहयोग गरेको देखिने।

पासाङ दोर्जे शेर्पाले सुरज राईलाई बिक्री गर्ने प्रयोजनको लागि उक्त ५५० ग्राम लागु औषध लिएको भनेपनि सो लागु औषध सुरज राईको हात परिसकेको अवस्था देखिँदैन। यसबाट प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीको भूमिका लागु औषधको कारोबार गर्ने नभई सो कारोबार गर्नेलाई पक्राउ गर्न सहयोग पुऱ्याएको भन्ने देखिन आयो। पासाङ दोर्जे शेर्पाबाट बरामद भएको ५५० ग्राम लागु औषध खरिद गर्न लागेको भन्ने आधार केवल अनुमान र शङ्का मात्र हो। शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त भएको र निज प्रतिवादी सुरज राईको साथबाट ५५० ग्राम लागु औषध बरामद भएकोसमेत नदेखिएको अवस्था हुँदा निजलाई प्रस्तुत मुद्दाका सन्दर्भमा कसुरदार मानी अभियोग दाबीबमोजिम सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था देखिन नआउने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ मा यस ऐनअन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐनअन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ भनी उल्लेख गरेको देखिन्छ । प्रस्तुत कानूनी व्यवस्थाअनुसार निज प्रतिवादीहरू अभियोग दर्ता गर्दाका अवस्थामा सजाय पाइसकेका व्यक्ति देखिँदैनन् । अभियुक्तहरूलाई पटक कायम गरी सजाय गर्नको लागि अघि मुद्दा चली निजहरू कसुरदार ठहरी सजाय पाइसकेको हुनुपर्दछ । निजहरूलाई छुट्टाछुट्टै परिमाणको लागु औषध बरामद भएको आधारमा छुट्टाछुट्टै अभियोग एकै मितिमा दर्ता गरिएको अवस्थासम्म देखिन्छ । यस्तो अवस्थामा निज प्रतिवादीहरूलाई पटक-पटक लागु औषध खैरो हेरोइन खरिद बिक्रीको कारोबार गर्दै आएको भन्ने आधारमा मात्र पटक कायम गरी सजाय गर्न मिल्ने देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादीद्वय पासाङ दोर्जे शेर्पा र साइदुर रहमानलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम जनही १६(सोह्र) वर्ष कैद र रू.१०,०००००।– (दश लाख रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादी सुरज राईले आरोपित कसुरबाट सफाइ पाउने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/५/५ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।९।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल चैत्र २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७१-CR-००३५, लागु औषध (खैरो हिरोइन), *नेपाल सरकार वि. पासाङ दोर्जे शेर्पा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## २

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-१५९२, मानव बेचबिखन तथा ओसार पसार, *नेपाल सरकार वि. मानबहादुर सुनारसमेत*

मानव बेचबिखन मुद्दामा निर्दोषिताको प्रमाणको भार प्रतिवादीको हुन्छ भन्ने कानूनी व्यवस्थाको अर्थ वादीले कुनै प्रमाण जुटाउनु पर्दैन भन्ने होइन । प्रतिवादीहरूले के कस्तो कार्य गरी जाहेरवालीहरूलाई बेचबिखन गर्न लागेका थिए, त्यसमा कस-कसको के कस्तो संलग्नता थियो भन्ने पनि वस्तुनिष्ठ आधारबाट वादीले पुष्टि प्रमाणित गर्नुपर्ने हुन्छ । निर्दोषिताको भार प्रतिवादीमा सरेको छ भन्दैमा शंकारहित तवरले अभियोग दाबी पुष्टि गर्नुपर्ने दायित्वबाट वादीले उन्मुक्ति पाउन सक्दैन । शंकाको सुविधा प्रतिवादीले पाउने साथै सयजना अपराधी छुटुन् तर एकजना निर्दोष व्यक्ति सजायको भागीदार नहुन् भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तलाई यस इजलासले नजर अन्दाज गर्न पनि मिल्ने देखिँदैन, प्रमाणको भार प्रतिवादीमा सार्न सकिने फौजदारी मुद्दाहरूमा पनि कसुर घटे नघटेको कसुर पुष्टि गरी पर्याप्त प्रमाण रहे नरहेको तर्फ ध्यान नदिने हो भने यस्ता प्रावधानको दुरूपयोग भई निर्दोष व्यक्तिहरू पनि झुट्टा वा शंकास्पद उजुरीका आधारमा नै कसुरदार ठहरिन सक्नेतर्फ अनुसन्धान गर्ने निकाय नेपाल प्रहरी र अभियोजन गर्ने निकाय महान्यायाधिवक्ताको कार्यालय र सो मातहतका सरकारी वकिल कार्यालयहरूले समेत गम्भीरता देखाउनु जरूरी देखिने ।

पीडित जाहेरवाली र पीडितलाई जिम्मामा

लिने मिना चलाउनेसमेतको बकपत्रबाट प्रत्यर्थी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको तथ्य समर्थन हुन सकेको देखिँदैन। पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादीहरूको कसुर पुष्टि हुने अन्य थप प्रमाणसमेत मिसिल सामेल कागज प्रमाणका साथ पेस गर्न सकेको देखिएन। जाहेरवालीलाई नेपालगन्ज-सुर्खेत-पोखरामा लगी जबरजस्ती वेश्यावृत्तिमा लगाएको भनिएकोमा उक्त स्थानहरूमा लगी वेश्यावृत्ति गराएको भए यी जाहेरवालीले सोही स्थानहरूमा प्रतिकार गरी प्रहरीमा उजुरी दिन सक्ने हुँदा यी जाहेरवालीले उक्त स्थानमा आफू पुग्दासमेत कुनै प्रतिकार गरी उजुरी दिएको भन्ने कुनै आधार कारण पेस गरेको देखिँदैन। वादी नेपाल सरकारले पीडित जाहेरवालीको कुनै शारीरिक परीक्षणसमेत गराएको नपाइने।

प्रतिवादीहरूको इन्कारी बयानलाई जाहेरवाली (पीडित) को बकपत्र, पीडितलाई जिम्मा लिने भनिएको घटना विवरण कागज गर्ने व्यक्तिसमेतको बकपत्र, प्रतिवादीका साक्षीहरूको बकपत्रसमेतले पुष्टि गरिरहेको अवस्था र वादीले आफ्नो दाबी शंकारहित तवरले पुष्टि गर्न नसकेको अवस्थामा शंकाकै आधारमा मानव बेचबिखन जस्तो गम्भीर फौजदारी अपराधमा कसुरदार ठहऱ्याउन न्यायको रोहमा मनासिबसमेत नदेखिँदा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी बाँके जिल्ला अदालतले मिति २०६९।९।१ र र मिति २०७३।१।८ मा गरेको फैसला सदर गरी उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासबाट भएको मिति २०७४।३।१ को फैसला मिलेकै देखिन आयो। बाँके जिल्ला अदालतले गरेको फैसला सदर गरी उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला बदर गरी अभियोग माग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, कारण एवं सबुद प्रमाणहरूबाट प्रत्यर्थी / प्रतिवादीहरू मानबहादुर वि.क., रत्ने भन्ने रत्नबहादुर वादी र मानबहादुर सुनारलाई सफाइ दिने गरी बाँके जिल्ला अदालतको मिति २०६९।९।१ र मिति २०७३।१।८ को फैसला सदर गरी भएको उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासको मिति २०७४।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष २ गते रोज ४ शुभम्।

## ३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR- ०५९५, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. बसन्तकुमार खड्का*

प्रस्तुत मुद्दामा जबरजस्ती करणी स्थापित हुन जुन पूर्वावस्था आवश्यक हुन्छ, ती पूर्वावस्था एवं त्यो कार्य सम्पन्न गर्ने प्रयत्न भएको देखिँदैन। पीडितको जाहेरी कागज, बकपत्र आदिबाट जबरजस्ती करणी गर्ने प्रयत्न भइसकेको र कुनै कारणवश जबरजस्ती करणी हुन नपाएको अवस्था नभई प्रतिवादीबाट करणी गर्ने आशयबाट पीडितलाई समातेको र कुनामा लगी करणीको लागि सहमति लिनेतर्फ उन्मुख भएको अवस्था देखिएको छ। यसरी प्रतिवादीले पीडितलाई हातहाली यौनजन्य दुर्व्यवहार गरेको देखिए तापनि जबरजस्ती करणीको उद्योग गरेको भने नदेखिँदा प्रस्तुत वारदात जबरजस्ती करणीको उद्योग नभई आसय करणीको कसुर देखिन आउँछ। यस आधारमा

जबरजस्ती करणीको उद्योग नठहर्ने गरी भएको हदसम्म पुनरावेदन अदालत धनकुटाको फैसला मिलेकै देखियो, जबरजस्ती करणी उद्योगको अभियोग दाबी सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

तर वादी नेपाल सरकारको पुनरावेदन दाबी नपुग्ने भए तापनि प्रतिवादीलाई पूर्णरूपमा कसुरबाट सफाइ दिई पीडितलाई भएको यौन दुर्व्यवहार र त्यसबापत प्रतिवादिले बेहोर्नु पर्ने कानूनी दायित्वतर्फ केही नबोली भएको पुनरावेदन अदालत धनकुटाको फैसलातर्फ विचार गरी हेर्दा जाहेरवालीले घटनाको प्रत्यक्षदर्शीको रूपमा उल्लेख गरेको शर्मिला कार्कीलाई अदालतबाट अभियोजन पक्षले उपस्थित गराउन नसकेको भए तापनि पीडित जाहेरवालीको किटानी जाहेरी दरखास्त, पीडितको मौकाको कागज, घटनाविवरण कागज गर्ने व्यक्तिहरूले गरिदिएको कागजलगायतका अन्य प्रमाणहरूलाई नजरअन्दाज गर्न सकिने हुँदैन । तसर्थ जाहेरी दरखास्तलगायतका मिसिल संलग्न अन्य प्रमाणहरू तथा प्रतिवादीले पीडितलाई यौनजन्य दुर्व्यवहार गरेको वारदात पुष्टि भइरहेको अवस्थामा प्रत्यक्षदर्शी अदालतमा उपस्थित नभएको तथा प्रतिवादीको इन्कारी बयान मात्र निजको निर्दोषिताको आधार बन्न सक्दैनन् । अरू मानिसहरूको उक्साहटमा परेर जाहेरवालीले जाहेरी दिएको भन्ने प्रतिवादीको भनाइ विश्वासयोग्य नदेखिने।

उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीले पीडितलाई यौन दुर्व्यवहार गरेको पुष्टि भएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन आसय करणीको महलमा उल्लिखित कसुर भएको देखिँदा, पीडित जाहेरवालीले सकार गर्न चाहेमा सकार गर्न पाउने गरी प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत हुने।

इजलास अधिकृत:- अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

**४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR- ००३६, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. रामके भन्ने रामकुमार राई*

जाहेरवाला र पीडित विविध कारण र परिस्थितिले बकपत्रका लागि अदालतमा उपस्थित हुन नसक्ने अवस्था पर्न सक्नेतर्फ विचारै नगरी, पीडित र जाहेरवाला अदालतमा उपस्थित हुन नसकेको एक मात्र अवस्थाका आधारमा मात्र मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको मौकाको कागज घटनाविवरण कागज गर्ने व्यक्तिहरूले गरिदिएको कागजलगायतका अन्य प्रमाणलाई नजरअन्दाज गर्न मिल्दैन । यसरी मिसिल संलग्न अन्य प्रमाणहरूमध्ये यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, घटना विवरण कागज गर्नेहरूले अदालतमा आई बकपत्र गर्दा जाहेरी बेहोरालाई समर्थन गरेबाट समेत प्रतिवादीले पीडितलाई यौनजन्य दुर्व्यवहार गरेको वारदात पुष्टि भइरहेको छ । घटनाका प्रमाण एवं बयान बकपत्र बेहोरा मालाकार रूपमा गाँसिएर बसेको अवस्थामा पीडित र जाहेरवाला बकपत्रको लागि अदालतमा उपस्थित नभएको तथा प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान मात्र निजको निर्दोशिताको आधार बन्न सक्दैनन् । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट हर्कबहादुर कुँवर वि. नेपाल सरकार मुद्दा: जबरजस्ती करणी ( हाडनाता) (स.अ. बुलेटिन, वर्ष

२०, अंक १६ मंसिर, २०६८ पूर्णाङ्क ४६६, पृ.२९) मा व्याख्या भएको छ।

पीडित परिवर्तित नाम धनकुटा "ट" आफ्नो घरबाट प्रतिवादीको आमा फुपू पर्ने भएकोले पढ्नका लागि निज प्रतिवादीको घरमा बस्न आएको अवस्थामा यी प्रतिवादीलाई पीडितले आरोप लगाउनु पर्ने अन्य कारण जस्तो रिसइवी झै-झगडा भन्ने देखिँदैन, बरू पीडितको परिवारले प्रतिवादीमाथि विश्वास गरी आफ्नो छोरीलाई शिक्षाको लागि प्रतिवादीको घरमा राखेको देखिँदा पीडितलाई कपडा किनिदिन्छु भन्दा कपडा किन्न जान नमानेको कारण आफूले एकपटक ढाडमा पिटेको कारणले आफ्नो विरूद्ध उजुरी गरेको भन्ने प्रतिवादीको भनाइ विश्वसनीयसमेत देखिएन। जाहेरीमा उल्लिखित बेहोरा तथा घटना विवरण कागज गर्नेहरूको बकपत्रको एकरूपता एवं यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानबाट यी प्रतिवादीले जबरजस्ती करणी उद्योगको कसुर गरेको पुष्टि हुन नआए पनि करणीको आशय राखी पीडितको शरीरमा हात हालेको स्पष्ट देखिएबाट यी प्रतिवादी पूर्णतः निर्दोष नदेखिने।

उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीले पीडितलाई यौन दुर्व्यवहार गरेको पुष्टि भएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन आसय करणीको महलमा उल्लिखित कसुर भएको देखिँदा, पीडित वा जाहेरवालाले सकार गर्न चाहेमा सकार गर्न पाउने गरी प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-११८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार चेम्जोङ*

प्रस्तुत मुद्दामा यी प्रतिवादी राजकुमार चेम्जोङले मृतक महेन्द्र लिम्बूको ज्यान मार्ने मनसायले पूर्वरिसइवी राखी सोही रिसइवीका कारण योजना बनाई लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची निजको ज्यान मारेको भन्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा ***"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ"*** भन्ने कानूनी व्यवस्था छ। वारदातमा प्रतिवादीको ज्यान मार्ने मनसाय रहेको देखिँदैन, तत्काल उठेको रिसको आवेगमा काठको दाबिलोले प्रहार गरेको अवस्था छ। प्रतिवादीउपरको अभियोग माग दाबीबमोजिमको कसुर वादी पक्षले स्वतन्त्र वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको देखिन आएन। यसर्थ निज प्रतिवादीउपर अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर ठहर गरी ऐ. १३(३) नं.बमोजिम सजाय गर्न मिल्ने देखिन नआउने।

निज प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी एवम् मनसाय भएको देखिँदैन। प्रतिवादी राजकुमार चेम्जोङले मृतक महेन्द्र लिम्बू आफ्नी श्रीमतीसँग कुराकानी, ख्याल ठट्टा गरेको एवम् अश्लील शब्दले गाली गरेकोले सो कुरा सहन नसकी, तत्काल उठेको रिस थाम्न नसकी, सोही रिस आवेशका कारण जाँड पकाउन प्रयोग गरिने काठको दाबिलोले पेटमा १ पटक प्रहार गर्दा सोही चोट पीरका कारण निज महेन्द्र लिम्बूको मृत्यु भएको देखिन्छ। यहाँ प्रतिवादीले मृतकलाई पटक-पटक प्रहार गरेको अवस्था नभई रिस

एवम् आवेगमा आएको अवस्थामा सोही झोँकमा १ पटक मात्र प्रहार गरेको अवस्था छ । कसैले कसैलाई पटक-पटक प्रहार गर्नुलाई ज्यान मार्ने मनसाय भएको भन्न सकिएला तर रिस एवम् आवेगमा आएको अवस्थामा १ पटकको प्रहारले कसैको मृत्यु हुन्छ भने अन्यथा प्रमाणित नभएसम्म त्यसलाई ज्यान मार्ने नै मनसाय थियो भनी अनुमान गर्न मिल्ने हुँदैन । प्रस्तुत वारदातको सिलसिलाबद्ध तथ्यहरूले प्रतिवादीको मृतकलाई मार्ने पूर्वयोजना एवम् मनसाय भएको देखिँदैन । यस्तो घटनालाई मनसायप्रेरित घटना भन्न मिल्ने नभई आवेशप्रेरित घटना मान्नुपर्ने हुन्छ । यसर्थ प्रस्तुत घटनाका सम्बन्धमा अभियोग दाबीबमोजिमको १३(३) नं.को व्यवस्था आकर्षित हुने नभई १४ नं.बमोजिमको व्यवस्था आकर्षित हुने देखिन आउने ।

अतः उल्लिखित विवेचित आधार कारणहरूबाट प्रतिवादी राजकुमार चेम्जोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा ऐ. १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७४।०५।२० मा भएको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७५/३/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम् ।

## ६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-RC-००५० र ०७५-RC-२०८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विकास राय र विकास राय वि. नेपाल सरकार*

प्रतिवादीले सानो पैसाको सामान्य वादविवादका विषयमा आफ्नो घरबाट धारिलो हतियार कत्ती ल्याई मृतकलाई प्रहार गर्नु, धारिलो हतियार प्रहार गर्दा मृत्यु हुनसक्छ भन्ने सामान्य चेतनाको विषयमा यी प्रतिवादी गम्भीर नहुनु, वारदातस्थलबाट घर जान आउन लाग्ने समयको अवधिमा धारिलो हतियारको प्रहारको परिणामका बारेमा केही नसोच्नु, मृतकलाई ढालेपछि अन्य प्रत्यक्षदर्शी साथीहरूलाई समेत सोही हतियारले प्रहार गर्न खेदाउनु आदि जस्ता क्रियाकलापको विश्लेषण गर्दा यी प्रतिवादीमा मृतकलाई मार्ने पूर्वयोजना एवम् मनसाय थिएन भन्न मिल्ने अवस्था नदेखिने ।

प्रतिवादीले निज मृतकलाई मार्नु पर्नेसम्मको कार्य गर्न लामो समयदेखिको योजना बनाएको नदेखिएको, निजहरूबिच उक्त सानो रकमको विषयबाहेक अन्य पूर्वरिसइवीसमेत भएको नदेखिएको, वारदातको समयमा यी प्रतिवादीले मादक पदार्थ सेवन गरेको भन्ने देखिएको, यी प्रतिवादी २६ वर्ष उमेरको अविवाहित एवम् सामान्य परिवारको भएको देखिएकोसमेतका परिस्थितिजन्य अवस्थाहरूसमेत प्रस्तुत मुद्दामा हुने सजायका सन्दर्भमा विचारणीय मानिने ।

उपर्युक्त आधार कारणबाट यी प्रतिवादीलाई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७२।१२।२५ मा सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुने भनी व्यक्त गरेको राय सदर हुने गरी उच्च अदालत विराटनगरबाट मिति २०७५।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादीलाई भएको उक्त सजायको राय साधकको रोहबाट कम गर्नुपर्ने अवस्था देखिएन । उक्त सजायभन्दा कम सजाय गरिपाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी विकास रायलाई

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको उच्च अदालत विराटनगरको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी विकास रायलाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको सजाय हुनेमा साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।

## इजलास नं. १६

### १

**मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री कुमार रेग्मी,** ०७२-CR-०२८८, सरकारी कागज किर्ते, *विनोद कर्ण वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा सुरू जाहेरी दर्खास्त र जाहेरवालाको अदालतमा भएको बकपत्रसमेतमा यी प्रतिवादी विनोद कर्णको नाम उल्लेख भएको र यिनैले किर्ते गरेको भन्ने कुरा उल्लेख भएको अवस्था देखिँदैन। घटना विवरणमा टिमन महतो, शम्भुप्रसाद नुनिया, राज किशोर महतोसमेतको मौकाको कागज एवं अदालतसमक्ष भएको बकपत्र र सच्चिएको स्रेस्ताको हस्ताक्षर यी पुनरावेदक प्रतिवादीको भएको भन्ने जाँच गरी उक्त किर्तेजन्य कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नदेखिने।

सहअभियुक्त विन्दाप्रसाद महतो नुनियाले सरकारी छाप दस्तखत रहेको जग्गाधनी प्रमाण पुर्जा सच्याई किर्ते गर्ने कार्यमा यी पुनरावेदक प्रतिवादी विनोद कर्णसमेतको संलग्नता रहेको भनी बयान गरेको भए तापनि सहअभियुक्त विन्दाप्रसाद महतोले आफू कसुरमा साबित भई यी पुनरावेदक प्रतिवादी विनोद कर्णलाई सो सरकारी कागज किर्ते गरेको भनी पोल गरेको मौकाको बयानलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिएकोले यी पुनरावेदक प्रतिवादी विनोद कर्णको हकमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी विनोद कर्णको हकमा अभियोग दाबीअनुसार मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. को कसुरमा सोही महलको ७ नं.बमोजिम दामासाहीले

रू.१,०९,९२८।५८ जरिवाना र ऐ. महलको १२ नं. बमोजिम १ वर्ष कैद हुने गरी बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको मिति २०७१।५।२९ को पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई यी पुनरावेदक प्रतिवादी विनोद कर्णले सुरू अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल मंसिर ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६९-CR-०४०९, जबरजस्ती करणी, *नेपाल सरकार वि. साजन गुरूङसमेत*

तत्कालीन मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा, ***"कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइदिनु पर्नेछ"*** भन्ने व्यवस्था भएको पाइन्छ। त्यस्तै विद्यमान मुलुकी अपराध संहिता, २०७४ मा भएको कानूनी व्यवस्थालाई हेर्दा, दफा २२८ मा ***"दफा २२० र २२७ अन्तर्गतको कसुरबाहेक यस परिच्छेदबमोजिमको अन्य कसुरबाट पीडिता व्यक्तिलाई कसुरदारबाट मनासिब क्षतिपूर्ति भराइदिनु पर्नेछ"*** भन्ने व्यवस्था भएको पाइने।

उपर्युक्त कानूनी व्यवस्थासमेतलाई मध्यनजर राख्दा जबरजस्ती करणी गरेको ठहर भएपछि कैदको साथसाथै क्षतिपूर्तिसमेत भराइदिनु पर्दछ भन्ने कानूनी प्रावधान रहेको देखियो । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, पुनरावेदन अदालत महेन्द्रनगरले फैसला गर्दा प्रतिवादीहरूले पीडितालाई जबरजस्ती करणी गरेको ठहर गरी जनही ५ वर्ष तथा सामूहिकतर्फ थप ५ वर्ष गरी जम्मा १०।१० वर्ष कैद सजायसमेत गरिसकेको पाइन्छ भने क्षतिपूर्तिको हकमा केही बोलिएको देखिएन । यसरी ऐनमा नै प्रस्ट व्यवस्था भएको अवस्थामा उक्त ऐनको भावनाविपरीत पुनरावेदन अदालत महेन्द्रनगरले प्रतिवादीहरूलाई कैद सजाय मात्र गरी क्षतिपूर्तिको हकमा केही नबोली भएको फैसला सो हदसम्म उल्टी भई प्रतिवादीहरूबाट पीडितालाई जबरजस्ती करणी महलको १० नं. ले रू.२५,०००।- क्षतिपूर्तिसमेत भराई पाउने।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७६ साल आषाढ १३ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-१२२४, मानव बेचबिखन तथा ओसार पसार, *नेपाल सरकार वि. धनबहादुर सुनार*

प्रतिवादी धनबहादुर सुनारले पीडिताहरूलाई आफ्नो घरमा बास बस्न दिएको र महेन्द्रनगरसम्म पुऱ्याएको देखिन्छ। त्यस अवस्थासम्म पीडिताहरूलाई कमला सुनारले के करणले बोलाएकी हुन् र कहाँ पठाउन लागेकी हुन् ? भन्ने तथ्यको जानकारी भएको अवस्था छैन । त्यस तथ्यको जानकारी भएर त्यससम्बन्धी कार्यमा प्रत्यक्षरूपमा संलग्न भएको भन्ने पुष्टि नभएसम्म प्रतिवादी धनबहादुर सुनार पनि उक्त कसुरका कसुरदार हुन् भनी भन्न मिल्ने देखिँदैन । अर्कोतर्फ प्रतिवादी धनबहादुर सुनारको पीडितहरूलाई बेचबिखन गर्ने उद्वेश्य नरहेको भनी प्रतिवादीको अदालतमा भएको इन्कारी बयानलाई समर्थन गरी निजका साक्षी हरिचन्द्र सुनारले अदालतमा बकपत्र

गरेको देखिन्छ । अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटै कुरा हुँदैन। प्रतिवादी धनबहादुर सुनारले पीडिताहरूलाई आफ्नो घरमा बास बस्न मात्र दिएको तथ्य स्वीकार गर्दैमा पीडिताहरूलाई भारत लगी बेचबिखन गर्ने कार्यमा धनबहादुर सुनारको संलग्नता छ भन्न मिल्ने अवस्था नदेखिने।

मानव बेचबिखनको कसुरजन्य कार्य गरेकोमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ बमोजिम निर्दोषिता प्रमाणित गर्नुपर्ने भार प्रतिवादीमा हुने व्यवस्था गरिएको भए तापनि यी प्रतिवादी धनबहादुर सुनारले आरोपित कसुर गरेको भन्ने तथ्य शंकारहित तवरबाट पुष्टि हुने कुनै विश्वसनीय र युक्तियुक्त प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको मिसिलबाट देखिन आएको अवस्था छैन । यस दफाको व्यवस्थाबमोजिम प्रतिवादीले कसुरप्रति आफ्नो निर्दोषिता प्रमाणित गर्नुपर्ने भार रहने भए तापनि त्यसअघि प्रतिवादी आरोपित कसुरका कसुरदार हुन् भनी प्रमाण ऐन, २०३१ को दफा २५ प्रमाणित गर्ने पहिलो दायित्व वादीको हुन जान्छ। फौजदारी कसुरमा वादीले जुनजुन प्रमाणका आधारमा प्रतिवादीउपर ऊ आरोपित कसुरदार हो भनी प्रमाणित गर्दछ, प्रतिवादीले ती सबै प्रमाणहरूलाई प्रमाणहरूबाट नै खण्डन गरी आफू आरोपित कसुरको कसुरदार होइन भनी प्रमाणित गर्नु पर्दछ । वादीले प्रमाणहरूबाट आरोपित कसुरका कसुरदार हुन् भनी प्रारम्भिकरूपमा अर्थात् प्रथमदृष्टिमा नै पुष्टि गराउन नसकेको अवस्थामा प्रतिवादीले आफू कसुरदार होइन, निर्दोष छु भनेर पुष्टि एवं प्रमाणित गराउन नै आवश्यक छैन। वादीले प्रतिवादी आरोपित कसुरको कसुरदार हुन् भनी प्रमाणद्वारा पुष्टि गराउन नसक्नु प्रारम्भमा नै प्रतिवादी निर्दोष रहेको पहिलो प्रमाण हो, यस अवस्थामा प्रतिवादीले आफ्नो निर्दोषिताको कुनै प्रमाण पुऱ्याई रहन आवश्यक पर्ने नदेखिने।

प्रतिवादीले आरोपित कसुर गरेको तथ्य पुष्टि गर्नका लागि वादी पक्षबाट आफ्नो साक्षीसमेत अदालतसमक्ष पेस गरी अभियोग दाबीलाई समर्थित गराउन नसकेको हुँदा केवल शंकाको आधारमा मात्र प्रतिवादी धनबहादुर सुनारलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत दिपायलको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम निज प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

तसर्थ, विवेचित आधार, कारण, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी धनबहादुर सुनारलाई अभियोग माग दाबीबाट सफाइ दिने र प्रतिवादी कमला सुनारका हकमा मुद्दा तामेलीमा राखी दिने ठहर गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७३।०३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर / अनु याकामी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७६ साल कात्तिक ६ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-१६६३, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. तिलकबहादुर खड्का*

प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्काको साथबाट केही लागु औषध (ब्राउन सुगर)

बरामद एवं फेला नपरेको भनी बरामदी मुचुल्कामा नै उल्लेख हुनुको साथै निज प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष समेत कसुरमा इन्कार रही बयान गरेका र साथै सहप्रतिवादी राजेन्द्र राईसमेतले प्रतिवादी तिलकबहादुर खड्कालाई आफूले बोकेको लागु औषधको बारेमा थाहा थिएन र सो तथ्यबारे आफूले पनि निजलाई केही नभनेको भनी मौकामा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको बयानको आधारमा समेत निज प्रतिवादी तिलकबहादुर खड्का आरोपित कसुरका कसुरदार हुन् भन्ने तथ्य प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिन नआउने।

फौजदारी कानूनको सर्वमान्य सिद्धान्तअनुरूप कुनै पनि आपराधिक कार्य पुष्टि गर्न आवश्यक पर्ने दुई तत्त्व मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) हुन् । प्रस्तुत वारदातमा प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्काको लागु औषध खरिद गर्ने, ओसार पसार र कारोबार गर्ने जस्ता आपराधिक कार्यमा कुनै संलग्नता रहेको भन्ने तथ्य प्रमाणबाट पुष्टि हुन नसक्दा सो कार्यमा निजको आपराधिक मनसाय रहेको भन्न मिल्ने त्यससम्बन्धी कुनै आधार मिसिल संलग्न प्रमाणसमेतबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्काले सहप्रतिवादी राजेन्द्र राईले आफूलाई लिन बोलाएपछि निज तिलकबहादुर लिन गएकै आधारमा मात्र निजको लागु औषधको कारोबार र ओसार पसारमा संलग्नता रहेको भन्न नमिल्ने। निज प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्का अभियोग दाबीको कसुरप्रति इन्कारी रहेका छन् । निजबाट लागु औषध बरामद भएको अवस्था छैन । प्रतिवादी तिलकबहादुर खड्कासँगै गएका र रहेका सहप्रतिवादी राजेन्द्र राईबाट बरामद भएको लागु औषध निजसँग रहेको तथ्य यी प्रतिवादी तिलकबहादुर खड्कालाई जानकारी नभएको साथै सहप्रतिवादी राजेन्द्र राईले पनि सो तथ्यबारे निजलाई नभनेको हुँदा प्रतिवादी राजेन्द्रसँग लागु औषध भएको तथ्यबारे प्रतिवादी तिलक खड्कालाई जानकारी नभएको भन्ने देखिन आयो। यसैगरी वादी पक्षले यी प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्का लागु औषध कसुरको सम्बन्धमा प्रथमदृष्टिमै दोषी देखिने अन्य कुनै पनि ठोस एवं स्वतन्त्र प्रमाणहरू पेस गरी पुष्टि गर्न सकेको पाइँदैन। यी आधार एवं कारणहरूबाट प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्काले आरोपित कसुर गरेको हो भनी तथ्य एवं प्रमाणहरूबाट पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादी तिलकबहादुर खड्कालाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अब स.६ प २७४ नं. को मोटरसाइकल लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ बमोजिम जफत गरिनुपर्नेछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन मागबमोजिम जफत गरिनु पर्ने हो वा होइन ? भन्ने सन्दर्भमा विचार गर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांशमा "तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेस गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको प्रस्तुत वारदातमा पनि प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्कालाई सहप्रतिवादी राजेन्द्र राईले नै मोटरसाइकल लिई आफूलाई ढल्केबरमा लिन आउन खबर गरी बोलाएपछि मात्र आफ्नो मोटरसाइकल चढी निज ढल्केबर पुगेका छन् । प्रतिवादी तिलकबहादुर खड्काले आफूले चलाएको मोटरसाइकलमा राखी ढल्केबरबाट उदयपुरको त्रियुगा वडा नं.२ मा आइपुग्दा

प्रहरीले पक्राउ गरी दुवै प्रतिवादीको शरीर खानतलासी गर्दा प्रतिवादीमध्येका राजेन्द्र राईको ज्याकेटबाट मात्र लागु औषध खैरो हेरोइन बरामद भएको अवस्था छ । उक्त बरामदी लागु औषध निज प्रतिवादी राजेन्द्र राईसँग साथमा रहेको तथ्य यी प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्कालाई जानकारी भएको भन्ने कुनै ठोस एवं स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन सकेको अवस्था छैन । यसरी प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्काबाट दशीको लागु औषध बरामद नभएको र साथै सँगै रहेको अर्को प्रतिवादी राजेन्द्र राईको सँग साथ एवं ज्याकेटबाट दशीको लागु औषध बरामद भए तापनि सो लागु औषध निजसँग रहेको भन्ने तथ्य प्रतिवादी तिलकलाई पहिले नै जानकारी भएको र सो लागु औषध खरिद र बिक्री वितरण गर्नमा यी प्रतिवादीको रकम समावेश भएको भन्ने दुवै प्रतिवादी बयान एवं अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन सकेको नदेखिँदा उक्त मोटरसाइकल अवैध लागु औषध खरिद र ओसार पसार गर्ने कार्यमा जानीजानी प्रयोग भएको र यी प्रतिवादीले उक्त मोटरसाइकल सो कार्यमा प्रयोग गरेको भन्न मिलेन । उक्त मोटरसाइकल लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ बमोजिम जफत नगर्ने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने ।

तसर्थ, विवेचित आधार र कारणहरूबाट प्रतिवादी दिनेश भन्ने तिलकबहादुर खड्कालाई सुरू अभियोग मागदाबीबाट सफाइ दिने तथा निजको स.६ प २७४ नं.को मोटरसाइकलसमेत जफत नगर्ने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको मिति २०७४।०६।२९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ
शाखा अधिकृत : सदिक्षा नेपाल
इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम् ।